






# हे रक्किज मन्त्र !

• विदुर खतिवडा

*गोर्खालीको छोरो हुँ म, गोर्खे मेरो नाम....*
*इतिहास पल्टाइहेर या पुर्खालाई सोध*
*जितेकै छौं संसारलाई...*
*वीर वीर वीर गोर्खाली ...*

इन्डियन आइडलको तेस्रो संस्करणका उपाधि विजेता प्रशान्त तामाङले उपाधि हासिल गर्नु केही समयअघि भव्य सांगीतिक कार्यक्रममा यो गीत गाएका थिए । गोर्खालीहरूको सान बढाउने यो गीत जब दार्जीलिङे युवा प्रशान्तको मुखबाट निस्कियो, कार्यक्रम हेरिरहेका विश्वभरका नेपालीहरूले गोर्खाली भएकोमा गर्व गरे । प्रशान्तले आफ्नो पहिलो एकल एल्बम 'धन्यवाद' मा समेत समावेश गरेपछि यो गीतको लोकप्रियता अझ चुलिँदै गयो ।

यो गीतको स्रष्टा दार्जीलिङकै मन्त्र ब्यान्ड हो । सन् १९९९ मा पाँच जना युवाले स्थापित गरेको मन्त्र ब्यान्डले सन् २००३ मा बजारमा ल्याएको एल्बम 'मन्त्र' मा यो गीत समावेश छ । एल्बमले बजार विस्तार राम्रो नभएकाले तत्कालीन अवस्थामा सोचेजस्तो प्रतिफल नपाए पनि यो गीतलाई श्रोताहरूले मन पराएका थिए । केही समयअघि कान्तिपुर एफएमको वार्षिकोत्सव कार्यक्रममा मन्त्र ब्यान्ड यो गीत गाएर बाहिरिने क्रममा प्रतिक्रिया आयो, प्रशान्तको गीत गाएको हो ? प्रशान्तले यो गीत गाइदिएपछि गीतको लोकप्रियता बढेको अवश्य हो, ब्यान्डका संस्थापक तथा लिड गिटारिस्ट प्रज्ञा लामाले साप्ताहिकसँग भने- 'तर हाम्रो गीतलाई हामीले गाउँदा अर्काको गीत गायो भनिदिँदा कता-कता खल्लो महसुस हुँदो रहेछ ।'

प्रसङ्ग अर्को, मेची सीमापारिका नेपाली बस्तीमा सञ्चालित विद्यालयहरूका लागि यो गीत भारतीय राष्ट्रिय गान 'जन गण मन....' भन्दा महत्त्वपूर्ण छ । त्यसैले नेपाली मूलका भारतीयहरूले मन्त्रको यो गीतलाई राष्ट्रिय गानका रूपमा रोजेका छन् । एल्बम वा हाम्रो गायनयात्राले कति सफलता पायो पाएन हामीले मूल्याङ्कन गरेका छैनौं तर यो गीतले भारतीय मूलका नेपालीमा राष्ट्रिय गानको छनक दिनु नै मुख्य कुरा हो, गोपाल योञ्जन तथा कर्म योञ्जनका भान्जा प्रज्ञा भन्छन्- 'यो गीत भारतका नेपालीका लागि प्रिय बनिसकेको छ, नेपालमा बस्ने नेपालीबीच पनि लोकप्रिय छ भन्ने विश्वास राखेका छौं ।'

अध्ययन सकिएपछिको फुर्सदको समयमा प्रज्ञा लामा, प्रभास सुब्बा, विशाल राई मिलेर सन् १९९९ मा स्थापना गरेको मन्त्र ब्यान्डमध्ये यतिखेर ६ जना सदस्य छन् । जसमा ड्रमर विशालले आफ्नै व्यावसायिक व्यस्तताका कारण ब्यान्डबाट बिदा लिएका छन् । ब्यान्ड स्थापना भैसकेपछि चौथो सदस्यका रूपमा भोकलिस्ट भाष्कर देवान ब्यान्डमा समाहित भए । त्यसपछि क्रमशः मनीष थापा, विधान थापा र बिर्जु चौधरी ब्यान्डमा थपिए । गोर्खालीको छोरो गीत गाउने यी गोर्खालीबीच ड्रमर बिर्जु चौधरी पनि आफूलाई गोर्खा भएको बताउँछन् । बंगाली मूलका पिताका सन्तान बिर्जु आफूलाई नेपाली नै भन्न रुचाउँछन् । बिर्जु भन्छन्- 'हाम्रो धेरै पुस्ता दार्जीलिङमै बसेकाले हाम्रो मातृभाषा नै नेपाली भयो, म नेपाली हुँ, त्यही नै लेखिदिनुस् न ।'

रक ब्यान्ड मन्त्रले अहिलेसम्म तीनवटा गीतिसंग्रह बजारमा ल्याइसकेको छ । सन् २००३ मा बजारमा आएको एल्बम मन्त्रका तिमीबिना एकान्तमा र वीर गोर्खाली दुई गीत चर्चामा थिए । भोकलिस्ट भाष्कर देवान भन्छन्- 'त्यसपछि दोस्रो गीतिसंग्रह 'रकयात्रा' को संस्कृति भन्ने गीत चर्चामा थियो ।' गोपाल योञ्जनको रचना रहेको तेस्रो एल्बम 'हिमाली नेपाली' को टाइटल गीत हिमाली नेपाली पनि लोकप्रिय भयो । त्यस्तै सुनील पराजुली र किशोर गुरुङको गीत आकाशैमा चील उड्यो धरतीमा छाया रिमिक्स गीतले पनि पर्याप्त चर्चा पाएको प्रज्ञा बताउँछन् । यतिखेर ब्यान्ड वीर गोर्खाली र सम्झना शीर्षकको दुई गीतको भिडियो बनाउने अभियानमा जुटेको छ । भोकलिस्ट देवान भन्छन्- 'वर्ष २००८ भित्र मन्त्रको अर्को एल्बम पनि श्रोतामाझ आउनेछ ।

दार्जीलिङको चौरस्ताबाट १५ मिनेट वरपर बस्ने ब्यान्डका सबै

पृष्ठ ७ मा जारी



## भारतमा पनि चर्चित

मन्त्र ब्यान्ड नेपाल र नेपालीमाझ मात्र होइन, भारतमै पनि चर्चित छ । भारतका अधिकांश राज्यमा कन्सर्टमार्फत आफ्नो परिचय दिइसकेको यो ब्यान्डले त्यहाँका संगीतप्रेमीमाझ पनि आफ्नो अलग पहिचान कायम गरेको छ । भारतको नयाँदिल्लीमा आयोजित ग्रेट इन्डियन रक फेस्टिवल-२००६ मा भारतभरिका १२ वटा ब्यान्डभित्र छनौट भएर कन्सर्ट गर्ने अवसर यो ब्यान्डले पनि पाएको थियो । रक फेस्टिवलमा भारतका विभिन्न राज्यबाट १२ वटा ब्यान्डलाई छनौट गर्ने क्रममा मन्त्र पनि त्यसमा छानिएको थियो, बेस गिटारिस्ट प्रभास सुब्बा भन्छन्- 'इन्डियन परिवेशमा आफ्नो भिन्नै परिचय स्थापित गर्न त्यो अवसर उपयोगी सावित भयो ।' आफैंले तयार पारेको अंग्रेजी गीत गाउनुपर्ने उक्त कार्यक्रममा मन्त्र सर्वोत्कृष्ट ब्यान्ड बन्न सफल भयो । त्यसपछि भारतका विभिन्न स्थानमा हुने रक कन्सर्टमा मन्त्रलाई निमन्त्रणा आउन थाल्यो । लिड गिटारिस्ट प्रज्ञाका अनुसार अरुणाचल, सिक्किम, नागाल्यान्ड, शिलोङ, मिजोरम, गुवाहाटी, दिल्ली, कोलकाता तथा हिमाञ्चल प्रदेशमा ब्यान्डले कन्सर्ट गरिसकेको छ ।








## दाम्पत्य जीवन र पारदर्शिता

२१ मा



## क्यासेट

### मतिनायाम



संगीतकारद्वय दिलीप संगम तथा राजेन्द्र डंगोलको नेपाल भाषा गीतिसंग्रह 'मतिनायाम' श्रोतामाभm आएको छ। बी एन्ड बी स्टुडियोले बजारमा ल्याएको यो संग्रहमा शब्द रचना विनन्द वैद्य, राजेन्द्र डंगोल र दिलीप संगमको छ। संग्रहमा राजेन्द्र डंगोल, बिजेन श्रेष्ठ, सरस्वती मानन्धर, योगिता मोक्तान, गौतमवीर बज्राचार्य तथा शिलु जोशीको स्वर सुन्न पाइन्छ।

### स



गायिका सन्जना श्रेष्ठको पहिलो एकल गीतिसंग्रह 'स' श्रोतामाभm आएको छ। रियाज म्युजिकले बजारमा ल्याएकोयो संग्रहमा आठवटा गीत समावेश छन्। संग्रहमा शब्द रचना सन्जना श्रेष्ठ, इलेभेन थर्टी बसन, दीपेश मुल्मी, स्वादिन शर्माको छ भने संगीत इलेभेन थर्टी बसन, दीपेश मुल्मी, स्वप्निल शर्मा तथा सन्जना श्रेष्ठको छ।

### रजनीरक्स



गायिका रजनी कायस्थको पहिलो एकल गीतिसंग्रह 'रजनीरक्स' श्रोतामाभm आएको छ। रियाज म्युजिकले बजारमा ल्याएको यो गीतिसंग्रहमा ९ वटा गीत समावेश छन्। सुदीपले रचेका गीतलाई दिवेश मुल्मी र सुशीलले कम्पोज्ड तथा एरेन्ज गरेका छन्। संग्रहका प्रायः गीत रक-पप प्याटर्नका छन्।

## रंगमञ्च

- राजधानी पहिलो पटक एकल गजल वाचन गरेका प्रकट पंगेनी शिवले पोखरामा पनि 'प्रणयमा प्रकट दाइ' शीर्षकमा गजल वाचन गरे। आफ्नो कर्मथलोमा एकल गजल वाचन गर्न पाउँदा पंगेनी प्रफुल्ल देखिन्थे। स्थानीय उद्योग वाणिज्यसँगको सभाकक्षमा उनले प्रेम एवं यौवन विषयमा गजल वाचन गरेका थिए। गजल सन्ध्या पोखराले जुराएको कार्यक्रममा पंगेनीले दुई दर्जन गजल वाचन गरेर सबैलाई मन्त्रमुग्ध तुल्याए। उनका गजल सुन्न तन्नेरीदेखि पाकासम्म दर्शकको उपस्थिति देखिन्थ्यो। गजल सुन्न १ सय रुपैयाँको टिकट काटेर आएकाहरूले उभिएरै भए पनि गजलको स्वाद लिए। उनले अब चाँडै नै चितवन, पर्वत, पाल्पा तथा अन्य स्थानमा पनि सोही कार्यक्रम गर्ने योजना रहेको बताए। कार्यक्रममा गायक विमल पराजुलीले पंगेनीद्वारा रचित केही गीत गाएर मनोरञ्जन प्रदान गरेका छन्।

-प्राध्यापक सञ्जीव उप्रेतीद्वारा लिखित उपन्यास 'घनचक्कर' नाट्यसमूह आरोहण गुरुकुलले मञ्चन गर्दै आएकोमा इन्धन अभावका कारण गत शनिबारदेखि स्थागित भएको छ। गत माघ ९ गतेदेखि पुरानो बानेश्वरस्थित रिमाल थियटरमा मञ्चन हुँदै आएको उक्त नाटक चैत २ गतेसम्म मञ्चन हुने भनिए पनि तेल संकटका कारण स्थागित गर्नुपरेको रंगकर्मी सुनिल पोखरेलले बताए।

-गत फागुन १० गतेदेखि नेपागन्जमा आयोजना गर्ने भनिएको मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रस्तरीय नाटक प्रतियोगिता स्थगित भएको छ। केही दिनयता तराईमा चलिरहेको आन्दोलनका कारण देखाउँदै प्रतियोगिता स्थगित गरिएको आयोजक नेपाल सांस्कृतिक संस्थानले जनाएको छ। तीन दिनसम्म चल्ने भनिएको उक्त नाटक प्रतियोगिता अब कहिले हुने हो केही बताइएको छैन। नाटयकर्मी वीरेन्द्र हमालका अनुसार नेपालगन्जमा बन्द र कफ्र्यु चलिरहेकाले प्रतियोगिता आयोजना गर्न सम्भव थिएन।

## ग्यालरी

-काठमाडौं विश्वविद्यालय कला तथा डिजाइन केन्द्र र गेरिट रिल्भेल्ट एकेडेमी नेदरल्यान्डको संयुक्त आयोजनामा गत साता मन्डिकाटारमा चित्रकला एवं मूर्तिकलाको प्रदर्शनी गरियो। उक्त अवसरमा नेदरल्यान्डस्थित उक्त एकेडेमीका २० जना कला विषयका विद्यार्थी, काठमाडौं विश्वविद्यालयका विद्यार्थीहरूका सिर्जना प्रदर्शन गरिएको थियो। दुई देशका कला र संस्कृतिका विविधतालाई उजागर गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो। नेदरल्यान्डबाट आएको टोली एक महिनासम्म नेपाल बस्नेछ।

-बाग्मती सभ्यता जोगाउने उद्देश्यले २२ जना कलाकर्मीको संयुक्त चित्रकला प्रदर्शनी सम्पन्न भएको छ। फ्रेन्ड्स अफ बाग्मतीको आयोजनामा भएको प्रदर्शनीमा ६६ वटा चित्र प्रदर्शन गरिएका थिए। प्रदूषित बाग्मतीलाई सफा बनाएर विगतको बाग्मती सभ्यता कायम राख्नुपर्छ भन्ने भावका चित्रहरू प्रदर्शनीमा देखिए। प्रदर्शनीमा कलाकारहरू शशि शाह, किरण मानन्धर, एरिना ताम्राकार, ज्यासमिन राजभण्डारी, विनोद प्रधान, कृष्ण मानन्धर, विजय थापा, शान्तकुमार राई, नरेश सुन्दर सैंजू आदिको सहभागिता थियो।

## पुस्तक

### बालसंसार

विश्वनाथ योञ्जनद्वारा रचना गरिएका बालगीतहरूको सँगालो 'बालसंसार' लाई विश्वमैत्री विकास संगठन नेपालले प्रकाशमा ल्याएको हो। प्रस्तुत पुस्तकमा परेका कविताहरूलाई कल्साङ वाङचुकले अंग्रेजीमा गरेको अनुवाद पनि समेटिएको छ। पुस्तकको मूल्य १५ रुपैयाँ मात्र छ।

### सूत्र-मंगल-धुन

कवि परिहासले रचना गरेका ६५ वटा नेपाली गजलको संग्रह 'सूत्र-मंगल-धुन' यासोक, पाँचथरको कुम्मायक कुस्सायक क्लबले प्रकाशित गरेको हो। ७५ रुपैयाँ मूल्यको यो गजल-संग्रह गजल साहित्यका पारखिहरूका लागि पठनीय छ।

## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

सुरुमा समय प्रतिकूल रहनेछ। स्वास्थ्य गडबड हुन सक्छ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। कुरा काट्नेहरू सक्रिय रहनेछन्। मंगलबारदेखि मानसम्मान एवं काममा सफलता मिल्ने तथा व्यवसायमा लाभ हुने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### सिंह

काम गर्दा सतर्क रहनुहोला। मन चञ्चल हुनेछ। विश्वास गरेकाहरूले धोका दिनेछन्। गलत विचार बढ्नाले काममा अवरोध आउन सक्छ। व्यवसायमा अवरोध आउनुका साथै पति-पत्नीबीच मतभेद हुनसक्छ। मंगलबार धन आर्जन गर्न सकिनेछ। व्यवसायमा सुधार आउनेछ। भेटघाटमा प्रसन्नता बढ्नेछ। बौद्धिक कार्यबाट लाभ प्राप्त होला।

### धनु

अनावश्यक खर्चले मन चिन्तित गराउला। काममा अवरोध आउनेछ। घरेलु समस्या बढ्न सक्छ। झूटा आरोप लाग्ने सम्भावना छ। आइतबार, सोमबार तथा बिहीबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भोजभतेरमा संलग्न हुने अवसर प्राप्त होला। यात्रा हुने योग छ। अरूबाट सहयोग पनि पाउनुहोला।

### वृष

व्यवसाय बढ्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। भेटघाट कार्यक्रमहरूमा मन प्रसन्न रहनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मान-सम्मान पनि पाउनुहोला। अरूको विश्वास जित्न सकिनेछ। आइतबार, सोमबार, मंगलबार तथा बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ।

### कन्या

पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन हुन सक्छ। व्यवसायमा लाभ हुनेछ। मान-सम्मान पनि मिल्नेछ। घरेलु समस्याले सताउने भएकाले काम गर्दा घरबाहिरै रहनु उचित होला। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। सफलताका लागि संयमित रहनुहोला। कसैप्रति विश्वास गरिहाल्नु उचित देखिँदैन।

### मकर

आम्दानीको नयाँ स्रोत फेला पर्नेछ। काममा सफलता एवं मान-सम्मान पाइने योग छ। अरूबाट सहयोग पनि पाउनुहोला। व्यवसायमा लाभ मिल्नेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। ठूला व्यक्तिले सहयोग गर्नेछन्। भाग्यले साथ दिनेछ। अध्ययनमा सफलता देखिन्छ। आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### मिथुन

परिश्रम गर्नुपरे पनि धन आर्जन गर्ने अवसर जुट्नेछ। काममा सफलता पाइनेछ। व्यवसायमा सुधार आउने तथा रमाइलो यात्रा हुने देखिन्छ। भेटघाटमा रमाउने बेला छ। मंगलबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। गलत विचारले सताउन सक्छ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ।

### तुला

ग्रहगोचर राम्रा छन्। पराक्रम बढ्नेछ। सानै प्रयासले ठूलो काममा सफलता मिल्नेछ। लाभदायी यात्रा गर्ने अवसर जुट्नेछ। व्यवसायमा सफलता प्राप्त होला। अरूको विश्वास पनि जित्न सकिनेछ। शत्रु बढ्ने हुँदा सोचेर काम गर्नु उचित हुन्छ। अरूको भरोसामा काम गर्नु उचित देखिंदैन।

### कुम्भ

मान-सम्मान मिल्नेछ। अरूको विश्वास जित्न सकिनेछ। पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा सुधार आउनेछ। भेटघाटमा प्रसन्नता बढ्ने योग भए पनि मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्नुका साथै झूटा आरोप पनि लाग्नसक्छ।

### कर्कट

गलत विचार बढ्ने तथा मन चिन्तित रहने देखिन्छ। समयमा निर्णय नहुँदा हात परेको काम फुत्कन सक्छ। चोटपटक पनि लाग्नसक्छ। नैराश्यता एवं उदासीनता बढ्नेछ। मंगलबारदेखि मान-सम्मान एवं काममा सफलता मिल्ने, व्यवसाय बढ्ने तथा यात्रा हुने योग छ। धन आर्जन हुन सक्छ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्।

### वृश्चिक

साताको सुरुमा मान बढ्नेछ। मन दुविधाग्रस्त हुनसक्छ। स्वास्थ्य गडबड रहने योग भए पनि लगनशीलता एवं इमान्दारीताले आफ्नो लक्ष प्राप्त गर्ने उत्साह प्रदान गर्नेछ। व्यवसाय बढ्ने क्रम यथावत् रहनेछ। अध्ययनमा सफलता पाउनुहोला। आइतबार, सोमबार तथा बिहीबार काममा अवरोध आउने, स्वास्थ्य गडबड रहने एवं चिन्ता बढ्ने योग छ।

### मीन

नैराश्यता एवं उदासीनता बढे पनि शनिबारदेखि काममा सुधार आउनेछ। अध्ययनमा सफलता मिल्नेछ। सोच्ने शक्ति बढ्नेछ। धन आर्जन पनि होला। व्यवसायमा सफलता मिल्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। अरूबाट सहयोग पाउनुहोला। तपाईंमाथि महत्त्वपूर्ण जिम्मेवारी आउन सक्छ। कीर्तिमान कायम गरेर अरूलाई आकर्षित गर्नुहोला।

### यो साताको पञ्चाङ्ग

फागुन २० गते : एकादशी, २३ गते : महाशिवरात्रि

## साता संक्षेप

**फागुन १० गते शुक्रबार**

• राजधानीमा दातृ निकायको परामर्श बैठक, आर्थिक विकासलाई प्राथमिकतामा राख्न सरकारलाई सुझाव ।

• पूर्वमन्त्री नारायणसिंह पुनको निधन ।

• सरकार तथा संयुक्त मधेसी मोर्चाबीचको वार्ता बिनानिष्कर्ष टुङ्गियो, भारतीय राजदूतावासमा कांग्रेस तथा संयुक्त मधेसी मोर्चाबीच भएको वार्ताको विरोध ।

**फागुन ११ गते शनिबार**

• काठमाडौंमा ५४ ट्याङ्कर तेल भित्रियो, तेल नपाएको विरोधमा ठाउँ-ठाउँमा विद्यार्थीद्वारा विरोध प्रदर्शन ।

• नेपाली कांग्रेस तथा नेकपा (एमाले) द्वारा प्रत्यक्ष निर्वाचनअन्तर्गतको उम्मेदवारको घोषणा, कार्यकर्ताहरूद्वारा टिकट वितरणमा अनियमितता भएको भन्दै असन्तुष्टि व्यक्त ।

• संयुक्त मधेसी मोर्चाद्वारा जेठमा संविधानसभाको निर्वाचन सार्न आग्रह, सात दलद्वारा निर्वाचन सार्न नसक्ने जानकारी ।

**फागुन १२ गते आइतबार**

• संयुक्त मधेसी मोर्चाले राखेका ६ बुँदे मागका सम्बन्धमा सात दलको साझा धारणा सार्वजनिक, समग्र मधेस– एक प्रदेशबाहेक सबै माग पूरा गर्नुपर्ने सात दलको धारणा ।

• समग्र मधेस– एक प्रदेशमा सम्झौता नगर्न थारू राष्ट्रिय मोर्चाको दबाब, विरोधमा पश्चिम नेपाल बन्द ।

• तराईमा आन्दोलनरत समूहलाई सरकारले दमन गरेको भन्दै सत्तारूढ दलकै सांसदहरूद्वारा विरोध ।

**फागुन १३ गते सोमबार**

• राजधानीको पेट्रोलियम सङ्कट टार्न जोर-बिजोर प्रणालीबाट तेल वितरण गरिने, विभिन्न पेट्रोलपम्पमा भिन्न-भिन्न नियम लागू ।

• आन्दोलनरत दलका कार्यकर्ताद्वारा बाराको कलैयामा रहेको निर्वाचन कार्यालयमा आगजनी, निर्वाचनसँग सम्बन्धित कागजात जले ।

**फागुन १४ मंगलबार**

• देशका ७५ जिल्लाका २ सय ४० स्थानमा उम्मेदवारी दर्ता, आन्दोलनरत दलले उम्मेदवारी दिएनन् ।

• देशका विभिन्न स्थानमा भएको सडक दुर्घटनामा पाँचको मृत्यु ।

• सप्तरीमा प्रहरीको गोली लागी एक जनाको मृत्यु, तराई जनतान्त्रिक मुक्तिमोर्चाद्वारा एक प्रहरी हवल्दारको हत्या ।

**फागुन १५ गते बुधबार**

• नवलपरासी, सुनसरी, सप्तरी तथा बारामा कर्फ्यु जारी, नवलपरासीमा प्रदर्शनकारीमाथि गोली प्रहार गर्दा एक व्यक्तिको मृत्यु ।

• काठमाडौंमा व्यवसायी शशिकान्त अग्रवालमाथि गोली प्रहार, सुरक्षाको माग गर्दै व्यवसायीहरूद्वारा प्रदर्शन ।

• जनकपुरमा कांग्रेसका महामन्त्री विमलेन्द्र निधिको घरमा ढुंगामुढा, पूर्वगृहराज्यमन्त्री देवेन्द्रराज कँडेलको घरमा आगजनी ।

• भुटानी शरणार्थीको मुद्दा भारतीय संसद्मा पुग्यो, आगामी सेसनमा छलफल हुने भुटानी नेताहरूको दाबी ।

### संविधानसभा निर्वाचन गतिविधि तीव्र

# आन्दोलनरत दलहरू पनि भाग लिने

केही समयअघिसम्म अनिश्चित रहेको संविधानसभा निर्वाचन राजनैतिक दलका सार्वजनिक कार्यक्रमसँगै सफलतातर्फ जाने संकेत देखिएको छ । फागुन १ गतेदेखि संयुक्त मधेसी मोर्चा, असन्तुष्ट लिम्बुवान् समूह तथा माओवादीसँग छुट्टिएको स्वतन्त्र थारूवान् समूहले भिन्दाभिन्दै आन्दोलनको घोषणा गरेपछि तेस्रो पटक पनि संविधानसभा निर्वाचन सर्न सक्ने अनुमान गरिएको थियो ।

संयुक्त मधेसी मोर्चाको सम्पूर्ण मधेस एक प्रदेशको मागको विरोधमा थारूवान्ले अगाडि सारेको आफ्ना विरोधका कार्यक्रम फिर्ता गर्ने घोषणा गऱ्यो । थारू समूहले संगठित भएर सम्पूर्ण मधेस एक प्रदेशको मागको विरोध गरेर आफ्नो असन्तुष्टि व्यक्त गर्दै आएको थियो । यसले थारूहरूको बाहुल्य भएको पश्चिम नेपालको जनजीवन सामान्य बन्न थाल्यो । यता पूर्वी पहाडी जिल्लामा विरोधका कार्यक्रम सञ्चालन गर्दै आएको लिम्बुवान्ले नागरिक समाजको आग्रहमा आफ्ना कार्यक्रमलाई खुकुलो बनायो । त्यस लगत्तै निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यक्रमहरूमा सैंतीस दलहरूले बन्द सूची पेस गरेपछि निर्वाचनको वातावरण बन्न थाल्यो ।

फागुन १२ मा प्रत्यक्ष निर्वाचन प्रणालीको कार्यक्रममा देशभरिका निर्वाचन क्षेत्रमा मनोनयन पत्र दाखिला भएपछि निर्वाचन गतिविधिमा तीव्रता देखियो । उक्त कार्यक्रममा दलहरूका तर्फबाट १ हजार ६ सय ९८ व्यक्तिले उम्मेद्वार दिए भने झण्डै ५ सय व्यक्तिले स्वतन्त्र उमेद्वारी दिएर निर्वाचनको वातावरण तयार गरे । यसले आन्दोलनरत संयुक्त मधेसी मोर्चालाई सरकारसँगको वार्तामा सहमतिमा पुग्न दबाब पऱ्यो । यो दबाबसँगै मधेसमा आन्दोलनरत समूहमा जनसहभागिता पनि कम हुन थालेको विश्लेषण स्वयं आन्दोलनरत दलले गरे । यसले सरकारसँग पटक-पटक वार्ता भएर पनि निष्कर्षमा पुग्न नसकेको वार्ताले आशातीत परिणाम देखाउने लक्षण देखायो ।

यो समाचार तयार पार्दासम्म सरकार तथा संयुक्त मधेसी मोर्चाको वार्ता सम्पन्न भएको छ । वार्तामा मधेसवादी दलहरूलाई निर्वाचनमा भाग लिन निर्वाचन कार्यक्रमका केही तालिकामा थपघट गर्ने, मधेसमा संयुक्त मोर्चाका उमेद्वारलाई निर्वाचनमा भाग लिन प्रचार-प्रसारको समय दिने तथा निर्वाचन समयमै सम्पन्न गर्न सबैबाट पहल हुने आदि कुरामा सहमति भएको जनाइएको छ । संयुक्त मधेसी मोर्चाका छवटा मागमध्ये समग्र मधेस एक प्रदेश बाहेक सबैजसो मागलाई सम्बोधन गरिएको गृहमन्त्री कृष्णप्रसाद सिटौलाले बताएका छन् । यसबाट आन्दोलनरत दलहरू पनि निर्वाचनमा भाग लिने वातावरण बनेको बताइएको छ । यसअघि मधेसी जनअधिकार फोरमका संयोजक उपेन्द्र यादवले निर्वाचनको मिति सार्ने प्रस्ताव गरेपछि सोमबार मध्यरातमा भएको वार्ता बिनानिष्कर्ष टुङ्गिएको थियो ।

यद्यपि सरकारले वार्ताको ढोका खुलै राखेर निर्वाचनका कार्यक्रमअघि बढाउने नीति सार्वजनिक गरेको थियो । यो नीतिसँगै संयुक्त मधेसी मोर्चाको बैठकले निर्वाचनलाई बाधा नपुऱ्याई आन्दोलन तथा वार्ता दुईवटै बाटोबाट आफ्ना माग पूरा गराउने रणनीति लिएको थियो । यो रणनीतिसँगै मधेसमा आन्दोलन तथा काठमाडौंमा वार्ता सँगसँगै अघि बढेका थिए ।

१६ दिनसम्म चलेको मधेस आन्दोलनमा ८ जना व्यक्तिको मृत्यु, करोडौं रुपैयाँको क्षति तथा समग्र तराईको जनजीवन प्रभावित भएको छ । आन्दोलनले पहाडी जिल्लामा खाद्यान्न तथा इन्धनको आपूर्तिमा बाधा पुऱ्याएको छ भने काठमाडौं उपत्यकाको जनजीवन पनि प्रभावित तुल्याएको छ । उपत्यकामा खाद्यान्नको भाउ बढेको छ भने पेट्रोलियम पदार्थको आयातमा बाधा उत्पन्न भएपछि काठमाडौंमा आधाभन्दा कम सवारी साधन चलेका छन् । उपत्यकामा जनजीवन अस्तव्यस्त भएपछि उपभोक्ताहरू आन्दोलित भएका छन् ।

संयुक्त मधेसी मोर्चा तथा सरकारबीचको वार्ता सकारात्मक दिशामा उन्मुख भएपछि यो स्थितिको चाँडै अन्त्य हुने आश्वासन गृहमन्त्रीले दिएका छन् । यसले निर्वाचनको वातावरण बन्ने मात्र होइन, तराई तथा पहाडले भोग्दै आएका तत्कालीन समस्याहरूको समाधान निस्कने विश्वास पनि गृहमन्त्रीको छ । गृहमन्त्री सिटौलाले संयुक्त मधेसी मोर्चासँगको वार्तामा मुख्य भूमिका खेल्दै आएका छन् । पछिल्लो वार्तामा सिटौलासहित नेकपा (एमाले) का नेता झलनाथ खनाल, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, डा. शेखर कोइराला तथा माओवादी नेता रामबहादुर थापा 'बादल' पनि सहभागी थिए ।

सबै नेताले संयुक्त मधेसी मोर्चाका नेताहरू निर्वाचनमा सहभागी हुने विश्वास गरेका छन् । यद्यपि मोर्चाका नेताहरूले भने सरकारसँगको वार्तामा अझै केही कुरा मिल्न बाँकी रहेको प्रतिक्रिया दिएका छन् । स्रोतका अनुसार संयुक्त मधेसी मोर्चाका बीचमा वार्ताका विषयलाई लिएर केही विवाद उत्पन्न भएको छ । तराई-मधेस लोकतान्त्रिक पार्टी निर्वाचनमा भाग लिन सहमत भएको छ भने मधेसी जनअधिकार फोरम संविधान संशोधन गरेर आफ्ना मागलाई अन्तरिम संविधानमा उल्लेख गर्नुपर्ने अडानमा छ । यद्यपि फोरमका नेताहरूलाई तराई मधेस लोकतान्त्रिक पार्टीले पाएको उपलब्धिको रक्षा गर्नुपर्ने कुरामा सहमत बनाएको बताइन्छ ।

**दलभित्र बढ्यो चुनौती**

सरकार सञ्चालन गरिरहेका सात दलभित्र मधेस आन्दोलन तथा निर्वाचनमा देखिएका विवाद एकै पटक मिलाउने चुनौती थपिएको छ । विशेषगरी तीनवटा मुख्य दल मधेस आन्दोलनका सम्बन्धमा एउटै धारणा बनाउन बाध्य भएका छन् । पहिलो अन्तरिम संविधान लागू भएको दिनदेखि नै मधेस आन्दोलन सुरु भएको थियो । आन्दोलन बढ्दै गएपछि यी

पृष्ठ ५ मा जारी

## सम्पादकीय

# अबको तयारी

कुनै विघ्नबाधा आएन वा राजनैतिक तगारो तेर्सिएन भने आजका मितिले ४० दिनपछि नेपाली जनता संविधानसभाको निर्वाचन गर्न मतदानका लागि लामबद्ध भैरहेका हुनेछन्। सबैजसो तटस्थ विद्वान् तथा राजनैतिक दलहरूले भन्दै आएको नेपाल र नेपाली जनताको भाग्य निर्धारण गर्ने संविधानसभाको निर्वाचन निर्विघ्न सम्पन्न गराउनु निर्वाचन आयोग र सरकारको मात्र नभै हामी सबै नेपालीको साझा जिम्मेवारी हो। हामीलाई नयाँ युगमा प्रवेश गराउने संविधानसभाका लागि योग्य र कर्मठ सभासद चुन्नु सबै नेपालीको दायित्व हो। राजनैतिक दलहरूका विभिन्न किसिमका घोषणा तथा नाराहरूलाई केलाएर कुन सही हो, कुन गलत हो भन्ने छनौट हामी आफैंले गर्नुपर्छ। त्यसो हुन सक्यो भने मात्र संविधानसभामा योग्य र मेहनती सभासदहरू पुग्न सक्छन्। त्यसका लागि हामी मतदाताले आजैदेखि आफ्नो राजनैतिक आस्था, आर्थिक तथा सामाजिक स्वतन्त्रताको मियोका आधारमा संविधानसभाका लागि सभासदहरू चुन्ने तयारी गर्नुपर्छ। हाम्रो जस्तो पिछडिएको समाजमा जनताको मतलाई आफ्नो पक्षमा पार्न राजनैतिक दलहरूले पनि अनेक किसिमका लोभ–लालच, डर–त्रास देखाएर निर्वाचन अभियानलाई अगाडि बढाउने प्रयत्न गर्छन्। यस्तो अवस्थामा हामी मतदाता आफैं जागरूक हुनुपर्छ। कुन सुन हो, कुन पित्तल हो हामी आफैंले छुटयाउनुपर्छ। तसर्थ संविधानसभाको निर्वाचनका लागि अबको तयारी भनेको योग्य सभासद छान्नका लागि हुनुपर्छ।

संविधानसभाको निर्वाचनमा जनताको हक र अधिकारका पक्षमा लड्दै आएका राजनैतिक दलहरूले पनि एक–अर्कालाई हिलो छ्याप्ने, होच्याउने वा प्रतिद्वन्द्वी राजनैतिक दलका नेता तथा कार्यकर्तालाई मतदातासम्म पुग्नै नदिनेजस्ता कार्य गर्नु हुँदैन। कुनै राजनैतिक दलविशेषले कुनै खास क्षेत्र आफ्नो कब्जा वा पकडमा छ भन्ने दम्भका आधारमा अरू राजनैतिक दलको अस्तित्वलाई अस्वीकार गर्ने किसिमका व्यवहारहरू प्रदर्शन गरियो भने त्यो पनि संविधानसभाको निर्वाचनलाई बिथोल्ने कारक बन्नेछ। कुनै पनि राजनैतिक दलले जनताको अभिमतलाई आफ्नो राजनैतिक पूँजीका रूपमा स्वीकार गर्दै सबै किसिमका राजनैतिक विचारहरूलाई जनताको घरदैलोसम्म पुग्ने वातावरण निर्माण हुनुपर्छ। यस्तो वातावरणले मात्र संविधानसभामार्फत नेपाली जनताले समावेशी समाजको निर्माण गर्ने उच्चतम अभिभारा आफ्ना प्रतिनिधिहरूलाई सुम्पन्न सक्नेछन्। हाम्रा सबै राजनैतिक दलले एक–अर्काको विचार र भावनालाई सम्मान दिन सके भने मात्र संविधानसभामा नेपाली जनताले चाहेको जस्तो राजनैतिक आस्थाले स्थान पाउनेछ। अन्यथा कुनै खास राजनैतिक दलले सिर्जना गरेको अवरोधको सिकार कुनै राजनैतिक दलविशेष नभै नेपाली जनता स्वयं हुनेछन्। यो कुरा संविधानसभा निर्वाचनमा गैसकेका सबै राजनैतिक दलले आत्मसात गर्नुपर्छ। त्यसो भयो भने मात्र नेपाली जनताको अभिमतले सार्थकता पाउनेछ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### बिदेसिएका युवा

अहिले देशमा शान्तिको अनुभूति भैरहेको छ। दल-माओवादीको सम्झौता अनुसार संविधानसभाको चुनाव हुने भएको छ। जसलाई सफल बनाउन सबै पक्ष जुटिरहेका छन् तर अपसोच देशलाई धान्ने बलिया खम्बा मानिने करिब २० लाख युवा बिदेसिएका छन्। उनीहरू संविधानसभाको चुनावमा भाग लिनबाट वञ्चित हुने अवस्था छ। अहिले देशको पाँच भागको एक भाग जनता विदेशिएको अवस्था छ। उनीहरूलाई संविधानसभामा सहभागी गराउन के गर्नुपर्छ ? सरकारले त्यसतर्फ सोच्नु आवश्यक छ।

**–टीकाराम अर्याल, स्याङ्जा**

### नारीको भूमिका

जहाँ नारी त्यहाँ पुरुष। नारीबिनाको संसार अधूरो हुन्छ। कुनै घरभित्र चुरा बजेन भने त्यो घरमा नारी नभएको महसुस हुन्छ। पौराणिक ऋषि-मुनिहरूका पालादेखि नै नारी महत्त्वका बारेमा चर्चा हुँदै आएको छ। हाम्रो समाजमा पुरुषहरूले पनि नारीको सम्मान गर्न सिक्नुपर्छ। 'यत्र नार्यस्तु पूज्यन्ते, रमन्ते तत्र देवता' अर्थात् जहाँ नारीको पूजा हुन्छ त्यहाँ देवता पनि रमाउँछन्।

पुरुषप्रधान देशमा महिलाहरूको कुरालाई त्यति प्राथमिकता दिइँदैन। त्यसैले महिलाहरू पुस्तौंदेखि पुरुषको थिचोमिचोमा पर्दै आएको कुरालाई नकार्न सकिँदैन। नारीलाई जुनसुकै क्षेत्रमा पनि पछाडि पार्न खोजिन्छ। नारी त केवल चुल्हा-चौकामा मात्र सीमित हुनुपर्छ भन्ने मान्यता राखिन्छ। नारीको त्यति वास्ता गरिँदैन। नारी केवल भोग्या मात्र नभएको कुरा पुरुषले बुझ्नुपर्छ। नारीबिना सृष्टि सम्भव हुँदैन। नारी पृथ्वी हुन्। त्यसैले उनले धेरै झन्झट बेहोर्नुपर्छ। पृथ्वीलाई सबैले कुल्चिए पनि उनले सहन्छिन्। नारीमा सहन सक्ने धैर्य हुन्छ। नारीको कदर गर्ने मानिसले देवीको दर्शन प्राप्त गर्छ। नारीलाई देवीको प्रतीक मानी सम्मान गर्ने चलन चलाउनु अनिवार्य हुन्छ। यद्यपि हाम्रो समाजले यो प्रचलनलाई हृदय खोलेर स्वागत गर्न चाहँदैन। नारीलाई केवल हेपाहा दृष्टिले मात्र हेरिन्छ।

सहरिया नारीको आनिबानी हेरेर मखख पर्ने हो भने ग्रामीण स्तरका नारीहरू स्वतः ओझेलमा पर्छन्। ग्रामीण नारीहरूलाई काममा यति जोताइन्छ जसको वर्णन गरेर साध्य हुँदैन। नारीलाई आफ्नै घर-परिवारका मानिसले पनि नोकरको जस्तो व्यवहार गरेको देख्न पाइन्छ। नारी पुरुषकी अर्धाङ्गिनी हुनुका साथै जीवनसाथी पनि हुन्। त्यसैले नारीसँग पुरुषले कहिल्यै खेलवाड गर्नुहुँदैन। दुवैमा समझदारी हुनुपर्छ। पति-पत्नी बनेका दिनदेखि जीवनको अन्त्यसम्म मेलमिलाप कायम रहनुपर्छ। यति गरे व्यावहारिक पक्षमा कुनै किसिमको अवरोध उत्पन्न हुन पाउँदैन। समग्रमा भन्नुपर्दा पुरुषभन्दा नारीको व्यावहारिक पक्ष दरिलो र कसिलो हुन्छ। पुरुषले आफ्नी श्रीमतीसँग पनि सल्लाह-सुझाव लिनुपर्छ। अनुमति लिएर गरिएको काम असफल भयो भने पनि त्यहाँ कुनै किसिमको अवरोध उपन्न हुन पाउँदैन।

आजका नारी २१ औं शताब्दीका नारी हुन्। सत्य, त्रेता, द्वापर युगका नारीलाई जस्तै आजका नारीसँग संकीर्ण व्यवहार गर्नुहुँदैन। आजका नारी सगरमाथा मात्र होइन चन्द्रमामा सयर गर्ने नारी हुन्। समान दृष्टि एवं व्यवहारमा पुरुष र नारी भन्ने भेदभाव हुँदैन। पुरुषले गर्ने काम नारीलाई जिम्मा दिँदा फरक पर्दैन। नारीहरू योग्य भए पुरुषमा त्यसै हौसला प्राप्त हुन्छ। आजका नारीमा शैक्षिक चेतना तीव्र छ। आज नारीले आफ्नो आवाज निर्धक्कसँग राख्न पाएका छन्। अब यो वा त्यो भन्ने जमाना छैन, जसले जहाँ जसरी सहयोग गर्न सकिन्छ त्यसरी नै सहयोग गर्नुपर्छ।

पुरुषभन्दा नारी गम्भीर गहना हुन् भन्ने कुरा आजका पुरुषले बुझ्नुपर्छ। शालीन नारी स्वभावैले गम्भीर हुन्छन्। शालीन स्वभाव भन्नु नै प्राकृतिक स्वभाव हो। नारीमा यो स्वभाव नभए कुनै अर्थ नै रहने थिएन। नारीका बारेमा जसले जेजस्ता कुरा गरे पनि आखिर दोषी पुरुष नै हुन्छ। नारीमा अपगुणभन्दा गुण धेरै पाइन्छन्। नारीको मनमा कोमलता हुन्छ यही कोमलताले उसलाई नजिकैबाट चिन्न सकिन्छ। व्यावहारिक काम गर्दागर्दै केही बाधा-अवरोध उत्पन्न भए पनि पुरुषले नारीलाई दोषी देखाउने गरेका छन्। यो आडम्बर हो। आपसी समझदारीको खाँचो भन्नु नै यही खाँचो हो। नारी जति संवेदनशील बन्छिन् पुरुष त्यति मात्रामा बन्न सक्दैनन्। जिम्मेवार पुरुषले नारीको सहयोगको खाँचोलाई सधैं साथ लिएर हिँड्नुपर्छ। यही नै सच्चा पुरुषको कर्तव्य पनि हो।

नारीप्रति गरिने हेपाहा प्रवृत्तिको विकास सहरी इलाकामा नहुन सक्छ तर ग्रामीण क्षेत्रमा यसले बढी प्रश्रय पाएको छ। त्यसैले ग्रामीण दिदीबहिनीहरूले कष्टकर जीवन गुजारिरहेका छन्। पुरुषले सधैं आफूलाई नारीभन्दा एक स्तर माथि राख्न खोज्छन्। यसैलाई पुरुषको नारीप्रति गरिने हेपाहा प्रवृत्ति भनिन्छ।

नारीबिना पुरुषको कुनै पनि कार्य सफल मानिँदैन। नेपाल पुरुषप्रधान देश भए पनि नारी भूमिकामा भने ठूलै देखिन्छ। आजका नारीमा जिम्मेवारी धेरै छ। नारी कठिनभन्दा पनि कठिन कार्यमा सरिक हुन चाहन्छन्। नारीमा आफ्नो घर-परिवारदेखि लिएर राष्ट्रलाई कसरी सबल र समुन्नत बनाउने भन्ने चिन्तन पुरुषमा भन्दा नारीमा बढी पाइन्छ। नारी भूमिकाको मूल्यांकन गर्ने हो भने यसलाई सहज रूपले लिन सकिँदैन।

**– कमला ज्ञवाली**

## तीतो सत्य

• छलकपटको काम भनेको भेल-बाढीजस्तै हो जो धेरै टिक्दैन।

• ज्ञान बटुल्नु मात्र उचित हुँदैन, जति बटुलिन्छ त्यति नै बाँड्यो भने कल्याण हुन्छ।

**विष्णु उलक**

• मानिस जे छ त्यो हुनुमा डराउँछ, जे छैन त्यो देखाउन प्रयत्नशील रहन्छ।

• हामी सधैं बाँच्ने तयारी गरिरहन्छौं तर बाँच्न कहिल्यै सक्दैनौं।

**तोरण गुरुङ, पोखरा**

• सुवास दिने फूल हजारौं काडाँबीच फुल्छ।

• मायालाई देख्न सकिँदैन तर यसलाई लुकाउन पनि सकिँदैन।

• जीवन गीत हो भने माया संगीत हो।

• विश्वास गर्नु राम्रो हो अति विश्वास गर्नु खराब।

• गुरुले भनेको गर तर गुरुले गरेको जस्तो नगर।

**अनिल श्रेष्ठ, भिमान**

• कठोर वाणी आगोले पोलेको भन्दा पनि दुःखदायी हुन्छ।

• जीवनमा सफल हुन शत्रुका साथै माया गर्ने मायालुको पनि उत्तिकै आवश्यकता हुन्छ।

**शशिकान्तकुमार गुप्ता**

• कल्पना आनन्दको समय हो जसलाई जता मोडे पनि हुन्छ।

• गरेर सोच्नुभन्दा सोचेर गर।

• प्रेम एक वृक्ष हो जुन जति काट्यो उति पलाउँछ।

• मानिसले जति छिटो माफी माग्छन् त्योभन्दा पनि छिटो गल्ती गरिरहेका हुन्छ।

**टीकाराम अर्याल, गल्कोट, स्याङ्जा**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

**–सम्पादक**

## नीति नियम

लोग्ने मरेपछि महिलाले धर्म अनुसार जीवन व्यतित गर्न चाहे वा पुनर्विवाह गर्ने विचार नगरे ती महिलालाई पूरा मात्रामा स्त्रीधन प्रदान गर्नुपर्छ। स्त्रीधन लिइसकेपछि फेरि विवाह गर्ने निश्चय गरे उसलाई दिएको धन फिर्ता लिनुपर्छ। यदि कुनै महिलाले आफ्ना ससुराको इच्छा विपरीत विवाह गर्न चाहन्छिन् भने ससुरा तथा पतिलाई दिएको दाइजो फिर्ता लिने उनलाई अधिकार हुँदैन। पुनर्विवाह गर्ने महिलाले आफ्ना लोग्नेको कुनै अंश भाग लिन सक्दिनन्। छोरा भएकी विधवाले पुनः विवाह गर्न खोजिन् भने उनले पनि स्त्रीधन प्राप्त गर्न सक्दिनन् किनकि धनको अधिकारी उनकै छोरा हो।


पुत्रहीन विधवा महिलाले पतिव्रत धर्म पालन गरी कुनै पुज्य मानिसको छेउ रहेर आफ्नो स्त्रीधनको आयुपर्यन्त भोग गर्न सक्छिन्। विधवाको मृत्युपछि स्त्रीधन उत्ताराधिकारीलाई प्राप्त हुन्छ। लोग्ने जीवित हुँदै श्रीमती मरे सर्वप्रथम उसकी छोरी उत्तराधिकारी हुन्छे त्यसपछि मात्र छोरा। यदि सन्तान छैनन् भने स्त्रीधनको अधिकारी उनको लोग्ने हुन्छ। यदि सन्तान भएनन् भने उनको लोग्नेले करिब ८ वर्षसम्म प्रतीक्षा गर्नुपर्छ।

यदि कसैलाई सधैं मरेको शिशु मात्र पैदा हुन्छ भने दस वर्षसम्म र कसैलाई छोरी-छोरी मात्र जन्मन्छन् भने बाह्र वर्षसम्म प्रतीक्षा गर्नुपर्छ र त्यसपछि मात्र दोस्रो विवाह गर्नुपर्छ। दोस्रो विवाह गरेबापत जेठी श्रीमतीलाई केही सम्पत्ति दिनुपर्छ।

-कौटिल्यको अर्थशास्त्र

अनुवाद : रामहरि बन्जारा

## साइबर गर्ल



# रश्मि केसी

सधैं सकारात्मक सोच राख्नुपर्छ भन्ने रश्मि केसीले मिस नेपाल-२००७ मा सहभागिता जनाएकी थिइन्। बीबीएस दोस्रो वर्षमा अध्ययनरत रश्मिको उचाइ ५ फिट ७ इन्च छ। नेपाली साइट डटकमका लागि फोटोसेसन गरेकी रश्मि काठमाडौंकी बासिन्दा हुन्। संगीत र स्विमिङमा रुचि राख्ने रश्मि नेपाली संगीतमा म्याड जोनकी फ्यान हुन्। घुम्न जान पाए लन्डनलाई पहिलो रोजाइमा राख्ने केसी ह्याङ्ग आउटका लागि पोखरा उत्तम स्थान भएको बताउँछिन्। परिकारमा उनलाई मम मन पर्छ। स्थापित मोडल बन्ने महत्त्वाकांक्षा राखेकी रश्मि अन्तर्राष्ट्रिय फेसन मोडल 'रोजम्यारी' लाई आफ्नो आदर्श मान्छिन्। रश्मि भन्छिन्- 'नेपाली फेसन उद्योग पनि विकासको बाटोमा रहेकाले यो क्षेत्रमा पनि क्यारियर विकास गर्ने सम्भावना बढ्दै छ।' इमान्दारितालाई मानिसको वास्तविक सुन्दरता मान्ने रश्मि सहयोगी व्यवहार गर्ने तथा समझदार मानिसहरूलाई मन पराउँछिन्।

सहर चर्चा



# पुरस्कृत फोटो पत्रकार

पोखरामा क्रिकेट मैदानको अभाव देखाउन फोटोपत्रकार सुदर्शन रञ्जितले माछापुच्छ्रेलाई पृष्ठभूमि बनाएर ढुङ्गे गेगरमा बालबालिकाहरूले क्रिकेटर खेलेको तस्बिर आफ्नो क्यामेरामा कैद गरेका थिए। उक्त तस्बिर कान्तिपुर दैनिकमा गएको मंसिर २२ गते अन्तिम पृष्ठमा छापिएको थियो। रञ्जितको त्यही तस्बिर अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल पुरस्कारका लागि मनोनयनमा परेको छ। उक्त तस्बिरले फोटो अफ दि इयर-२००७ का रूपमा एसियाली पुरस्कार प्राप्त गरिसकेको छ। फोटोपत्रकार रञ्जितले यसरी पुरस्कार नै पाउँछु भनेर तस्बिर खिचेका थिएनन्, तर त्यस्तै भैदियो। मैदानको अभाव देखेर सम्बन्धित निकायलाई झकझकाउन तस्बिर खिचेका थिए, रञ्जितले साप्ताहिकसँग भने- अब पोखरामा क्रिकेट मैदान बने पुरस्कार पाएको सार्थक हुने थियो।

**–शिव शर्मा**

## मुखाले

मधेस बन्द भए पनि एसएलसी परीक्षा रोकिँदैन।

**लवप्रसाद त्रिपाठी**
**प्रवक्ता, शिक्षा मन्त्रालय**



यस्तै हो भने निर्वाचनमा कांग्रेसको अवस्था नाजुक बन्न सक्छ।

**विजय गच्छेदार**
**नेता, नेपाली कांग्रेस**



सबै माग पूरा गर्दा पनि थप माग राखेर आन्दोलनरत दलहरूले जनतालाई धोका दिने प्रयास गरेका छन्।

**कृष्णप्रसाद सिटौला, गृहमन्त्री**



जनताको हत्या गरेको विषयमा सरकारले माफी नमागेसम्म हामी वार्तामा बस्दैनौं।

**उपेन्द्र यादव**
**संयोजक मधेसी जनअधिकार फोरम**



नेपाली जनता विश्वकै महान् जनता हुन् भन्ने प्रमाण दिँदैछन्।

**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**



राष्ट्रिय एजेन्डामा नआउने सञ्चारमाध्यम शंकाको घेरामा पर्नेछन्।

**कृष्णबहादुर महरा**
**सूचना तथा सञ्चारमन्त्री**

## मेरो विचार

### जनताको हित नै सर्वोपरि

विभिन्न जातजाति, भाषा, संस्कृति एवं रीतिरिवाजमा बाँधिएका नेपालीहरूसमक्ष अहिले संविधानसभा निर्वाचनलाई सफल बनाउने चुनौति आइपरेको छ। विभिन्न जनजाति, दलित, उत्पीडित, महिला तथा हिमाल, पहाड, तराई, गाउँ, सहर लगायत देशका कुनाकन्दरामा बसोबास गर्ने सबैलाई समेट्ने गरी स्वतन्त्र, निष्पक्ष, समानुपातिक एवं समावेशी ढंगले संविधानसभाको निर्वाचन हुनुपर्छ। जनताको चाहनाअनुरूप काम गर्न निर्वाचित भएका संविधानसभासद्हरूले संविधान निर्माण गर्दा जनताको हितलाई सर्वोपरि मान्नुपर्छ। संविधानसभाले देशका सम्पूर्ण जनजाति, धर्मसंस्कृतिको विकास गर्ने नीति तय गर्छ। त्यसैले जनतामा भयरहित एवं शान्तिपूर्ण जीवनयापनका अवसरहरू सिर्जना गर्ने संविधान निर्माणका लागि हामी नेपाली जनताले सही प्रतिनिधि चुन्न सक्नुपर्छ।

संविधानसभाका लागि विभिन्न बाधा-अड्चन देखा पर्न सक्छन्। यसका मुख्य बाधाहरूमा सात दलबीच संविधानसभाको विषयमा वैचारिक एकता नहुनु, मधेसी आन्दोलन तथा पटक-पटक हुने बन्द, चक्काजाम, हड्ताल, तोडफोडजस्ता गतिविधिहरू संविधानसभाको निर्वाचनलाई भड्काउने षड्यन्त्र हुन्। त्यसैले यस्ता बाधाहरूलाई हटाउन हामीले आपसी मेलमिलाप, समझदारी एवं एकता कायम गरी राजनैतिक दलहरूलाई मार्गनिर्देशन गर्न सक्नुपर्छ। कुनै कामलाई बोलेर मात्र नभै व्यावहारिक रूपमा गरेर देखाउनुपर्छ। संविधानसभा निर्वाचनलाई सफल पार्नका लागि हामी स्वयम् जुट्नुपर्छ।

त्यसैले यसका लागि विभिन्न नीतिगत तथा वैकल्पिक बाटाहरू अपनाई काम गर्नुपर्छ। संविधानसभाको प्रचार-प्रसारका लागि विभिन्न गोष्ठी, सभा तथा सूचनाहरूमार्फत यस विषयमा स्पष्ट पारिदिने र अज्ञानी-अशिक्षित नागरिकहरूलाई यसका फाइदा तथा यसको प्रभावका बारेमा सकारात्मक एवं प्रभावकारी ढंगले विश्लेषण गरी सजग बनाउन सक्नुपर्छ। यसका अतिरिक्त संविधानसभा निर्वाचन स्थलमा सुरक्षाको कडा व्यवस्था एवं आधारभूत सामग्रीहरूको उचित व्यवस्था गर्नुपर्छ।

**– आर.यु.गुरुङ, स्युचाटार, काठमाडौँ**
**(पुरस्कृत विचार)**

### सजग रहनुपर्छ

संविधानसभाको निर्वाचनका लागि सरकारले महिला, जनजाति, पिछडिएका, मधेसी, उत्पीडित, अल्पसंख्यक, दलित आदिलाई समान रूपले अवसर उपलब्ध गराउनुपर्छ। राज्य संरचनामा सबै जातजातिको समानुपातिक उपस्थिति हुने भएकाले संविधानसभा निर्वाचनमा पनि सबै समुदायको समानुपातिक सहभागितालाई सुनिश्चित गर्नुपर्छ। यसका लागि केन्द्रीकृत प्रणालीको अन्त्य गरी राज्यले दुर्गम, सुगम सबै क्षेत्रका मतदाताहरूले संविधानसभामा आफ्नो प्रतिनिधि छान्न पाउने वातावरण निर्माणमा जोड दिनुपर्छ। संघीय लोकतान्त्रिक गणतन्त्र, बहुदलीय शासन-प्रणाली, आधारभूत मानवअधिकार, मौलिक अधिकार, सक्षम न्यायप्रणालीजस्ता महत्त्वपूर्ण कुराहरू संविधानसभाको निर्वाचनपछि सुनिश्चित हुनुपर्छ। स्वतन्त्र अखण्ड र स्वाभिमानी नेपाल निर्माण गर्न सम्पूर्ण नेपालीहरू एकजुट भएर लाग्नुपर्छ। संघीय लोकतान्त्रिक गणराज्य निर्माण गर्न सम्पूर्ण राजनैतिक दलहरू चुनावी अभियान लिएर यो महापर्व सफल पार्न गाउँगाउँ जानुपर्छ। समयमै संविधानसभाको निर्वाचन हुन नसके मुलुकले ठूलो दुर्घटना बेहोर्नुपर्ने अवस्था पनि सिर्जना हुनसक्छ। यसतर्फ हामी सबै सजग रहनुपर्छ।

**युवराज न्यौपाने, बलाम, स्याङ्जा**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा–अड्चनहरू के–के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के–के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। उत्कृष्ट प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

सत्य तीतो भए पनि प्रशस्त भारतीयले नेपाली नागरिकता पाएको साँचो हो। वास्तविक नागरिकले नागरिकता नपाए पनि पैसाका भरमा भारतीयले नागरिकता लिएका छन्। यसले संविधानसभामा केही असर पर्ला कि भन्ने मलाई लाग्छ। अर्कातर्फ मधेसका सम्पूर्ण समस्या सामाधान नभै संविधानसभा हुन्छ भन्ने मलाई लाग्दैन। वास्तविक मधेसीहरूमाथि राज्यले षड्यन्त्र गरिरहेकाले पनि उनीहरू अब कुनै लोभ लालचमा फस्नेवाला छैनन्। विगतका दिनमा मधेसले राज्यलाई आशाको नजरले हेरिरहेको थियो, अब त्यो अपेक्षा न्यून हुँदै गएको छ। यसले पनि आन्दोलनलाई बल पुगेको देखिन्छ।

**रामेश्वर राय यादव, उपाध्यक्ष, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)**

निर्वाचनको घोषणा भैसकेपछि अब संकल्प र आत्मबलको कुरा प्रमुख देखिन्छ। संकल्प र आत्मबलसहित सबै दल एकजुट भएर गए भने सफल हुन्छ। संविधानसभाको निर्वाचन हुने सम्भावना बढेको छ, तर त्यसलाई बिथोल्ने षड्यन्त्र पनि त्यही गतिमा बढेको अनुमान गर्न सकिन्छ। अब हामी राजालाई मात्र गाली गरेर समय खेर नफालौं, तर नयाँ राजाहरूबाट संविधानसभामा हुने अवरोधलाई हटाउन सक्नुपर्छ।

**मोदनाथ प्रश्रित, नेता, नेकपा (एमाले)**

फलाम तातेका बेलामा नै विभिन्न आकार-प्रकारमा ढाल्न सकिन्छ भन्ने बुझाइले विभिन्न समूहले माग उठाएका छन्। अहिलेको जनताको म्यान्डेटलाई पुरा गर्नुपर्ने बाध्यता राजनैतिक दलमाथि आइपरेको छ। यसले जसले जे माग गर्दा पनि हुन्छ भन्ने भान जनतामा परेको छ। त्यस कारण पनि संविधानसभा निर्वाचनपछि निर्धारण गर्नुपर्ने कतिपय कुरा अहिले नै उठेका छन्। यो ठीक सङ्केत होइन। यसले अराजकता बढाउँदै लान्छ।

**प्रा.डा. मीना वैद्य, त्रिभुवन विश्वविद्यालय**

निर्वाचन हुँदैन भनेर किन शङ्का गर्ने ? सात दल, सरकार निर्वाचन गराउन प्रतिबद्ध छन्। पहिलो पटक कांग्रेसका कारण निर्वाचन भएन, दोस्रो पटक माओवादीले दिएन। तेस्रो पटक निर्वाचन सार्ने हिम्मत दुवै दलमा छैन। नेकपा (एमाले) ले पनि अब निर्वाचन सार्नेहरूलाई छाड्दैन। रह्यो, तराईको कुरा। सरकारले वार्ताको पत्र पठाएको छ। वार्तामा आएनन् भने उनीहरू नै नाङ्गिन्छन्। यी सबै परिस्थिति हेर्दा निर्वाचन हुने सम्भावना छ। त्यसैले शङ्का गर्ने कामै छैन।

**केपी शर्मा ओली, नेता, नेकपा (एमाले)**

सत्तामा भएका पार्टीहरूले संविधानसभाको निर्वाचनका लागि वातावरण बनेको दाबी गरेका छन्। सत्ता बाहिर रहेका पार्टीहरू भने त्यो अभिमत स्वीकार गर्दैनन्। यद्यपि मलाई के लाग्छ भने अहिलेसम्मको अवस्थामा तराईमा मात्र होइन, पहाडमा पनि वार्ताको वातावरण बनेको छैन। संविधानसभाको निर्वाचन कसैलाई सांसद बनाउन होइन, जनताको भाग्य निर्धारण गर्न र नयाँ नेपालको खाका कोर्नका लागि गरिन लागेको हो। यस्तो बेलामा राजसंस्थाले पनि आफ्नो भाग्य निर्माण गर्न निर्वाचन आयोगमा दल दर्ता गरेर निर्वाचनमा जान पाउँछ।

**पुष्पा भुसाल, महासचिव, नेपाल महिला संघ**

मधेस आन्दोलनलाई संविधानसभाविरोधी आन्दोलनका रूपमा मात्र हेरिनु हुँदैन। यो आन्दोलनले जातीय पहिचान, धर्म निरपेक्षताको निर्णयको आक्रोश एवं सबै तहमा आफ्नो अधिकार खोजेको हो। अझै पनि मधेसीलाई भारतीय भन्ने सोच कतिपय शासक एवं व्यक्तिहरूमा छ। त्यसको आक्रोश पनि मधेस आन्दोलनमा व्यक्त भएको छ। राज्यले मधेसीका यी भावनाको कदर गर्दै विश्वासमा लिन सक्ने हो भने यो आन्दोलनले अझै पनि संविधानसभाको निर्वाचनलाई बाधा पुऱ्याउँदैन, बरु रचनात्मक सहयोग गर्छ।

**यदुवंश झा, केन्द्रीय सदस्य, नेकपा (एमाले)**

जनताको सुरक्षाका लागि हामीले प्रत्येक बुथमा दुई सय वाईसीएल परिचालन गर्ने योजना सार्वजनिक गरेका हौं। यसलाई कसैले बुथ कब्जा गर्ने रणनीति भनेर प्याच्च बोले। ४० हजार मतदाता भएको स्थानमा दुई सय वाईसीएलले बुथ कब्जा गर्न सक्छ ? अरू दलका कार्यकर्ता त्यहाँ हुँदैनन् ? प्रहरी-प्रशासन त्यहाँ हुँदैनन् ? जुनसुकै कुरालाई पनि अतिरञ्जना गर्नु भन्दा कसरी मत हाल्न आएका जनतालाई सुरक्षा दिने भन्ने कुरा पो महत्त्वपूर्ण हुन्छ, होइन र ?

**सोनाम, इन्चार्ज, योङ कम्युनिस्ट लिग**

## आन्दोलनरत दलहरू पनि भाग लिने

**पृष्ठ ३ बाट जारी**

तीन मुख्य दललाई मधेसको विषयमा आफ्नो दलको धारणा स्पष्ट पार्ने दबाब परेको थियो। आन्दोलनसँगै भोट बैंकका रूपमा रहेको मधेसलाई आफ्नो पक्षमा पार्न दलहरूले मधेसीलाई आरक्षण दिने, पार्टी संरचनाभित्र मधेसी नेतालाई राम्रो पद दिने तथा मधेस आन्दोलनका पक्षमा बोल्न मधेसी नेताहरूलाई अगाडि सार्ने काम भए। यद्यपि ती सकारात्मक प्रयासलाई विफल पार्दै मधेस आन्दोलन मुख्य तीन दलका विरोधमै उत्रियो।

पछिल्लो समयमा कांग्रेसका वरिष्ट नेता महन्त ठाकुर पार्टी छाडेर क्षेत्रीय दलको अध्यक्ष भएपछि कांग्रेसभित्र ठूलो चुनौती थपियो। नेकपा (एमाले) लाई पनि मधेस आन्दोलनले घाटा पुऱ्यायो। पूर्वी मधेस क्षेत्रमा राम्रो सांगठनिक विस्तार गर्दै गएको एमालेलाई पछिल्लो आन्दोलनले ठूलो घाटा पुऱ्याएको विश्लेषण गरिएको छ। स्थानीय मजदुर, शिक्षक तथा बौद्धिक वर्ग एमालेको मधेस नीतिको विरोध गर्दै आन्दोलनमा सहभागी भएपछि एमालेले मधेस नीति बनाउन पार्टी कार्यालयमा मधेसी नेताहरूलाई बोलाएर समीक्षात्मक बैठक गराएको छ।

सरकार तथा संसदमा तेस्रो ठूलो दलको मान्यता पाएको माओवादीलाई भने पहिलो मधेस आन्दोलनताका सिराहाको लाहानमा गोली चलाएर एक जना मधेसी जनअधिकार फोरमका कार्यकर्ताको हत्या गरेको आरोप लागेपछि उक्त दलको साख नराम्रोसँग बिग्रिएको थियो। फोरमको आन्दोलन मधेससँगै माओवादी विरोधी आन्दोलनका रूपमा बढ्दै गएपछि नेकपा (माओवादी) ले मंसिरमा हुने भनिएको संविधानसभा निर्वाचनमा भाग नलिने घोषणा गर्न बाध्य भएको थियो।

अहिले पनि मधेसी आन्दोलनमा माओवादीको विरोध हुँदै आएकाले उक्त दलको अवस्था सुदृढ हुन नसकेको विश्लेषण गरिएको छ। मधेसवादी दलहरूमध्ये केहीले निर्वाचनमा भाग लिने निर्णय गरेपछि तीन दलले पुन : एकपटक मधेसलाई आफ्नो पक्षमा पार्न विभिन्न रणनीति बनाएका छन्। यसका लागि मधेसमा मनोनयन गरेका उमेद्वारका विषयमा विवाद हुने बित्तिकै उनीहरूको नाम फिर्ता लिने योजना बनाइएको छ। त्यसबाहेक तीनवटा दलले साझा उमेद्वार घोषणा गर्ने नीति पनि सार्वजनिक भएको छ।

### मोर्चाले सातौं माग ल्यायो

संयुक्त मधेसी मोर्चा तथा सरकारबीच अन्तिम सहमति हुन लागेका बेला आन्दोलनरत पक्षधरले नयाँ माग अघि सारेका छन्। सम्पूर्ण मधेस एक प्रदेशलगायत ६ वटा माग अघि सारेको संयुक्त मोर्चाको पाँचवटा माग पुरा गर्ने प्रतिबद्धता व्यक्त सरकारले यस अघि नै गरिसकेको छ। छैटौं मागको भावना समेट्ने बुँदा थप गर्न लाग्दा संयुक्त मधेसी मोर्चाले सेनाको मधिसे बटालियन बनाउनु पर्ने सातौ माग अघि सारेको छ। यो बुँदामा नेकपा (एमाले) तथा नेकपा (माओवादी) का शीर्ष नेताहरुले असहमति व्यक्त गरेपछि बार्ताको अन्तिम परिणाम आउन ढिला भएको प्राप्त समाचारमा जनाइएको छ।

# पाल्पा महोत्सवमा सांस्कृतिक कार्यक्रम



पाल्पा– नेपालको दार्जीलिङको उपमा पाएको पाल्पाको तानसेनमा सम्पन्न औद्योगिक व्यापार मेला एवं पर्यटन महोत्सवको मुख्य आर्कषण बन्यो– सांस्कृतिक कार्यक्रम ।

राष्ट्रिय स्तरमा ख्याति कमाएका दुई-तीन जना लोक तथा आधुनिक गायनतर्फका कलाकारको प्रस्तुति दिनहुँ भयो भने पाल्पाली कलाकारहरूले पनि महोत्सवलाई कम रमाइलो बनाएनन् । दोहोरी सुन्ने कि नृत्य हेर्ने कि आधुनिक गीत सुन्ने ? लोक, आधुनिक पप रोजी-रोजी हेर्न, सुन्न र नाच्दै रमाउन पाउने हुदा यस क्षेत्रका बासिन्दा निकै रमाए । हँसाउने कलाकारहरू पनि उस्तै भएपछि पाल्पालीहरू रमाएका थिए ।

पाल्पाली लोकगायकहरू नारायण रायमाझी, दुर्गा रायमाझी, इन्द्र जीसी, सेमन्तमणि खराल, कमल खनाल, अमृत अधिकारी, शिरीष देवकोटा, नवीन पौड्याल, पुष्कल शर्मा, अर्जुन कौशल, जमुना थापा, सरोज नेपाल, समीक्षा नेपाल, हुम गैरेजस्ता कलाकारको वेजोड प्रस्तुतिले पाल्पाको टुँडिखेल मैदान थर्कियो । साथमा अन्य जिल्लाबाट आएका अतिथि कलाकारहरू पुरुषोत्तम न्यौपाने, प्रजापति पराजुली, कृष्ण देवकोटा, कोमल वली विष्णु खत्री, रमेश बप्जी, सिर्जना विरही थापा, पार्वती जिसी, मन्जु महत, सुर्यकुमारी गुरुङको प्रस्तुति पनि कम आकर्षक थिएन ।

उता आधुनिक कलाकारहरू हेमन्त शर्मा तथा प्रकाश ओझाले पनि दर्शकलाई भरिपूर्ण मनोरन्जन दिए । त्यति मात्र होइन, मनोज गजुरेलले गरेको माधव नेपालको क्यारिकेचर होस् वा उनकै साथ दिने सुष्मा पौडेलको हवनकली प्रस्तुती, नेपाल टेलिभिजनको जिरे खुर्सानीका कलाकारहरू शिवहरि पौडेल, जितु नेपाल र किरण केसीको प्रस्तुतिले पनि सबैलाई पेट मिची-मिची हँसायो । २० रुपैयाँको टिकट काटेर गएपछि पाल्पाका विभिन्न आदिवासी जनजाति मौलिक संस्कृति एवं परम्परायुक्त नाचगान पनि हेर्न पाउँदा दर्शक पनि मख्ख भए ।

फागुन ३ देखि ११ गतेसम्म चलेको पाल्पा महोत्सव तथा औद्योगिक व्यापार मेलाको मुख्य आर्कषण नै सांस्कृतिक कार्यक्रम भयो । आफूले मन पर्ने एकसेएक कलाकारहरूको जमघटले होला, सांस्कृतिक कार्यक्रममा दर्शकको रौनक नै बेग्लै रह्यो । पाल्पालाई पर्यटकीय गन्तव्य स्थल बनाउने उद्देश्यले महोत्सव आयोजना गरिएको हो ।

आफूलाई मन पर्ने कलाकारहरूको प्रस्तुति हेर्नकै लागि दिनहुँ हजारौ दर्शक ओइरिएको राष्ट्रिय कलाकार संयोजक राजु महर्जनले बताए । टाढा-टाढाबाट समेत आउने दर्शकहरू स्टल अवलोकन एवं किनमेलको समय छोट्याएर भए पनि सांस्कृतिक कार्यक्रममा जुटेको देखियो ।

## राष्ट्रिय लोकदोहोरीमा कास्की पहिलो



पाल्पा– उद्योग वाणिज्य संघ पाल्पाले आयोजना गरेको राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतियोगितामा राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान कास्की पहिलो भएको छ । ऊसँग फाइनलमा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान धादिङ भिडेको थियो । प्रतियोगितामा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान रूपन्देही तथा सुनौलो संगम सांस्कृतिक समूह काठमाडौं तेस्रा भए ।

पहिलो हुनेलाई २० हजार, दोस्रो हुनेलाई १५ हजार र तेस्रो हुनेलाई १० हजार प्रदान गरियो । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, पाल्पाले संयोजन गरेको प्रतियोगितामा १६ टिमले भाग लिएका थिए । प्रतियोगिता औद्योगिक व्यापार मेला एवं पर्यटन महोत्सवको अवसरमा आयोजना गरिएको हो ।

यसबीच सोही कार्यक्रममा सम्पन्न खुला लोकनृत्य प्रतियोगितामा तिलोत्तमा मा.वि. फर्साटिक रूपन्देही पहिलो, न्यूहोराइजन मा.वि. तानसेन दोस्रो र तानसेन गैरागाउँ तथा विशालबजारको समूह तेस्रो भए । उक्त अवसरमा पाल्पा जिल्लामा जन्मिएर नेपालमै लोक तथा दोहोरी गायन र लोकलयलाई अगाडि बढाउन सफल भएका अग्रज कलाकारहरू नारायण रायमाझी र दुर्गा रायमाझीलाई पाल्पा उद्योग वाणिज्य संघ पाल्पाले दोसल्ला ओढाएर सम्मान गरे ।

**–माधव अर्याल**

# हे रक्किज मन्त्र !

**पृष्ठ १ बाट जारी**

सदस्य कुराकानी गर्न चौरस्ता छेउछाउकै स्थानलाई स्टेसन बनाउँछन् । प्रज्ञा भन्छन्- 'सामूहिकताको भावनामा ब्यान्डलाई हुर्काएकाले यसको संरक्षण र आम्दानी दुवैमा ब्यान्डका सबै सदस्यको बराबर हिस्सा हुन्छ ।' प्रज्ञाका अनुसार अहिले पनि ब्यान्ड सानो उमेरकै भएकाले यसलाई हुर्काउन सबै सदस्यले उत्तिकै ध्यान दिएका छन् । मन्त्रले आफ्नै प्यार्टनको रक गीत प्रस्तुत गर्दै आएको छ, प्रज्ञा भन्छन्- हामी 'क्लासिकल रक ब्यान्ड' हौं ।

**महत्त्वाकांक्षी योजना**

मन्त्र ब्यान्डले आफ्नो महत्त्वाकांक्षी योजना पनि सुनायो । प्रज्ञा भन्छन्- भारत र अन्तर्राष्ट्रिय बजारलाई लक्षित गरेर अंग्रेजी भाषाको एल्बम चाँडै नै ल्याउनेछौं । प्रोगेसिभ नु-मेटल शैलीका गीत समावेश हुने यो संग्रहलाई बजारमा ल्याउन मन्त्रले विभिन्न स्थानमा कुराकानी समेत थालिसकेको प्रज्ञाले बताए ।

**नेपालमा जम्ने इच्छा**

मन्त्र ब्यान्ड नेपाल र नेपालीहरूबीच पनि लोकप्रिय हुँदै गएको भोकलिस्ट भाष्कर देवान बताउँछन् । पोखरा, धरान, बिर्तामोड, भद्रपुर आदि स्थानमा कन्सर्ट गरिसकेको मन्त्रले काठमाडौंमा पनि सोलो कन्सर्ट गरेको छ । यहाँ पनि हाम्रा फ्यान डल्लै (थुप्रै) रहेछन्, भाष्करले भने- त्यसैले नेपालमा पनि नियमित कन्सर्ट गरेर जम्ने इच्छा छ ।

## ब्यान्डका सदस्यहरूको परिचय

**प्रज्ञा लामा (लिड–गिटारिस्ट)**

मामाहरू गोपाल योञ्जन र कर्म योञ्जनले दार्जीलिङबाटै विकास गरेको नेपाली संगीतको रेखालाई पछ्याउने क्रममा भान्जा प्रज्ञा यही क्षेत्रमा सक्रिय छन् । मन्त्र ब्यान्डका लिड गिटारिस्ट प्रज्ञा स्कुले जीवनदेखि नै संगीतमा रुचि राख्न थालिसकेका थिए । रुचि बढ्दै जाँदा म गिटारिस्ट भैसकेको थिएँ, जट्टा कपाल पालेका प्रज्ञाले भने- 'पारिवारिक वातावरण नै संगीतमय भएकाले मलाई यो क्षेत्रमा सक्रिय हुन खासै गाह्रो भएन । सायद मेरो रगतमै संगीत थियो ।' कलेज तहमा 'इटरनिटी' ब्यान्डमार्फत सक्रिय प्रज्ञाले कलेज अध्ययन सकिएपछि विशाल र प्रभासलाई लिएर ब्यान्ड निर्माण गरेका थिए । नेपाली-हिन्दी शास्त्रीय गीतदेखि आधुनिक, पप र रक सबै गीत मन पराउने प्रज्ञाले अरूको एल्बमका लागि संगीत संयोजनको काम समेत गरेका छन् । प्रज्ञा आफूले जन्माएको ब्यान्डको अहिलेसम्मको यात्रालाई सुखद मान्छन् ।

**भाष्कर देवान (भोकलिस्ट)**

दार्जीलिङको सिंहमारीमा १५ डिसेम्बरमा जन्मिएका भाष्कर सुरुमा गिटारिस्ट थिए । साथीहरूले तेरो स्वर राम्रो छ भनेकाले गायक बनेका भाष्करलाई प्रज्ञाको समूहले ब्यान्डमा आउन आमन्त्रण गरेपछि उनी चौथो सदस्यका रूपमा ब्यान्डमा छिरेका थिए । मन्त्रको पहिलो एल्बमदेखिकै भोकलिस्ट भाष्करका निम्ति यो क्षेत्रमा क्यारियर विकास गर्ने आँट देखाउनु चुनौती थियो । बाबा-आमा दुवै जना सरकारी सेवामा हुनुहुन्थ्यो,' भाष्करले भने- 'त्यसैले छोरालाई पनि जागिर खाने काममा लगाउन चाहनुहुन्थ्यो, तर म वेस्टर्न हेभी मेटलमा रमाइरहेको हुन्थे ।' आइरन मेडन, डिप पर्पल, बोन्जोभी, ड्रिम थियटर आदि ब्यान्डका संगीतमा रुचि राख्ने भाष्करलाई नेपाली गायकमा नारायण गोपाल मन पर्छन् । विद्यालयमा भाष्कर 'क्रुसेडट्स' ब्यान्डमा गीटारिस्टका रूपमा सक्रिय थिए, त्यसपछि कलेजमा आएपछि उनले गाउन पनि थाले । अहिलेसम्मको यात्रालाई सुखद मान्ने भाष्कर अझ राम्रो सिर्जनामा जुट्ने बताउँछन् ।

**प्रभास सुब्बा, बेस गिटारिस्ट**

विद्यालय जीवनका प्रारम्भिक दिनहरूमा भ्वाइलिन बजाउने प्रभासले कक्षा ७ मा पुगेपछि गिटारमा औंला कुदाउन थालेका थिए । जुट्ने र फुट्ने चलिरहने विभिन्न ब्यान्डमा सक्रिय रहँदै आएका सुब्बाले सानैदेखि संगीतमै सक्रिय रहने निधो गरिसकेका थिए । पुलिस फोर्ससँग सम्बद्ध परिवारले प्रभासको संगीत मोहलाई सुरुमा राम्रो रूपमा लिएको थिएन, तर अहिले सहयोग गर्न थालेको छ । मन्त्र ब्यान्डका संस्थापकमध्ये एक प्रभासले संगीतमा क्यारियर बनाउने क्रममा निकै संघर्ष गर्नुपरेको बताए । हाइहेल्लो र दुःख-सुख गर्दै यहाँसम्म आइपुगिएको छ, गठिलो शारीरिक बनावटका प्रभासले भने- 'अब यही क्षेत्रमा रहेर ब्यान्डलाई अझ लोकप्रिय बनाउन सक्रिय रहन्छु ।' संगीतमा मात्र सक्रिय रहेर पूर्ण आत्मनिर्भर हुनसक्ने स्थिति अझै नबनेको बताउने प्रभास सबै नेपालीले मन पराउने सृजना प्रस्तुत गर्न मन्त्र लागिपरेको बताए ।

**बिर्जु चौधरी, ड्रमर**

मलाई गोर्खा भनिदिए राम्रो लाग्छ, बंगाली मूलका बिर्जुले कुराकानीको पहिलो प्रसङ्गमै भने- 'म पनि नेपाली हुँ ।' बिर्जु सानो छँदा उनकी हजुरआमा हार्मोनियमका 'कि' मा औंला चलाउँथिन् । हजुर आमाले औंला चलाएर निस्किएको मेलोडियस ध्वनिले बिर्जुलाई संगीतको क्षेत्रमा तानेको थियो । हजुरआमालाई साथ दिने क्रममै संगीतमा क्यारियर विकास गर्ने लक्ष्य बनाएका बिर्जुले सुरुमा सेन्ट रोबर्ट स्कुलमा ब्यान्ड निर्माण गरेर संगीत सक्रिय भएको सुनाए । कलेजमा आएपछि बिर्जुसहितको टिमले मलामी आगो अर्थात् 'फनरल फायर' नामको ब्यान्ड स्थापना गरेको थियो, जुन ब्यान्डले इन्डिया फस्ट रक क्याम्पस आइडलको उपाधिसमेत जितेको थियो । मन्त्र ब्यान्डका ड्रमर विशाल राईले बिदा लिएपछि ब्यान्डको आग्रहमा सदस्य बनेका बिर्जु भन्छन्- 'मलाई राम्रा साथीहरूको ब्यान्ड चाहिएको थियो मन्त्रलाई राम्रो ड्रमर चाहिएको थियो, त्यसैले म यो ब्यान्डको तेस्रो एल्बम देखि नै सक्रिय छु ।'

**मनीष थापा, किबोर्ड**

स्कुले जीवनमा गिटारमोहले तानेको थियो, मन्त्रका किबोर्ड मास्टर मनीष सम्झन्छन्- 'सानैदेखि संगीतमा रुचि भएकाले स्कुल अध्ययनपछि कि-बोर्डको कक्षा लिएँ । त्यसपछि मनीष कि-बोर्डलाई छोड्नै नसक्ने भएँ । कलेज अध्ययनको फुर्सदसँगै आएको साथीहरूको प्रस्तावले उनलाई मन्त्रमा प्रवेश गराएको थियो । ब्यान्डका सबै साथीसँग कुरा मिल्यो, मनीषले भने- 'त्यसैले पहिलो एल्बमदेखि नै साथै काम गर्न थाल्यौं । पारिवारिक वातावरण संगीतमय नभए पनि पर्याप्त सहयोग पाएका मनीषले अन्य पेसामा सक्रिय रहे पनि ब्यान्ड र संगीतलाई छोड्न नसक्ने बताए ।

**विधान थापा, सेक्सोफोन तथा बाँसुरी**

तपाईं मन्त्र ब्यान्डको कन्सर्ट हेर्दै हुनुहुन्छ भने सिल्की केशलाई अघिल्तिर ल्याएर टाउको तल-माथि गर्ने व्यक्ति देख्नुहुन्छ, तिनै हुन् विधान थापा । भारतीय पुलिस फोर्समा कार्यरत विधान मन्त्र ब्यान्डका लागि सेक्सोफोन र बाँसुरी बजाउँछन् । पुलिस फोर्समा पनि ब्यान्डसँगै आवद्ध छु भन्दै विधान भन्छन्- 'चिनाजानी भएका प्रज्ञा भाइले सँगै काम गरौं भन्ने प्रस्ताव ल्याएपछि दोस्रो एल्बमदेखि ब्यान्डमा प्रवेश गरें ।' संगीतमा विद्यालयजीवनदेखि नै सक्रिय विधानले सन् १९९४ मा आयोजित एक कार्यक्रममा पहिलो पटक बाँसुरीको माध्यमबाट 'म्युजिक कम्पोजिसन' प्रस्तुत गरेका थिए । विधान भन्छन्- ब्यान्डलाई अझ माथि पुऱ्याउन म सधैं सक्रिय रहनेछु ।



## नयाँ प्रविधि

### मोबाइल ब्लक ब्याग



कुनै पनि मोबाइलको टावरले तपाईंको मोबाइलमा संकेत दिन सकेन भने स्वचालित प्रविधिमार्फत् 'तपाईंले डायल गर्नुभएको नम्बरमा अहिले सम्पर्क हुन सकेन, केही क्षणपछि पुनः प्रयास गर्नुहोला' भने सन्देश आउँछ। यस्तो संकेत विश्वमा प्रयोगमा आएका अधिकांश मोबाइल सेवा कम्पनीले उपलब्ध गराउँछन्। मोबाइल टावरको संकेत पुग्ने स्थानमा पनि यस्तै किसिमको सन्देश दिन बाध्य पार्ने प्रविधि 'मोबाइल फोन ब्लकिङ ब्याग' हालै अन्तर्राष्ट्रिय बजारमा आएको छ। कुनै कन्फरेन्स, बैठक वा सम्मेलनमा बस्दा मोबाइलको फोन स्विच अफ गर्न वा मिटिङ मोडमा राख्न झन्झटिलो मान्ने मोबाइल प्रयोगकर्ताहरूलाई यो ब्याग उपयोगी छ। यो ब्यागमा कुनै पनि मोडलको मोबाइलमा राखेपछि यसले कुनै पनि मोबाइल टावरले पठाएको संकेत रोक्छ र उक्त मोबाइलमा सम्पर्क राख्ने व्यक्तिले सम्पर्क हुन नसकेको संकेत पाउँछ।

### डाटा जनाउने पेन ड्राइभ



अहिले युएसबीको सहयोगमा चल्ने फ्लास ड्राइभ धेरैको अभिन्न अंग बनेको छ। कुनै पनि सूचना, मनोरञ्जन र जानकारीलाई एक स्थानबाट अर्को स्थानको कम्प्युटरमा पुऱ्याउन यो भरपर्दो माध्यम समेत भएको छ। फ्लास ड्राइभ भरपर्दो माध्यम भएपछि अहिले यसका उत्पादकहरू यसको डिजाइन र क्षमता विस्तारतर्फ ध्यान दिन थालेका छन्। अहिले बजारमा विभिन्न रंग, आकार, क्षमता तथा गुणस्तरका फ्लास ड्राइभहरू पाउन सकिन्छ। अन्तर्राष्ट्रिय बजारमा कुनै पनि डाटालाई राख्दा फ्लास ड्राइभको आकार आफैं वृद्धि हुने फ्लास ड्राइभ निर्माण भएको छ, जसका कारण यो फ्लास ड्राइभ प्रयोगकर्ताले आफ्नो फ्लास ड्राइभमा कति क्षमता छ भन्ने कुरा कम्प्युटरमा नजोडी थाहा पाउन सक्छन्। हाल यो फ्लास ड्राइभ ५ सय १२ मेगावाइट, १ र २ गिगावाइट क्षमतामा उपलब्ध छ।

## नेपाली वैज्ञानिकको अनुसन्धान

# धानखेतीका लागि पानीभन्दा घाम महत्वपूर्ण

काठमाडौं– नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का मुख्य वैज्ञानिक भोलामान सिंह बस्नेतले गरेको पछिल्लो अनुसन्धानले धानखेतीका लागि पानीभन्दा घाम महत्त्वपूर्ण रहेको प्रमाणित गरेको छ। धानखेतीका लागि पानी आवश्यक भए पनि उत्पादनका दृष्टिले पानीभन्दा घाम बढी महत्त्वपूर्ण हुने तथ्य वैज्ञानिक बस्नेतको अध्ययन-प्रतिवेदनमा उल्लेख छ। वैज्ञानिक बस्नेतले धानको बाला पसाएपछि जति बढी सूर्यको प्रकाश बोटमा पर्छ सोही मात्रामा धानको उत्पादन बढी हुने बताएका छन्।

सूर्यको प्रकाशको मात्रा बढी हुँदा धान उत्पादन २० देखि २५ प्रतिशत वृद्धि हुने जानकारी दिँदै बस्नेतले चैते धानमा बाला पसाउने बेलामा प्रतिदिन प्रतिवर्गमिटर ६ सय सोलार रेडियसन (सूर्यको प्रकाशको मात्रा) धानको बोटमा पर्छ। त्यसैकारण चैते धानको उत्पादन बढी हुने गरेको छ, तर वर्षे धान पसाउने बेलामा धानको बोटमा प्रतिदिन प्रतिवर्गमिटर ५ सय सोलार रेडियसन (सूर्यको प्रकाशको मात्रा) मात्र धानको बोटमा पर्छ। सोही तथ्य मनन गरी नार्कले अहिले हिउँदमा लगाउन मिल्ने धानको नयाँ जात 'बोरो' को विकास गरेको छ।

वर्षे धानपछि सीमसार क्षेत्रको सदुपयोग गर्न पनि हिउँदे धान बढी उपयोगी हुने भएकाले 'बोरो' जातको धान माघमा लगाएर वैशाख-जेठमा भित्र्याउन सकिन्छ। बोरो धान लगाएपछि लाग्ने चर्को घामले यसको उत्पादन बढाउन सहयोग पुऱ्याउन सक्ने कुरा वैज्ञानिक रूपमा प्रमाणित भैसकेको छ। तराईका बारा, पर्सा, रौतहट, मोरङ, सुनसरीलगायतका जिल्लामा हिउँदमा धानखेती गर्ने किसानको संख्या बढिरहेकाले 'बोरो' जातको धानले किसानहरू लाभान्वित हुने बताइएको छ।

'बोरो' धानका लागि १० डिग्री सेन्टिग्रेडभन्दा माथिको तापक्रम आवश्यक भएको नेपाली कृषि वैज्ञानिकहरूले बताएका छन्। यसबीच नार्कले नेपालको मौसमसम्बन्धी पारिस्थितिकीलाई दृष्टिगत गरी नेपालमा ३ बाली धानखेती गर्ने सम्बन्धमा पनि नयाँ अनुसन्धान प्रारम्भ गरेको छ। किसानहरूका लागि नार्कले 'बोरो' वर्गको डीआर ११, खुमल ११, डिएनएस २,३ र ५ नामक जातका धानहरू सिफारिस गरिसकेको छ। सैद्धान्तिक रूपमा वर्षायाममा धानखेतीका लागि प्रतिहेक्टर ८ लाख लिटर पानी चाहिन्छ तर हिउँदमा त्यति धेरै पानी उपलब्ध हुन नसक्ने खेतहरूमा सामान्य सिँचाइ सुविधा पुऱ्याएर धानखेती गर्ने हो भने सूर्यको तापले बढी उत्पादन गरेर किसानले बढी फाइदा लिन सक्ने नार्कले बताएको छ।

# मोटोपन र पुरुष उर्वरताको सम्बन्ध

मोटोपनका समस्या भएकी आमाबाट जन्मिने छोराको शुक्रकीट तुलनात्मक रूपमा कम गुणस्तरको हुने एक अध्ययनले देखाएको छ। त्यस्ता आमाका छोराहरूको सन्तान जन्माउने क्षमता पनि कम हुन्छ। मोटोपनको समस्या झेल्ने महिलाहरू गर्भवती हुने सम्भावना कम हुने विश्वास गरिएको छ। शारीरिक वजन र प्रजनन क्षमताबीच आपसी सम्बन्ध रहेको तथ्य पत्ता लागेको यो पहिलो घटना हो।

डेनमार्कस्थित आरहस विश्वविद्यालयका अनुसन्धानकर्ताहरूले ३ सयभन्दा बढी महिला र तिनका छोराहरूको स्वास्थ्यका सम्बन्धमा वर्षौं अध्ययन गरेका थिए। गर्भवती हुँदाको समयमा अधिकांश महिलाको शारीरिक वजन सामान्य रहेको पाइए पनि उनीहरूमध्ये २५ प्रतिशत महिलालाई चिकित्सकले मोटोपनाबाट पीडित भइसकेको घोषणा गरेका थिए। अध्ययनका क्रममा मोटा महिलाको छोराको शुक्राणु सन्तान उत्पादनका लागि गुणस्तरीय नभएको र तुलनात्मक रुपमा उनीहरूको उर्वर क्षमता कम भएको तथ्य फेला परेको थियो।

अध्ययन प्रतिवेदनअनुसार मोटोपनासँग गाँसिएको अस्ट्रोजेन हर्मोनको स्तर वृद्धि हुने प्रबल सम्भावना हुन्छ, जसले पुलिंगी भ्रूणप्रजनन अंगहरूको विकासमा प्रभाव पर्न सक्छ। अनुसन्धानकर्ताहरूले आमा बन्न चाहने महिलाले आफ्नो तौल सामान्य राखे सन्तानको उर्वर क्षमता राम्रो हुने सुझाव दिएका छन्।

# सबैभन्दा शक्तिशाली बम

रूसी सेनाले आकाशबाट खसालिने विश्वकै सबैभन्दा शक्तिशाली अपरमाणविक बमको सफल परीक्षण गरेको छ। 'डचाड अफ अल बम्स' उपनामको यो हतियार अमेरिकाको 'मदर अफ अल बम्स' भन्दा बढी शक्तिशाली भएको बताइएको छ।

रूसी सैनिक जनरल स्टाफका उपाध्यक्ष अलेक्ज्यान्डर रुस्किनले यो परीक्षणबाट यसलाई पारमाणविक हतियारको क्षमता र प्रभावकारितासँग तुलना गर्न सकिएको तथा उक्त बमले परमाणविक बमले जस्तै वातावारणलाई क्षति नपुऱ्याउने बताएका छन्।

अमेरिकी बममा ८ टन विस्फोटक पदार्थ राखिने गरेकोमा रूसी बममा ७ दशमलव ८ टन त्यस्तो पदार्थ राखिने भए पनि रूसले प्रयोग गर्ने विस्फोटक पदार्थको गुणस्तरको आधारमा यो बढी शक्तिशाली ठहरिएको छ।

## विज्ञान समाचार

### छोरी चाहिए चकलेट

आमा बन्ने सोच बनाएका महिलाहरूले यदि छोरी जन्माउन चाहने हो भने चकलेट र छोरा जन्माउन चाहने हो भने नमकिन, चिप्स, बर्गर, स्न्याक्स खानु फाइदाजनक हुने प्रिटोरिया विश्वविद्यालयका अनुसन्धानकर्ताहरूद्वारा जारी प्रतिवेदनमा जनाइएको छ। मुसामा गरिएको अनुसन्धानका आधारमा प्रतिवेदनमा भनिएको छ- गर्भस्थ शिशुको लिंग निर्धारणमा आमाको खानपानको मुख्य भूमिका रहन्छ।

### अदृश्य ट्यांक

बेलायतको रक्षा मन्त्रालयले अदृश्य ट्यांकको परीक्षण गरेको छ। बेलायती रक्षा मन्त्रालयअन्तर्गतको किनेटिक शाखाका इन्जिनियर र वैज्ञानिकले उक्त परीक्षण गरेका थिए। यसमा क्यामेरा र प्रोजेक्टर प्रयोग गरिएको छ। अगाडिको आकृतिलाई स्पष्टसँग देखाउन उक्त ट्यांकमा सिलिकन कोटेड गरिएको छ। यसकारण नांगो आँखाले हेर्दा ट्यांक पछाडिका दृश्य मात्र देखिन्छन्। यो ट्यांक सैनिक प्रयोजनका लागि प्रयोगमा आउन ५ वर्षजति लाग्ने जानकारी पनि मन्त्रालयले दिएको छ।

### नयाँ डिजाइनको ब्रा

हङकङ पोलिटेक्निक युनिभर्सिटीका डिजाइनरहरूले नयाँ प्रकारको ब्रा निर्माण गरेका छन्। अहिलेसम्म संसारमा चार साइजका ब्रा मात्र उपलब्ध छन्। यो साइजलाइ ए, बी, सी र डी नामकरण गरिएको छ। यो अन्डर बस्ट र एक्रस बस्टको नापमा आधारित छ। यसो हुँदा कुनै पनि महिलाले आफूलाई साँघुरो वा खुकुलो जस्तो लाग्ने ब्रा लगाउनुपर्ने बाध्यता छ, तर अहिलेको नयाँ डिजाइनको ब्रा डिब्ल्युआर अर्थात् डेप्थ, वाइड रेसियोमा आधारित छ। यो ब्रा थ्रीडी ब्रेस्ट क्यारिक्टरमा आधारित हुनेछ। यो रेसियोका आधारमा बनाइएको ब्रा ८ देखि १८ साइज कम्बिनेसनमा उपलब्ध हुनेछ।

### अनौठो मोबाइल

स्प्रिन्ट नामक अमेरिकी वायरलेस कम्पनीले आफ्ना नातेदार एवं साथीभाइहरूको ठेगाना पत्ता लगाउन सक्ने प्रविधिसहितको मोबाइल फोनको विकास गरेको छ। यो ग्लोबल पोजिसनिङ सिस्टम अर्थात् जिपीएस प्रविधियुक्त हुन्छ। प्रत्येक १५ मिनेटमा यसले ती व्यक्तिहरू भएको स्थानका बारेमा जानकारी दिइरहन्छ, तर यसका लागि ग्राहकले प्रत्येक महिना ३ डलर तिर्नुपर्छ।

# एप्पलको नयाँ उपकरण बजारमा

पहिले कम्प्युटर, त्यसपछि आईपोड अनि आईफोनलगायतका आकर्षक उत्पादन बजारमा ल्याएर 'स्टाइलिस' कम्पनीको उपनाम पाएको एप्पलले फेरि एकपटक संगीतप्रेमी उपभोक्तामाझ नयाँ उपकरण ल्याउने तयारी गरेको छ। एप्पलले बजारमा ल्याउन लागेको नयाँ उपकरण वा प्रविधिको नाम आईपोड नै हो, तर यो टचस्क्रिन हुनेछ अर्थात् यसले बटन दबाउँदा होइन, छुँदा इसारा बुझ्छ। यति मात्र होइन, यो आईपोडमा बेतार इन्टरनेटसेवा पनि उपलब्ध हुनेछ, जसलाई वाइफाई भनिन्छ।

वेब ब्राउजर यसमा भएको अर्को सुविधा हो। यदि संगीतप्रेमीलाई घरबाहिर कुनै नयाँ गीत तथा एल्बम डाउनलोड गर्न आवश्यक परे यसबाट तुरुन्त यो सम्भव हुन्छ।

टचस्क्रिन आईपोड प्रयोग गर्नेले सफारी ब्राउजरमार्फत इन्टरनेटको प्रयोग गर्न सक्ने एप्पलले जनाएको छ। प्रयोगकर्ताले यसमार्फत आई ट्युन्समा उपलब्ध गीत तथा एल्बम डाउनलोड गर्न सक्नेछन्। टचस्क्रिन आईपोडमा संगीतप्रेमीले स्थायी रूपमा उपलब्ध चिन्हमार्फत याहु, यु ट्युब, गुगलजस्ता सर्च इन्जिनको सुविधा पनि लिन सक्नेछन्।

यो आईपोडलाई दुई संस्करणमा उपलब्ध गराउने योजना एप्पलको छ, जसमध्ये एउटाको मेमोरी ८ जीबी र अर्कोको १६ जीबी हुने बताइएको छ। अमेरिकामा ८ जीबी मेमोरी भएको आईपोडको मूल्य २ सय ९९ डलर हुनेछ भने बेलायतमा १ सय ९९ पाउन्ड। त्यस्तै १६ जीबी मेमोरी भएको आईपोडको मूल्य अमेरिकामा ३ सय ९९ डलर हुनेछ भने बेलायतमा २ सय ६९ पाउन्ड रहनेछ। टचस्क्रिन आईपोड ८० जीबी र १ सय ६० जीबी संस्करणमा उपलब्ध हुनेछ।



# साप्ताहिक इनफो



## ओहो कति धेरै खाएको !

एक जना मानिसले एक पटकमा कति खाला ? एक थाल, दुई थाल वा त्योभन्दा पनि धेरै। काठमाडौंमा आयोजित एक कार्यक्रममा कलाकर्मीबीच कसले कति खान्छ भन्नेमा ठूलै बहस भयो। कसैले थोरै खाए पुग्छ भने त कसैले टन्नै खानुपर्ने तर्क गरे।

नायक श्रीकृष्ण श्रेष्ठ, निर्देशक शिव रेग्मी, नायिका निरुता सिंह आदि थोरै खानेमा परे भने राजेन्द्र खड्गी धेरै खानेको सूचीमा देखिए। उनको जीउअनुसार धेरै खाएको भन्न पनि मिल्दैन तर कुरा काट्नेहरूका अगाडि कसको के लाग्छ र ? प्वाक्कै भनिहाले– 'राजेन्द्र दाइले त कति धेरै खान सक्नुभएको।' खड्गी पनि कम थिएनन्। खान केको लाज। उनले पनि भनिदिए– 'फाइट त्यसै हुँदैन, फाइट गर्नेले डाइट पनि पेल्नुपर्छ।'

बिहानको ब्रेकफास्टमा द्वन्द्वनिर्देशक खड्गीले लोभलाग्दो पाराले प्लेटभरि जेरी-पुरी राखेका थिए भने तरकारी पनि उस्तै मज्जाले खाएका थिए। खड्गीको प्लेटमा धेरै नास्ता देखेर उनलाई उडाउन खोज्नेहरू खड्गीको जवाफपछि भने चुप भए। पछि त केही व्यक्तिले खडकीकै बचाउ गर्दै भने 'जीउअनुसार ठीकै हो।'



## सुटुक्क साथीभाइ

नायक दिलीप रायमाझी दुई साताअघि रणभुल्लमा परे। सधैं अरूका चलचित्रमा अभिनय गर्ने बानी परिसकेका दिलीपले पहिलो पटक साथी नायक सुनीलदत्त पाण्डेसँग मिलेर चलचित्र 'हामी साथीभाइ' बनाए। निर्माणकार्य सकेर प्रदर्शनको पालो पर्खिरहेको उनको चलचित्र अनायसै राजधानीका चलचित्र भवनहरूमा लाग्ने भएछ, त्यो पनि दुई-चार दिनभित्रमा। काठमाडौंमा रहेका सुनील अत्तालिएछन्। दिलीप राजधानीबाहिर कुनै चलचित्रको छायाङ्कनमा व्यस्त थिए। जब उनले आफ्नो लाखौंको लगानीमा बनेको चलचित्र राजधानीमा चल्ने भयो भन्ने सुने उनी छायाङ्कनकार्य एकातिर पन्छाएर हान्निंदै राजधानी आए। चलचित्र चल्ने पक्का भैसकेको थियो। उनी लागे प्रचार-प्रसारतिर। भोक, निन्द्राको वास्ता नगरी उनी भकाभक पत्रपत्रिका, टेलिभिजन, एफएम च्यानलहरूमा चिनेजानेकाहरूलाई फोन गर्न थाले। साप्ताहिकमा पनि उनले अत्तालिंदै फोन गरेका थिए, जबकि त्यो अंकको साप्ताहिक प्रेसमा गैसकेको थियो। हामीले उनलाई सरी भन्नुबाहेक कुनै विकल्प रहेन। हामीलाई लाग्यो अव्यवस्थित चलचित्र प्रदर्शन पद्धतिले निर्माताहरूले कत्तिको दुःख पाइरहेका छन् भन्ने कुरा दिलीपले बल्ल बुझेछन्। यद्यपि सुटुक्क प्रदर्शन गरिए पनि चलचित्र 'हामी साथीभाइ' ले राजधानीका चलचित्र भवनहरूमा दर्शकहरूलाई राम्रैसँग साथी बनाइरहेको छ।

## खतरनाक रमित



चलचित्र 'घातक' राजधानीबाहिरका केही प्रमुख सहरमा हालै सार्वजनिक भयो। नारायणघाटको पूर्णिमा चलचित्र मन्दिरमा पनि उक्त चलचित्रको प्रदर्शन भैरहेको थियो। शनिबारका दिन पहिलो सो हेरेर दर्शक हलबाट बाहिरिरहेका थिए। उनीहरूलाई सोधियो- 'कस्तो लाग्यो घातक ?' एक जना दर्शकले हाँस्दै भने- 'रमित ढुंगानाको बडेमानको तस्बिर भएको पोस्टर देख्दा त यो चलचित्रमा उनी 'खतरा हिरो' होलान् भन्ठानेको थिएँ उनी 'खतरा' त होइन, खतरनाक भिलेन पो रहेछन्।' ती दर्शकको प्रतिक्रियापछि सम्झना आयो, केही साताअघि भेटिएका रमितको आग्रह। उनी भन्दै थिए- 'घातक नछुटाई हेर्नुहोला है ? त्यसमा मेरो रोल खतरनाक छ।' हामीले त्यतिबेला भन्ठानेका थियौं– रमितले कुनै फरक किसिमको नायकको भूमिका निर्वाह गरेका होलान्। उनी त चलचित्रमा खलनायक पो रहेछन्। चलचित्रका पाँच जना नायक एवं दुईवटी नायिकालाई सताउने खलनायक। रमितको त्यो भूमिका यदि दर्शकले मनपराए भने उमेश खड्का, दिनेश शर्मा जस्ता खलनायकहरू 'सावधान' भए हुन्छ।

## बहाना दर्शककै

आफूले बनाएको कुनै चलचित्र चलेन भने निर्माताले दोष दिन्छन् निर्देशकलाई। त्यसपछि कलाकार र उस्तै परे दर्शकलाई समेत उल्लू भन्न बेर लगाउँदैनन्। चल्यो भने निर्देशक कलाकारसँगै दर्शकको प्रशंसा गर्न पनि पछि पर्दैनन्। चलचित्र फैसलाले दर्शकले अत्यधिक मन पराएको भन्दै चलचित्र प्रदर्शन भएको महिना बितेपछि एल्बम बजारमा ल्याएको छ। अहिले दर्शकको ब्यापक माग भयो भने पनि विश्वास नभएर निर्माण समूहले एल्बम ननिकाल्ने भएको थियो। एल्बम ननिकाल्नेमा संगीतकारदेखि निर्देशकसमेत सहमत थिए, तर फिल्मले राम्रो ब्यापार गरेपछि सबै उत्साहित छन् र ढिलै भए पनि एल्बम निकालेर कमाउने सोचमा छन्।

एल्बम ढिलो बजारमा आउनुको कारण सोध्दा निर्देशक मदन घिमिरेले भने– 'प्रदर्शनको तिथि तोकिएपछि त्यही दिनमा प्रदर्शन गर्नुपर्ने भयो, चलचित्रकै प्राविधिक काममा खट्नुपरेपछि एल्बमतिर ध्यान दिन भ्याइएन्।' निर्देशक घिमिरेले जे तर्क गरे पनि दर्शकले भने उनका कुरा पत्याउने आधार छैन। अहिलेको प्रविधिमा एल्बमको काम सक्न पाँच दिनभन्दा बढी लाग्दैन।



## गडफादर दीपक रायमाझी होइनन्

यतिबेला नेपाली चलचित्रमा राजेश हमालको उपस्थिति अनिवार्य मानिन्छ। कम्तीमा उनलाई गेस्ट रोलमा भए पनि अभिनय गराए मात्र चलचित्र सफल हुनसक्छ भन्ने मान्यताले दर्ह्रै जरो गाडेको छ। नेपाली चलचित्र उद्योगमा राजेश हमालको प्रवेशसँगै चलचित्र निर्माणक्रममा नयाँ ट्रेन्ड विकास भएको चलचित्र विश्लेषकहरू पनि मान्न तयार छन्। राजेश हमाललाई नेपाली चलचित्र उद्योगमा कसले भित्र्यायो त ? धेरैले यसको जस दीपक रायमाझीलाई दिन्छन्। दीपक रायमाझीले राजेश हमाललाई लिएर चलचित्र भाग्यरेखाको निर्माण थालेका थिए।

अध्ययनकै क्रममा केही समय बिदा मनाउन नेपाल आएका बेला मामा रायमाझीको आग्रहलाई स्वीकार गरेर उनले 'भाग्यरेखा' मा काम गर्ने निर्णय गरे तर नारायणगढमा सुटिङ चल्दाचल्दै एक्कै पटक चलचित्रको काम स्थगित भयो। अचानक मामाले किन चलचित्र रोक्नुभयो, मैले अहिलेसम्म चाल पाउन सकेको छैन, राजेशले भने- 'त्यो चलचित्रबाट मलाई हटाए पनि भर्खरै चलचित्र उद्योगमा स्थापित हुने क्रममा रहेकी नायिका कृष्टि मैनालीलाई हटाउनुपर्ने थिएन, किनकि कृष्टिले त्यो चलचित्रबाट ठूलै आशा राखेकी थिइन्।' २२ वर्षका तन्नेरी भान्जा र चलचित्र नायिका कृष्टिबीच सम्बन्ध नजिकिँदै गएपछि रायमाझीले दुवैलाई हटाएको हल्ला त्यसबेला चलेको थियो। '

त्यसबेला पनि मेरो कसैसँग नजिकिने स्वभाव थिएन, राजेश सम्झन्छन्- 'कृष्टी आफैं बोल्न आएपछि किन चुप लागेर बस्नु भनेर उनीहरूसँग सुटिङको ग्यापमा सामान्य कुराकानी भएको मात्र हो, जसरी उनीसँग मलाई जोडियो, त्यसमा कुनै सत्यता छैन।' पछि छवि ओझा र काशी श्रेष्ठले चलचित्र 'युगदेखि युगसम्म' मा मुख्य भूमिकामा काम गर्न आग्रह गरेको राजेश बताउँछन्। चलचित्रका निर्माता आफैं आएर आग्रह गरेपछि उनले युगदेखि युगसम्ममा काम गरेका थिए। संयोगले यो चलचित्रको निर्देशन दीपक रायमाझीले नै गरेका थिए, तर राजेश रायमाझीलाई गडफादर मान्न तयार छैनन्।

## निरुतालाई रोक्यो डरले

यदि चलचित्र डर हिट नभएको भए अभिनेत्री निरुता सिंहले सिमाना काटिसकेकी हुन्थिन्। धन्न पछिल्लो चलचित्र हिट भयो र उनी यहीं छिन्। अहिले त उनको मन फेरिएको छ। निरुताले अरू पनि केही चलचित्रमा अभिनय गर्ने योजना बनाएकी छिन्। आफ्ना पछिल्ला केही चलचित्र लगातार असफल भएपछि निरुताले इन्टेरियर डिजाइनर बन्ने योजना बनाएकी थिइन्। आफ्ना दौंतरीहरूसमेत इन्टेरियर डिजाइनर भएका कारण उनले पनि यही पेसा अपनाउने योजना बनाएकी हुन् तर उनको योजना केही महिनाका लागि तुहिएको छ। मुम्बईमा आफ्ना साथीहरूलाई भनेर कोठासमेत बन्दोबस्त गरेकी निरुतालाई डर हिट भएपछि भने नेपाली चलचित्रमा आफ्नो दिन फिरेको हो कि जस्तो लागेको छ।



# डब्लिन चलचित्र महोत्सवमा नेपाली विषय



डब्लिन-अघिल्लो शनिबारदेखि गत आइतबारसम्म अर्थात् लगातार नौ दिनसम्म विश्वभरिका करिब २५ वटा चलचित्र प्रदर्शन हुँदै डब्लिन अन्तर्राष्ट्रिय चलचित्र महोत्सव २००८ सम्पन्न भएको छ। विगत पाँच वर्षदेखि आयरल्यान्डको राजधानी डब्लिनमा आयोजना भैरहेको यो महोत्सवमा यसपटक हलिउडका कलाकारहरूसमेत सहभागी भएकाले अघिल्ला वर्षको तुलनामा यसपटकको महोत्सवको रौनक बेग्लै भएको आयोजक पक्षले जनाएका छन्।

अझ महोत्सवमा प्रदर्शित एउटा वृत्तचित्र फेयरी टेल अफ काठमाडौंको विवादास्पद विषयवस्तु आयरल्यान्डका सञ्चारमाध्यममा प्रमुख समाचार बनेपछि महोत्सवप्रति दर्शकहरूको आकर्षण ह्वात्तै बढेको थियो।

महोत्सव प्रारम्भ हुनुअघि नै महिला निर्देशक निशा नि सिहानको फेयरी टेल अफ काठमाडौं चर्चामा आयो। सम्पूर्ण छायांकन काठमाडौंमा गरिएको यो वृत्तचित्रप्रति दर्शकहरूको बढ्दो रुचिका कारण यसलाई महोत्सवमा दुई पटक प्रदर्शन गरिएको थियो, तर दुवै प्रदर्शनका टिकट अनलाइनमा बिक्रीका लागि राखिएको केही समयमै बिक्री भएपछि वृत्तचित्र हेर्न इच्छुक ठूलो नेपाली समुदाय निराश बन्यो।

नेपालमा छायांकन भएको, नेपाली भाषाको समेत प्रयोग गरिएको अनि नेपालकै विषयवस्तु समावेश गरिएकाले आयरल्यान्डमा बसोबास गर्ने नेपालीहरूले यो वृत्तचित्रप्रति रुचि नदेखाउने कारण थिएन, तर वृत्तचित्रका प्रमुख पात्र आइरिस भएकाले आयरल्यान्डका दर्शकका लागिसमेत फेयरी टेल अफ काठमाडौं एक पटक हेर्नैपर्ने वृत्तचित्र सावित भयो।

फेयरी टेल अफ काठमाडौंका कथा आयरल्यान्डको एउटा सहर डोनेगलमा जन्मिएका क्याथल (आइरिस उच्चारण काहाल) आइरिस भाषाका वरिष्ठ कवि भएको देखाइँदै प्रारम्भ हुन्छ। स्कुलजीवनदेखि नै उनी आफूजस्तै युवकहरूप्रति आकर्षित थिए। एकताका त उनी एउटा युवकको प्रेममा पागलजस्तै भएका थिए, तर ती युवक आफूजस्तै समलिंगी (गे) नभएको थाहा पाएपछि क्याथल निराश हुन पुगे। स्कुले जीवन पार गरेर कलेजमा पुग्दासमेत उनलाई निराशाले छाडेन। विवाह गर्ने उमेर पुग्दासमेत उनी एक्लै थिए। यसबीच नेपालको शान्त वातावरणमा राम्रा कविता फुर्ने तथा मन पनि बहलिने जुक्ति अचानक उनको मनमा फुऱ्यो। त्यसैले पहिलो पटक करिब दस वर्षअघि उनी नेपाल पुगे। नेपाल बसाइका क्रममा उनले आफू समलिंगी भएको त कसैलाई जानकारी नै दिएनन् तर आफ्नो वासना मेटाउने प्रयासमा भने उनी जुटिरहे। सोही क्रममा उनले प्रेम नाम रहेका एक जना नेपाली भेटे जसलाई उनले धर्मपुत्र पनि बनाएर आयरल्यान्ड ल्याए, उनको जीविकोपार्जनका लागि ठमेलमा एउटा क्युरियो पसलसमेत खोलिदिए। सुनिन्छ, प्रेम अहिले आयरल्यान्डमै छन्। वृत्तचित्रका निर्माता डेभिड रोनीले साप्ताहिकसँगको भेटमा भने- प्रेम अहिले हाम्रो सम्पर्कमा छ।

यसबीच काठमाडौंको बुद्ध होटलको बसाइका क्रममा उनको कोठामा दर्जनौं नेपाली किशोर आएको वृत्तचित्रमा देखाइएको छ। कतिपयले त कविसँग रात नै बिताएका छन्। आयरल्यान्ड जान पाइने, नेपालमै बसेर पनि पैसा पाइने, अंग्रेजी सिकाइदिने समलिंगी कविको प्रलोभनका कारण नेपाली किशोरहरू उनको वासनाको सिकार भैरहे। वृत्तचित्रको अन्त्यमा निर्देशक निशाले केही पीडित किशोरहरूसँग अन्तर्वार्तासमेत लिएकी छिन्, जसमा ती किशोरहरूले आफूहरू लुटिएको, कविका मीठा प्रलोभनमा फसेको तथा आगामी दिनमा अन्य नेपाली किशोरहरूलाई त्यस्ता विदेशीबाट लुटिन नदिने प्रण गरेका छन्।

यसबीच काठमाडौंस्थित भ्वाइस अफ चिल्डेन नामक एउटा संस्थाले आइरिस कविबाट पीडित नेपाली किशोरहरूलाई परामर्श दिइरहेको निर्देशक निशाले बताएकी छिन्। हामीले पनि पीडित किशोरहरूलाई परामर्श दिन उक्त संस्थालाई सहयोग गरेका छौं, निशा भन्छिन्– कविको त्यो कर्तुतले अन्य आइरिस नागरिकलाई समेत नेपाल जान लाजमर्दो भएको छ। सबै आइरिस त्यस्ता हुँदैनन् भन्ने सन्देश नेपालीहरूलाई दिनु आवश्यक छ।

महोत्सवको पहिलो दिन अघिल्लो शनिबार मार्टिन म्याकडोनागको चलचित्र इन ब्रुगेज प्रदर्शन भएको थियो। सोही दिन प्रदर्शित हलिउडको चलचित्र ब्याटल इन सटल हेर्न हलिउडकै कलाकारहरू स्टुआर्ट टाउनसेन्ड तथा चार्लिज थेरन डब्लिन आउँदा आयोजकले महोत्सवको रौनक बढेको अनुभव गरेका थिए।

महोत्सवमा इजरायल तथा जर्मनीको चलचित्र स्विट मड, कोरियन चलचित्र आई एक अ साइबर्ग, कान्स २००७ मा प्रदर्शन भैसकेको वृत्तचित्र डन गियोभिन्नी, आयरल्यान्डकै चर्चित सांगीतिक समूह यु टुको कन्सर्टमा आधारित चलचित्र युटु थ्रिडीले दर्शकहरूको मन जितेको थियो। महोत्सवको अर्को आकर्षण यसै वर्षको ओस्कार एवार्डको मनोनयनमा परेको चलचित्र देयर विल बि ब्लडको प्रदर्शन रह्यो। गत आइतबार वितरण गरिएको ओस्कार एवार्डमा सर्वोत्कृष्ट अभिनेताको अवार्ड जित्ने आइरिस नागरिक ड्यानियल डे लेविसको उपस्थितिमा उनकै चलचित्र देयर विल बि ब्लडको प्रदर्शन पनि डब्लिन अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको आकर्षक पक्ष रह्यो। महोत्सवमा बेलायत, पोल्याण्ड, जर्मनी आदि युरोपेली देशका चलचित्रले भाग लिएको थिए।

**डब्लिनबाट कृष्ण भट्टराई**



## फुच्चेले हात पारे फिल्मफेयर

भारतको मुम्बई सहरमा गत शनिबार साँझ सम्पन्न ५३ औं फिल्मफेयर एवार्डमा सन् २००७ मा सबैतिर चर्चामा आएको चलचित्र 'तारे जमिन पर'का फुच्चे नायक दर्शिल सफारीले उत्कृष्ट अभिनेताको क्रिटिक्स एवार्ड थापे, जबकि शाहरूख खानले चलचित्र 'चकदे इन्डिया'बाट उत्कृष्ट अभिनेताको पुरस्कार पाए। चलचित्र 'तारे जमिन पर'का निर्देशक अमिर खान वर्षकै उत्कृष्ट चलचित्र निर्देशक सावित भए। प्रेमकथामा आधारित चलचित्र 'जब वी मेट'बाट नायिका करिना कपुरले उत्कृष्ट अभिनेत्रीको पुरस्कार थापिन् भने संगीतकार एआर रहमान चलचित्र 'गुरु'बाट फेरि एकपटक उत्कृष्ट संगीतकार मानिए।

कडा सुरक्षाबीच मुम्बईको यशराज स्टुडियोका सम्पन्न यस पटकको फिल्मफेयर एवार्ड वितरण समारोहलाई निर्देशक करण जौहर तथा नायिका विद्या वालनले औपचारिक तरिकाबाट सञ्चालन गरे पनि 'ड्युडस् अफ द इभनिङ' भनेर मुखमा फेसप्याक लगाएर, नीलो रुमाल बेरेर निकै अनौपचारिक तरिकाबाट नायकद्वय शाहरूख खान र सैफअली खानले दर्शकहरूलाई निकै बेर मनोरञ्जन प्रदान गरे। हिमेश रेशमियाँले आफ्नो नाके स्वरका गीतहरू प्रस्तुत गरेको उक्त कार्यक्रममा अक्षयकुमार, दीपिका पादकुण, करिना कपुर, विवेक ओवराय आदिले रमाइलो नृत्य देखाएका थिए। आफ्ना बेलाका निकै चर्चित रोमान्टिक नायक ऋषि कपुरलाई 'लाइफ टाइम एचिभमेन्ट एवार्ड' प्रदान गरिएको उक्त कार्यक्रमको भिडियो रेकर्ड पर्सि आइतबार साँझ सोनी इन्टरटेन्मेन्ट टेलिभिजनले प्रसारण गर्दैछ।

## ओस्कारमा युरोप हावी



विश्व चलचित्र जगत्मा सर्वाधिक वृहद् मानिएको चलचित्र पुरस्कार ओस्कार असी वर्षको भएको छ। गत आइतबार वितरित उक्त एवार्ड वितरण समारोहमा चलचित्र 'दियर विल वी ब्लड'बाट आयरल्यान्डका नायक डेनियल डे लुइस्ले उत्कृष्ट अभिनेताको पुरस्कार थापे। त्यसैगरी फ्रान्सकी अभिनेत्री मारिओन कोटिलार्डले चलचित्र 'ला भि एन रोज' चलचित्रबाट उत्कृष्ट अभिनेत्रीको एवार्डमा अधिकार जमाइन्। स्पेनका जेभियर वार्डनले चलचित्र 'नो कन्ट्री फोर ओल्डम्यान'बाट उत्कृष्ट सहअभिनेताको पुरस्कार पाए भने स्कटल्यान्डकी अर्की अभिनेत्री टिल्डा स्विल्टोनले चलचित्र 'मिचेल क्लेटोन'बाट उत्कृष्ट सहअभिनेत्रीको पुरस्कार पाइन्। हलिउडको कोडाक थियटरमा सम्पन्न असीऔं ओस्कार एवार्ड वितरण कार्यक्रममा चलचित्र 'नो कन्ट्री फोर ओल्डम्यान' सर्वोत्कृष्ट ठहरियो भने त्यही चलचित्रका निर्देशकद्वय जोयल र इथान कोन उत्कृष्ट निर्देशक मानिए। ओस्कार वितरण समारोहमा धेरैजसो पुरस्कार युरोपियन राष्ट्रका कलाकारहरूको पोल्टामा पऱ्यो। एनिमेटेड चलचित्रमा फ्रान्सको पेरिस सहरको कथा बोकेको मुसा नायक भएको चलचित्र 'ऱ्याट्याटुली'ले पुरस्कार पायो भने विदेशी भाषाको चलचित्रमा अस्ट्रियाको चलचित्र 'द कन्टरफिटर्स' उत्कृष्ट घोषित भयो।

## रेश्माले तताइन् फेसन सो



बुटवल– थरीथरीका आकर्षक पहिरनमा मोडलहरूले क्याटवाक गर्दा फेसन सो हेर्न उपस्थित सहभागीहरू त्यसै गर्माएका थिए, त्यसमाथि चर्चित गायिका रेश्मा सुनुवारका गीत र राजधानीको युनभर्सल डान्स ग्रुपका कलाकारको नृत्यले सोमबार साँझ नाङ्लो वेस्ट पूरै तात्यो। स्कुल अफ आर्ट एन्ड फेसन टेक्नोलोजी (साफ्ट) बुटवलको आयोजनामा वर्षमा एकपटक मात्र हुने फेसन सो यसपटक फरक मात्र भएन, फेसनपारखीलाई पर्याप्त सांगीतिक मनोरञ्जन प्रदान गर्न सफल पनि भयो।

बुटवल गोलपार्कस्थित नाङ्लो वेस्ट रेस्टुरेन्ट प्राङ्गणमा आयोजित फेसन सोको आकर्षण नै गायिका सुनुवार र राजधानीका क्यासिनोहरूमा नृत्य गर्ने युनिभर्सल डान्स ग्रुपका व्यावसायिक कलाकारहरू नै भए, जसको प्रस्तुति बुटवलका लागि पहिलो थियो। 'क्या मीठो गीत गायो लाहुरे दाइले', 'जुनीभरिलाई' र 'मै ठूली भइछु रे' गरी तीनवटा गीत गाएकी रेश्माको 'मै ठूली भइछु रे' लाई सहभागीहरूले वान्समोर भन्दै हुटिङ गरेपछि दोहोऱ्याउनुपऱ्यो। अर्धनग्न पहिरनमा उपस्थित युनिभर्सल डान्स ग्रुपका पूनम श्रेष्ठ, अलिना राई, दीपा छेत्री, कुन्सु प्रधान तथा शिव श्रेष्ठ, सुरज, धीरेन प्रधान आदिले नेपाली, हिन्दी र अंग्रेजी रिमिक्स गीतमा गरेको उत्तेजक नृत्यले सहभागीहरूलाई धीत मरुन्जेल नचाएको थियो।

१ हजार रुपैयाँ प्रतिटिकटका कारण ५ सय जनाको हाराहारीमा मात्र उपस्थिति रहेको कार्यक्रम साँझ ६ बजेदेखि राति १० बजेसम्म चलेको थियो। फेसन सोमा साफ्टका विद्यार्थीहरूले डिजाइन गरेका सारी, सुट, लेहंगा, इभिनिङगाउन, वन पिस आदि पहिरनलाई २० जना मोडलमार्फत प्रस्तुत गरिएको थियो। बुटवलको पहिलो फेसन डिजाइनिङ स्कुल साफ्टले विगत चार वर्षदेखि फेसन सो गर्दै आएको छ।

**–टोपराज शर्मा**

## सानो पर्दा

-टेलिभिजनका कार्यक्रमहरू लोडसेडिङको मारमा परेका छन्। दैनिक आठ घण्टाको लोडसेडिङका कारण केही चर्चित टेलिभिजन कार्यक्रमहरू हेर्नबाट दर्शक वञ्चित भएका छन्। दर्शकहरू उक्त कार्यक्रम हेर्नबाट वञ्चित नहुन् भनेर केही टेलिभिजन कार्यक्रम पुनः प्रसारण गरिएको पाइँदैन। यसका साथै चर्चा हुन सक्ने कार्यक्रमको विज्ञापन पनि गरिँदैन। यसैको मारमा परेको छ नेपाल टेलिभिजन-२ मा प्रसारण भैरहेको नृत्य प्रतिस्पर्धाको कार्यक्रम 'घिन्ताङ'। विगत बीस सातादेखि प्रसारित उक्त कार्यक्रम प्रतिस्पर्धी कलाकारहरूका रोचक नृत्यका कारण चर्चित भैरहेको छ। कार्यक्रमकी एक प्रतिस्पर्धीका अनुसार कार्यक्रमलाई प्रसारण संस्था नेपाल टेलिभिजन-२ ले त्यति वास्ता गरेको छैन। उनीहरूलाई 'नेपाल टेलिभिजन नाइट'मा पनि 'साइड डान्सर' मात्रै बनाइयो। १ हजार ३५ जना आवेदकबाट अडिसन गराई ६ सयको हाराहारीमा छनौट भएका प्रतिस्पर्धीहरू विभिन्न चरणमा प्रतिस्पर्धा गर्दै कार्यक्रममा हाल उत्कृष्ट ३५ जना बाँकी छन्। मोडल तथा नायिका शशी खड्काद्वारा सञ्चालन भैरहेको कार्यक्रम हरेक शुक्रबार राति पौने ९ बजे प्रसारण हुन्छ।

-एकताका चलचित्र लेखक र त्यसपछि चलचित्र निर्देशकका रूपमा चर्चामा आएका ओम प्रतीकलाई अचेल दर्शकहरू टेलिश्रृंखलाका नायकका रूपमा चिन्न थालेका छन्। नेपाल टेलिभिजनबाट हरेक मंगलबार राति सवा नौ बजे प्रसारण हुने पारिवारिक टेलिश्रृंखला 'भाग्य आफ्नो'मा ओम प्रतीक नायक छन्। ओमकै निर्देशन रहेको उक्त श्रृंखलामा सुस्मिता कार्की र सिरु विष्ट नायिका छन्। बुधबार दिउँसो साढे चार बजे पुनः प्रसारण हुने यो श्रृंखलामा पटकथा तथा संवाद प्रदीप भारद्वाजको छ।

-चलचित्र 'किस्मत'बाट सेल्युलाइड चलचित्र नायक भएका आर्यन सिग्देल नेपाल टेलिभिजनबाट हाल प्रसारण भैरहेको पारिवारिक टेलिश्रृंखला 'सिन्दूर'को १५ वटा श्रृंखलामा देखा परे पनि उनी त्यसपछि चलचित्रहरूमा व्यस्त भएकाले उक्त श्रृंखलामा देखा परेका छैनन्। योगेश घिमिरेद्वारा निर्देशित उक्त श्रृंखला ७३ भाग प्रसारण भैसकेको छ। हरेक बुधबार राति ९:१० मा प्रसारण हुने यो श्रृंखलामा दीपक त्रिपाठी, सुमन सिंह, गरिमा पन्त आदिको मुख्य भूमिका छ भने हेमन्त बुढाथोकी खल चरित्रमा देखिएका छन्। यो श्रृंखला हरेक बिहीबार दिउँसो साढे दुई बजे पुनः प्रसारण गरिन्छ।



## लभ गुरु रेखा





म बीस वर्षीया अविवाहित युवती हुँ। म अहिले बीबीएस तेस्रो वर्षमा अध्ययनरत छु। पन्ध्र वर्षअघि जातीय परम्पराअनुसार मेरो विवाहका निम्ति बाबा–आमाले एक जना युवकसँग वाचाबन्धन गर्नुभएको रहेछ। अहिले आएर बाबा–आमाले मलाई त्यही युवकसँग विवाह गर्नुपर्छ भन्दै हुनुहुन्छ। मैले उक्त युवकसँग विवाह नगरे समाजमा उहाँहरूको नाकै काटिन्छ रे। अन्धविश्वासी मान्यताअनुरूप उहाँहरूको भनाइ ठीक होला, तर म अर्कै युवकसँग प्रेम गर्छु। ऊ पनि मसँग चोखोप्रेम गरिरहेको छ। हामीले एक–अर्कासँग नछुट्टिने वाचा पनि गरेका छौं। मैले बाबा–आमालाई उसका बारेमा बताएर अन्धविश्वासी मान्यता त्याग्नुपर्छ भनी जिद्दी गरेकी छु। उहाँहरू मान्नुहुन्न के गर्नें ? मेरा आफ्नै बाबा–आमाबाट मेरो व्यक्तिगत स्वतन्त्रता खोसिंदैछ। म उहाँहरूको चित्त दुखाउन पनि चाहन्नँ र मेरो प्रेमीसँग छुट्टिन पनि चाहन्न। म के गरूँ ?

परिचय खोल्न नचाहने

तपाईंले ती युवकलाई भेट्नुभएको छ कि छैन, जोसँग तपाईंको विवाहको कुरा तय भएको छ ? यो कुरा पनि पत्रमा उल्लेख गर्नुभएको भए समस्या समाधानमा उपाय निस्कन सक्थ्यो। यदि तपाईंले ती युवकलाई भेट्नुभएको छैन भने अविलम्ब भेट्नुहोस् र यो समस्याका बारेमा जानकारी गराउनुहोस्। यदि युवकले नै यो विवाह नगर्ने बतायो भने समस्या समाधान गर्न सजिलो हुनेछ। मलाई लाग्छ, तपाईंले आफ्नो प्रेमीलाई पनि ऊसँग भेटाउनुभयो र सोहार्दपूर्ण तरिकाबाट कुराकानी गर्नुभयो भने स्थिति सजिलै सहज बन्नेछ। यदि युवकले नै विवाह नगर्ने कुरा तपाईंका अभिभावकलाई बताए भने तपाईंको समस्या स्वतः समाधान हुनेछ। अहिलेको आधुनिक समाजमा हुर्किएका युवापुस्ता सम्भवतः यस्ता अन्धविश्वासको पछाडि लाग्दैनन् होला।

पाठकहरुको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय–सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## फिल्मी खबर

**अनेकौं** चलचित्रमा सहायक निर्देशक भएर काम गरेका नवल नेपालले चलचित्र 'तस्बिर'को निर्देशन गरिरहेका छन्। मायामा समर्पण हुन्छ, मायामा त्याग हुन्छ, बदलामा केही चाहिँदैन, कसैलाई मन पराउनु नराम्रो होइन, तर पाउनु आवश्यक छैन भन्ने सन्देश बोकेको यो चलचित्रको हालै काठमाडौंको भद्रकालीमा शुभसाइत गरियो। त्यसलगत्तै छायाँङ्कन आरम्भ भएको यो चलचित्रमा दिलीप रायमाझी, सुशील छेत्री, गणेश उप्रेती, रिमेश अधिकारी, सौजन्य सुब्बा, पुष्पराज गुरुङ, प्रेरणा शर्मा आदिले अभिनय गरिरहेका छन्। रिमेश अधिकारीको प्रस्तुति तथा विष्णु पुरुष, कुमार पुरुष र विनोदरत्न तुलाधरको निर्माणमा छायाङ्कन कार्य तीव्रताका साथ भैरहेको यो चलचित्रमा द्वन्द्व सानुकुमार महर्जन, नृत्य बब्बु शंकर, छायाङ्कन युवराज राई तथा गीत वसन्त सापकोटाको हुनेछ।

**केही** महिनाअघि शुभसाइत गरिएको चलचित्र 'पलपलमा'को छायाङ्कन नायक दिलीप रायमाझीको समय अभावका कारण हुन सकिरहेको थिएन। अघिल्लो सातादेखि उक्त चलचित्रको छायाङ्कन सुरु भएको छ। सागर पराजुलीको निर्माण एवं उकेश दाहालको निर्देशन रहेको चलचित्र 'पलपलमा'मा नायक रायमाझीका अतिरिक्त रमित ढुंगाना, विक्रान्त बस्नेत, उषा पौडेल, अरुणिमा लामा, शशी खड्का आदि कलाकारले अभिनय गरिरहेका छन्। चलचित्रमा महेश खड्काको संगीत सुन्न पाइनेछ।


**खोटाङको** ऐंसेलुखर्कमा ल्याब्स् हाइभिजन हल नामक पहिलो चलचित्र भवन सञ्चालनमा आएको छ। विद्युत् लाइन नपुगेको ऐंसेलुखर्कमा ७ सयवाट क्षमताको जेनेरेटरको सहयोगमा नेपाली चलचित्र देखाइनेछ। नेपाली चलचित्रका दर्शक बढाउन स्थानीय व्यवसायी लालबहादुर राजभण्डारीले स्थापना गरेको बाँसले बारिएको उक्त चलचित्र भवनमा १ सय ६० जनासम्म दर्शक अटाउँछन्। चलचित्र हेर्न खोटाङ र सोलुखुम्बु सीमावर्ती एक दर्जन गाउँ विकास समितिका बासिन्दाहरूको लस्कर नै लाग्ने गरेको छ।





**भिजुयल** प्रोडक्सनले निर्माण गरिरहेको रहस्यमय एडभेन्चर चलचित्र 'यतिको खोजीमा'को छायाङ्कन सकिएको जानकारी चलचित्रमा निर्देशक सन्तोष ढकालले दिएका छन्। नेपालको हिमाली खण्डमा रहस्यमय रूपमा अस्तित्वमा रहेको भनिएको प्राणी यतिसंगको संघर्षलाई समेट्न खोजिएको उक्त चलचित्रमा यतीको खोजीलाई मनोरञ्जक रूपमा प्रस्तुत गरिएको छ। यति देखिएको भनिएको रसुवाको लाङटाङ क्षेत्र तथा त्यसवरिपरिका रमणिय एवं विकट ठाउँहरूमा चलचित्रको छायाङ्कन गरिएको छ। चलचित्रका द्वन्द्व निर्देशक रोशन श्रेष्ठका अनुसार ४ हजार ३ सय मिटरको उचाइमा चलचित्रका द्वन्द्वका दृश्यहरूको छायांकन गरिएको छ। अंग्रेजीमा सब टाइटलिङ गरी विदेशी मुलुकहरूमा च्यारिटी शो गर्ने तैयारी भैरहेको यो चलचित्र चैतको अन्तिमसम्ममा नेपाली दर्शकमाझ प्रस्तुत गरिने भएको छ। चलचित्रमा यतिको क्यारेक्टरलाई एनिमेसन गरी देखाइँदैछ।

**चलचित्र** 'मैदान' र 'जीवनदाता' को प्रदर्शनपछि निर्माता सुशील पोखरेल चलचित्र 'जय शिवशंकर' को निर्माणमा जुटेका छन्। मदन घिमिरेको निर्देशन रहने भनी निकैअघि घोषणा गरिएको यो चलचित्र द्वन्द्वप्रधान सामाजिक चलचित्र हुनेछ। विकास आचार्यद्वारा लिखित चलचित्र 'जय शिवशंकर' मा राजेश हमाल, निखिल उप्रेती र राजेश ढुंगाना क्रमशः जय, शिव र शंकरको भूमिकामा देखिनेछन्।

**तन्नेरी** निर्देशक श्याम भट्टराईद्वारा निर्देशित दोस्रो चलचित्र यतिबेला पोखरामा छायांकनको क्रममा छ। पोखरासँगै यहाँका रमणीय स्थानहरूमा चलचित्रको धमाधम सुटिङ भैरहेको छ। नायक राजेश हमाल, रञ्जना शर्मा आदि कलाकारका साथ यतिबेला सुटिङ युनिट कास्कीको पर्यटकीय गाउँ धम्पुसमा व्यस्त छ। प्रेम र पारिवारिक समस्यालाई उजगार गर्ने उद्देश्यले निर्माण गर्न लागिएको चलचित्रको सतप्रतिशत छायांकन पोखरा आसपासको स्थानमा गरिने निर्माण पक्षले जनाएको छ। संजय कुटुको निर्माण रहेको चलचित्र मौसममा वसन्त श्रेष्ठको नृत्य, सुरेश अधिकारीको संगीत तथा हिमाल केसीको द्वन्द्व छ। चलचित्रमा आर्यन सिग्देल, बालदीप राई, गणेश उप्रेती आदिको पनि अभिनय हेर्न पाइनेछ।









# आमा बन्न हतार छैन

जतिसकै कठोर मन भए पनि हरेक नारीले विवाहपछि आमा बन्ने सपना पालेकै हुन्छन्। दिनचर्या जतिसुकै चर्चित भए पनि विवाहपछि अभिनेत्रीहरूसमेत आमा बन्न आतुर हुन्छ, तर अभिनेत्री अरुणिमा लम्सालले भने अहिल्यै आफूलाई आमा बन्न हतार नभएको बताएकी छिन्। एक चलचित्रको सुटिङमा संवादाताहरूले अरुणिमालाई अब त आमा बन्ने बेला भएन र भनेर जिस्क्याएका थिए, अरुणिमाले स्वाभाविक रूपमा भनिन्– 'अहिल्यै आमा बन्यो भने त कसले चलचित्र दिन्छ र ? अझै पाँच वर्ष शिशु जन्माउने सुर छैन।' सुरसार भएपछि खबर गरौंला भन्नसमेत उनी पछि परिनन्।

विवाहपछि कतिपय अभिनेत्रीले काम नपाएर घरमै थन्किनुपरे पनि अरुणिमालाई भने विवाहले खासै असर गरेको छैन, तर आमा भएपछि भने काम नपाइएला कि भन्ने डर उनमा छँदैछ, त्यसैले उनी आमा बन्न नहतारिएकी हुन्।

आउँदा वर्षमा अझ धेरै र राम्रा चलचित्रमा काम गरेर दर्शकको स्याबासी कमाउने उनको चाहना छ। त्यसो त अर्की अभिनेत्री रञ्जना शर्माको योजना पनि अरुणिमाको भन्दा फरक छैन। निर्देशक श्याम भट्टराईसँग करिब डेढ वर्षअघि वैवाहिक बन्धनमा बाँधिएकी रञ्जना पनि दुई-चार वर्ष आमा नबन्ने सुरमा देखिन्छिन्। रञ्जना भन्छिन्– 'म अहिले आफ्नो क्यारियरप्रति चिन्तित छु, आमा बन्न हतार छैन।' टेलिचलचित्र गहनाबाट रजतपटको यात्रा आरम्भ गरेकी रञ्जनाले पछिल्लो पटक आफ्नै श्रीमान्को निर्देशनमा निर्मित मर्यादा अ बोर्डरमा मुख्य भूमिका निर्वाह गरेकी छिन्। पछिल्ला दिनमा अन्य ब्यानरबाट समेत प्रस्ताव आएको उनले बताइन्।

विवाहपश्चात केही समय बेरोजगारजस्तै हुन पुगेकी सञ्चिता लुइँटेलको आमा हुने सपना अभिनय प्रस्तावको ओइरो लागेपछि केही समयका लागि थाँती लागेको थियो, तर हाल उनको पारपाचुकेसमेत भइसकेको छ। विवाह भएपछि क्रेज केही कम भए पनि अवसरै नपाइने सम्भावना हुँदैन, तर आमा बनिसकेपछि चलचित्रको प्रस्ताव पनि नआउन सक्छ भन्ने कुरामा अभिनेत्रीहरू सचेत छन्। त्यसकारण पनि अभिनेत्रीहरू आमा बन्न उत्सुक हुँदैनन्। चर्चित अभिनेत्री रेखा थापा, सिरियल क्विन सरिता लामिछाने जस्ता अभिनेत्रीले पनि क्यारियरको चिन्ता गर्दागर्दै आमा हुन भ्याएका छैनन्।

नेपाली चलचित्र बलिउडको फर्मुलाबाट प्रेरित भएजस्तै नेपाली अभिनेत्रीले समेत भारतिय अभिनेत्रीको सिको गर्न थालेका छन्। अधिकांश अभिनेत्रीहरू तीस कट्दासमेत विवाह गर्दैनन्, विवाह गरेकाहरू पनि आमा बन्ने हिम्मत गर्दैनन्। भारतमा पनि विवाह गरेका अभिनेत्रीलाई अभिनयको प्रस्ताव कम आउँछ भने आमा भैसकेपछि चलचित्र पाउन गाऱ्हो हुन्छ। माधुरी दीक्षित, करिश्मा कपुर, काजोल, सोनाली बेन्द्रे, जुही चावला आदि अभिनेत्रीले विवाह गर्नुअघि अभिनयलाई निरन्तरता दिन्छु भने पनि आमा बनेपछि उनीहरू अभिनयमा सक्रिय हुन सकेका छैनन्।



# राजनैतिक अस्थिरताले लोकक्षेत्र संकटमा



कुमार बस्नेत

**जम्का भेट**

संखुवासभाको चैनपुरमा जिल्लास्तरीय लोकगीत रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन गर्न पुगेका लोकगायक कुमार बस्नेतसँग सुरेन्द्र सुवेदीले गरेको कुराकानीको केही अंश :

**लोकगीत/लोकसंस्कृति के हो ?**

परम्परागत धार्मिक, सांस्कृतिक (जस्तो लाखेनाच, कुमारी, भजन, बालन, संगिनीसमेत) का साथै गाउँबाट सिर्जना भएका गीतहरू लोकगीत हुन्। यी सबैको मिश्रण लोकसंस्कृति हो।

**हाल लोकगीतको अवस्था कस्तो छ ?**

गाउँबाट सिर्जना भएको भनेर हेंलाको दृष्टिले हेरियो। लोकगीत दाउरे, बन्चरे, घाँस काट्नेहरूको मात्र हो भनियो। त्यसैले यसले फैलने अवसर पाएन। नेपालका मिडियाले विदेशी गीत र संस्कृतिलाई महत्त्व दिए। संस्कृतिमा चारैतर्फबाट आक्रमण भयो।

**यसका लागि कसले के-के गर्नुपर्छ ?**

सरकारले स्पष्ट नीति बनाउनुपर्छ। त्यति भए यसले फैलने अवसर पाउनेछ। रेडियो र टेलिभिजनमा फर्मायस गीत बज्ने समय नै छैन। त्यसका लागि समय मिलाउन सक्नुपर्‍यो।

**विश्वको तुलनामा हाम्रो लोकसंस्कृति कहाँ छ ?**

हामी संस्कृतिको धनी स्वर्गमा बसेर पनि नर्कमा छौं। विश्वका अन्य देशको तुलनामा हामी ४ सय वर्षपछाडि छौं। उनीहरूकहाँ प्रस्ट नीति तथा योजना छ, त्यसैले उनीहरू अगाडि छन्। हामी पनि प्रस्ट उद्देश्य लिएर नहिँडेसम्म पछिको पछि नै रहनेछौं।

**किन यस्तो हुँदैछ त ?**

राजनैतिक अस्थिरताले हो, राजनैतिक अस्थिरता नहटेसम्म यस्तै हुन्छ। नेताहरू संस्कृतिको विषयमा बोल्दैनन्। यसमा काम गर्ने संस्थाहरू सीमित छन्।

**कलाकारको अवस्था कस्तो छ ?**

पेट पाल्न कठिन छ। द्वन्द्व र अस्थिरताले गाउँ-बजार कहीं पनि कार्यक्रम गर्न सकिँदैन।

**लोकसंगीतका दृष्टिमा पूर्व र पश्चिम कुन क्षेत्र राम्रो देखिन्छ ?**

'पूर्वीया गीत राम्रो पश्चिमको नाच' भन्ने भनाइ ठीक छ।

## केवल एक प्रश्न

### तपाईंको विचारमा वकिल र पत्रकारमध्ये को बढी बाठा हुन्छन् र किन ?



तस्विर : नवराज वाग्ले

बाँच्नका लागि त सबै बाठा भैहाल्छन् नि, लाटा पनि बाठा भैहाल्छन्। मैले वकिलसँग संगत गर्न पाएको छैन, अहिलेसम्म कुनै बदमासी पनि गरेको छैन। पत्रकारहरूसँग संगत भएकाले पत्रकार बढी बाठा हुन् कि जस्तो लाग्छ।

**–आलोक नेम्वाङ, म्युजिक भिडियो निर्देशक**

पत्रकार बाठा हुन्छन्, सबैको विचार बुझेर समाजलाई सचेत बनाउनु उनीहरूको दायित्व हुन्छ, तर वकिल स्वार्थी हुन्छ। ऊ एउटा पक्षलाई बोकेर हिंड्छ। कसैको भविष्यलाई बिगार्न बाठो हुनुभन्दा समाज विकासका निम्ति सक्रिय हुनेलाई बाठो मान्नुपर्छ।

**–सुमन सिंह, नायक**

पत्रकार बाठा हुन्छन्। पत्रकारहरू काम पर्दा शत्रुको नजिक भएर पनि काम गर्न जान्दछन्। वकिल त आफ्नो पक्षका मानिसलाई जिताउन वकालत गर्छन्। त्यसैले एक पक्षका मानिससँग मात्र उनीहरूको सम्बन्ध हुन्छ। पत्रकार भने पत्रिकाको फाइदाका निम्ति नयाँ कुरा खोतल्ने काममा सक्रिय हुन्छन्।

**–अनुप बराल, रंगकर्मी**

पत्रकार बढी बाठा हुन्छन्। पत्रकार पनि एउटा कलाकार नै हो। दुवैको पछाडि कार लागेको हुन्छ। जस्तो स्क्रिप्टमा कलाकार बग्छ, परिस्थितिअनुसार कलाकार पनि त्यसरी नै हिंड्छ। पत्रकारले देशको रूपरेखा नै परिवर्तन गर्न सक्छ, तर वकिलले एउटा व्यक्तिको मात्र रूपरेखा परिवर्तन गर्न सक्छ।

**–प्रकाश पौडेल, गायक**

दुवै बाठा होलान् नि....., बाठा नभै उनीहरूका स्वास्नी-छोराछोरी कसरी पाल्छन् ? भन्नैपर्ने हो ? हामी कलाकारसँग नजिकको रिलेसन भएकाले पत्रकार नै बाठा हुन् कि जस्तो लाग्छ। मैले सुनेको पत्रकारलाई टाढा पनि राख्नुहुन्न र नजिक पनि पार्नुहुन्न रे, तर यसो किन भनिएको हो, त्योचाहिँ थाहा भएन।

**–दीपाश्री निरौला, हास्यकलाकार**



# बढ्दैछ भोजपुरी चलचित्रको बजार

वीरगन्ज– नेपालको मध्यतराई र भारतको विहारमा केही वर्षयता बढेको भोजपुरी चलचित्रको क्रेज र बजारले नेपाली चलचित्रका कलाकारहरूलाई पनि आकर्षित गर्न थालेको छ। नेपाली र भोजपुरी दुवै भाषामा निर्माण हुने यस्ता चलचित्रले नेपाल र भारतको चलचित्र बजारमा समेत दरिलो व्यापार गर्न थालेपछि भोजपुरी चलचित्र बन्ने क्रम ह्वात्तै बढेको छ। केही चलचित्र नेपाली निर्माता एक्लैले बनाएका छन् भने केही नेपाली तथा भारतीय दुवैतर्फका निर्माताको संयुक्त लगानीमा बनेका छन्। भारतीय निर्मातासँग मिलेर निर्माण गरे उताको अनुभव काम लाग्ने मात्र नभई भारतको मुम्बई, दिल्ली जस्ता महानगरहरूमा पनि चलचित्र प्रदर्शन गर्न सजिलो हुने गरेको छ।

भारतका रवि किशन, नगमा जस्ता नायक-नायिकाले भोजपुरी चलचित्रमा हात हालेर चम्कने र जम्ने मौका पाएपछि अमिताभ बच्चन, अजय देवगण, हेमा मालिनी जस्ता स्थापित नायक-नायिकाहरूसमेत निरन्तर रूपमा भोजपुरी चलचित्रको पर्दामा देखा पर्न थालेका छन्। निखिल उप्रेतीसहित अनेकौं नेपाली नायक-नायिकाले भोजपुरी चलचित्रमा काम गरेपछि अर्का एक्सन नायक विराज भट्ट किन पछि पर्थे ? अन्ततः उनले पनि भोजपुरी चलचित्रबाट आएको अफर स्वीकार गरिहाले। माघको अन्त्यदेखि मध्य तराईको पर्सा तथा बाराको सेरफेरोमा छायाङ्कन थालिएको 'लागल रह ए राजाजी' नामक भोजपुरी चलचित्रमा उनले पहिलो पटक अभिनय गर्दै छन्।

उक्त चलचित्रका अर्का नायक निखिल उप्रेती तथा नायिका झरना थापा मुलुक बाहिर गएकाले केही दिनका लागि छायाङ्कन रोकिएको कुरा बताउँदै विराज भट्टले भने- 'राम्रो ब्यानर तथा टिमबाट भोजपुरी चलचित्रको अफर आएकाले अस्वीकार गर्न सकिनँ।' अमिताभ बच्चन, अजय देवगणजस्ता स्थापित नायकहरू समेत भोजपुरी चलचित्रमा व्यस्त हुन थालेपछि हामीले पाएको अवसर गुमाउन नहुने उनको धारणा छ।

आफू अभिनीत पहिलो भोजपुरी चलचित्र भोजपुरी तथा नेपाली दुवै भाषामा निर्माण हुन लागेको बताउँदै यसबाट दुवै चलचित्र उद्योगले फाइदा उठाउन सक्ने भट्टको तर्क छ।

'एकातिर भोजपुरी चलचित्रले नेपालमा बजार विस्तारको मौका पाउँछ भने नेपाली कलाकारहरूले नेपाल/भारतमा ठूलो बजार रहेको भोजपुरी चलचित्रबाट आफ्नो ख्याति विस्तारको अवसर पाउँछन्'- उनको भनाइ छ। भोजपुरी चलचित्रमा पाएको पारिश्रमिक गोप्य राख्न चाहेका भट्टले त्यसबाट आफू सन्तुष्ट रहेको भने बताए।

भारतको देहरादूनमा अध्ययन गरेका भट्टको हिन्दी भाषामा राम्रो दखल भएकाले उनलाई भोजपुरी चलचित्रमा अभिनय गर्न खासै समस्या छैन। चलचित्रमा मुख्य पात्रको भूमिका पाएको बताउँदै उनले चलचित्रलाई सामाजिक परिवेशको रमाइलो कमेडीका रूपमा चित्रण गरे।

आफूले गरिब-बलवान युवक पात्रको अभिनय गरेको र आफूलाई अति माया गर्ने युवतीको मायालाई सधैं अस्वीकार गरी हिंड्ने गरेको उनले बताए। पहिलो भोजपुरी चलचित्र लगत्तै त्यही ब्यानरबाट अर्को चलचित्रमा सोलो हीरो तथा उदित नारायण एवं उद्धव पौडेलको संयुक्त लगानीमा निर्माण हुने अर्को भोजपुरी चलचित्रमा अभिनय गर्ने मौखिक सहमति गरिसकेको बताउँदै विराजले भने- 'राम्रो ब्यानरबाट अफर आएको खण्डमा भोजपुरी चलचित्रलाई निरन्तर दिइरहनेछु।'

नेपाली चलचित्र नै आफ्नो पहिलो प्राथमिकता रहने उनले स्पष्ट गरे। झन्डै तीन दर्जन नेपाली चलचित्रमा अभिनय गरिसकेका भट्टले यसो भन्दा छेउमै बसेकी नायिका तथा भोजपुरी चलचित्रकी स्थापित नायिका रानी चटर्जीले विराजको प्रशंसा गर्दै भनिन्- 'विराज भोजपुरी चलचित्र जगत्मा एक्सन नायकका रूपमा स्थापित हुँदैछन्।'

विराजको नृत्य कौशलबाट समेत आफू प्रभावित भएको उनले बताइन्। पहिलो भोजपुरी चलचित्रमै नायिका चटर्जीसँग अभिनय गर्न पाउनुलाई विराजले राम्रो अवसरका रूपमा लिएका छन् भने रानीले पनि सक्षम तथा क्षमतावान् नेपाली नायकसँगको आफ्नो अभिनय अनुभव अत्यन्त सुखद एवं रोचक रहेको बताइन्। फरासिली रानीले केही दक्षिण भारतीय एवं बंगाली चलचित्रमा समेत अभिनय गरिसकेकी छिन्। मुम्बईकी स्थायी बासिन्दा रानीलाई पहिलो ब्रेक उनकै काका अजय सिन्हाले भोजपुरी चलचित्रमा दिएका थिए।

चार वर्षयता दुई दर्जनभन्दा बढी भोजपुरी चलचित्रमा अभिनय गरिसकेकी रानीलाई अहिलेसम्म भोजपुरी भाषा सिक्न नपाएकोमा भने थकथक लागेको छ। दुई पटक उत्कृष्ट नायिकाको अवार्ड हात पारिसकेकी रानीका ससुराले निर्माण गरेको बडा पैसावाला नामक भोजपुरी चलचित्र गोल्डेन जुबली मनाउने एक मात्र भोजपुरी चलचित्र हो। उनी यही चलचित्रबाट सुपरस्टार नायिकाका रूपमा स्थापित भएकी हुन्। यो चलचित्रले भारतमा मात्र ४० करोड भारतीय रुपैयाँको व्यापार गरिसकेको छ। रानी अभिनीत 'दामादजी', 'बन्धन टुटे ना' र 'गंगा मैया तोहे चुनरी चढैबो' समेत गरी तीन भोजपुरी चलचित्रले सिल्भर जुबली मनाएका छन्।

नेपाली चलचित्रबाट अफर आए आफू अभिनय गर्न तयार रहेको बताउँदै भाषिक समस्याका बारेमा भने सँगै बसेका विराजतर्फ संकेत गर्दै रानीले भनिन्- 'विराजले सिकाइहाल्छन् नि।' चलचित्रका निर्देशक राजकुमार आर पाण्डेले पनि विराजबाट आफू अत्यन्त सन्तुष्ट रहेको बताए। सातौं भोजपुरी चलचित्रको निर्देशन गरिरहेको बताउने पाण्डे नेपाल र नेपालीबाट आफू अत्यन्त प्रभावित रहेको बताउँदै भन्छन्- 'नेपालीहरू अत्यन्त शान्त र प्यारा छन् तर पनि थाहा छैन यहाँ किन समस्या भैरहेको छ ?' उनले तराईमा जारी हत्या/हिंसा एवं बन्द/हडतालतर्फ संकेत गरे।

**–शंकर आचार्य/पवन यादव**

# किड्स अफ द इयर सम्पन्न



काठमाडौं- लाजिम्पाटस्थित प्रिन्सेज बुटिकद्वारा तयार पारिएको पहेलो रंगको कमिज र पाइन्टमा सजिएका १२ जना बालक तथा पहेलो रंगकै वनपिस पहिरनमा सजिएका २० जना बालिकाले सामूहिक रूपमा नयाँ नेपालको राष्ट्रिय गान गाएपछि प्रारम्भ भएको थियो– किड्स अफ द इयर २००८ को प्रतिस्पर्धा।

गत शुक्रबार ग्यालेक्सी मोडलिङ एजेन्सीले राजधानीस्थित प्रज्ञाभवनमा सञ्चालन गरेको बालबालिकासँग सम्बन्धित उक्त प्रतिस्पर्धा परिचयात्मक चरण, बेस्ट ड्रेस र प्रश्नोत्तर चरणका साथ अन्ततः विजेता छनौट गरी सम्पन्न भएको थियो। कार्यक्रमलाई मनोरञ्जनपूर्ण बनाउन रीजा उप्रेती, मदन गोपाल र विजय राईका गीत तथा महादेव त्रिपाठीको हास्यप्रस्तुति समेटिएको थियो। सोफिया महर्जनको कोरियोग्राफीमा सम्पन्न प्रतिस्पर्धामा बालकतर्फ आविष्कारजंग शाह र बालिकातर्फ युशा श्रेष्ठ विजेता छनौट गरिए।

यसैगरी एरिश खड्का र त्रिशा तुलाधर फस्ट रनरअप, निकेश भट्टराई र संवृद्धि त्रिखत्री सेकेन्ड रनरअपका रूपमा छनौट भए। प्रतियोगितामा सहभागीमध्येका सबैभन्दा कान्छो उमेरका तीन वर्षीय साहस शाक्यले बेस्ट ड्रेस उपाधि जिते भने इरम शाक्यले बेस्ट ड्रेस र बेस्ट स्किनको उपाधि हात पारिन्। बालकतर्फ वेस्ट स्किनमा लिजः मानन्धरले कब्जा जमाए।

बालिकातर्फ मात्र प्रदान गरिएका उपाधिहरूमा एरिना गुरुङ- बेस्ट पर्सनालिटी, अनुष्का श्रेष्ठ- मोस्ट क्युट तथा श्रृजा तिमिल्सेना बेस्ट हेयर उपाधि विजेता छानिए। यसैगरी सुशान्त श्रेष्ठ र एनी भण्डारी मोस्ट ट्यालेन्टेड, दिव्य ज्योति रञ्जित र प्रशंसा क्षेत्री बेष्ट फोटोजेनिक, आशुतोष सेढाईं र भूमिका शाह बेस्ट चार्मिङ, सुशान्त श्रेष्ठ र सृष्टि कार्की बेस्ट परफर्मेन्स, शिरीष मल्ल र हेम्ना खनाल बेस्ट क्याटवाक, दीपेन चित्रकार र सोफिया मानन्धर बेस्ट फ्रेन्डसिप तथा सिद्धान्त श्रेष्ठ र रोशना तन्डुकार बेस्ट एटिकेट उपाधिका विजेता घोषित भएका थिए।




# दुई मिटरको अमलेट

धनकुटा- सधैंभरि महिला हिंसा, महिला अधिकारको भाषण, अन्तर्क्रिया हुने नारीदिवसका दिन, यसपालि भने धनकुटाका नारीहरूले भिन्नै अनुभव गर्न पाउने भएका छन्। ९८ औं नारीदिवसका दिन धनकुटाको मुटुमा रहेको हस्पिटल क्षेत्रमा यो वर्ष भने एकदिने राष्ट्रिय परिकार महोत्सव तथा जनजाति वेशभूषा प्रदर्शनी गरिने भएको छ। लोप हुँदै गएको ढिंडो, गुन्द्रुक, कोदाको परिकार, मकैको परिकारसहित ४० प्रकारका परिकार प्रदर्शनीमा राखिने भएको आयोजक कुसुम सिप विकास केन्द्रकी सञ्चालिका कुसुम रानाले साप्ताहिकलाई बताउनुभयो। त्यसैगरी सो प्रदर्शनीमा धनकुटा क्षेत्रमा रहेका लिम्बू, राई, याख्खा, आठपहरिया, मगर, शेर्पा, तामाङ, माझी, भुजेल, नेवार आदि आदिवासी जनजातिको वेशभूषा प्रदर्शनी पनि गरिने भएको छ। अझ रोचक प्रदर्शनीका रूपमा दुई मिटरको अमलेट पनि रहने राना बताउँछिन्। समाजमा लोप हुँदै गएका परिकारहरूलाई जगेर्ना गर्न र संस्कृतिलाई जोगाइराख्न यस्तो प्रदर्शनी गर्न लागिएको हो।

**–भिषा काफ्ले**

# मुम्बईमा नेपाली गरिमा पुरस्कार



**वीरेन्द्र पौडेल**

मुम्बई– मुम्बईबाट प्रकाशित हुने इन्डो नेपाल समाज मासिक पत्रिकाले गत आइतबार विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूलाई नेपाली गरिमा पुरस्कार प्रदान गऱ्यो। पुरस्कृत व्यक्तिहरूमा भारतीय फुटबल टिमका क्याप्टेन भाइचुङ भुटिया, वरिष्ठ चित्रकार लक्ष्मण श्रेष्ठ, बलिउडकै चर्चित स्टिल फोटोग्राफर राकेश श्रेष्ठ र जनआन्दोलन-२ का अगुवा तथा देउडा गायक नन्दकृष्ण जोशी थिए। सम्मानपछि कार्यक्रमलाई सम्बोधन गर्दै फुटबल खेलाडी भाइचुङ भुटियाले भारतमा बस्ने नेपालीभाषीहरूले भारतमा पुऱ्याएको योगदान कम नभएको उल्लेख गर्दै देशको नाम चम्काउन जहाँ र जस्तो ठाउँमा भए पनि केही उल्लेखनीय कार्य गर्नुपर्ने बताए।

कार्यक्रममा वरिष्ठ चित्रकार लक्ष्मण श्रेष्ठले भने– कलाकारहरू समाजभन्दा बाहिर एकान्तमा बसेर पनि आफ्नो कलामा समाजकै चित्रण गरिरहेका हुन्छन्। त्यसैगरी छायाँकार राकेश श्रेष्ठले आफू नेपालीहरूको बीचमा आएर सम्मानित हुन पाउँदा गौरवान्वित भएको बताउनुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै देउडा गायक नन्दकृष्ण जोशीले आगामी चैत २८ मा हुन लागेको संविधानसभाको चुनावमा सहभागी हुन सम्पूर्ण प्रवासी नेपालीलाई आग्रह गर्दै मुम्बईमा नेपाली वाणिज्य दूतावास बनाउन नेपालका प्रमुख दलका नेताहरूसँग आफूले चर्चा गर्ने बताए।

कार्यक्रममा नेपालबाट संगीत टोलीको नेतृत्व गर्दै आएका संगीतकार सुदाम थापाले आफ्नो गायन र प्रहसन प्रस्तुत गरेका थिए भने होचा पुड्का कलाकारद्वय लोकनाथ ढकाल र सुन्दरी मिश्रले विभिन्न गीतमा गरेको नृत्यले दर्शकहरूलाई विशेष मनोरञ्जन प्रदान गरेको थियो।

सम्मानपछिको सांस्कृतिक कार्यक्रममा देउडा गायक नन्दकृष्ण जोशीले 'झ्याम्म-झ्याम्म' गीतमार्फत संविधानसभाको चुनावलाई सफल पार्न सबैलाई आग्रह गरे। कलाकारहरू ईशा केसी, सरु लामा, रीता, भुवन लामा, अमितकुमार र कविनद्वारा विभिन्न नेपाली संस्कृति झल्किने गीतहरूमा नृत्य प्रस्तुत गरिएको कार्यक्रममा मुम्बईमै रहेका नेपाली युवा गायक मनोज त्रिपाठी र पपगायिका निवेदिताले गीत प्रस्तुत गरेका थिए। कार्यक्रममा प्रवासी नेपालीहरूको उत्साहजनक सहभागिता थियो।

## साताको स्वर



### सावनदेव श्रेष्ठ

**पिरतीको भूल कस्तो गीत हो ?**
यो ब्लुज टाइपको सेन्टिमेन्टल गीत हो । कम्पोजिसन राम्रो गरिएको यो गीत ल्याटिनो बिटमा छ ।

**गीतको भाव कस्तो छ ?**
प्रेमीले प्रेमिकालाई नजानेरै धोका दिएको भाव यसमा छ, जसमा प्रेममा समर्पित युवा-युवती लागूऔषधको दुर्व्यसनमा फसेका हुन्छन्, युवक कुलतबाट मुक्त भए पनि युवती त्यही कारणले मृत्युवरण गर्न पुग्छे । यो गीत वियोगान्त प्रेमकथामा आधारित छ ।

**गीतको प्रतिक्रिया कस्तो छ ?**
राम्रो पाएको छु, गीत सुन्ने सबैले राम्रो प्रयास गरेको रै'छ भनेका छन् । अहिले गीत-संगीतको काउन्ट-डाउनमा पर्नुले पनि यसलाई पुष्टि गर्छ ।

**गीतका लक्षित श्रोता को हुन् ?**
गीतका वास्तविक श्रोता सेन्टिमेन्टल गीत मन पराउने किशोर-किशोरीहरू हुन्, तर समग्रमा संगीतमा रमाउने सबैलाई लक्षित गरेको छु ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**
गीतको कथाअनुसार म्युजिक भिडियो स्पष्ट नलाग्न सक्छ, तर राम्रोसँग हेर्‍यो भने बुझ्न सकिन्छ । मेहनत गरेर तयार भएकाले भिडियो राम्रै बनेको छ ।

**गायिका** राधिका श्रेष्ठले गीतिसंग्रह 'मेरो माया' को बिक्रीबाट संकलित रकमले रविभवनस्थित महिला वृद्धाआश्रमका वृद्धाहरूलाई भोजन गराएकी छिन् ।

**गायक** अविश गुरुङको पहिलो गीतिसंग्रह 'अनुमान'को पहिलो म्युजिक भिडियो सार्वजनिक भएको छ । इन्द्रेणी क्यासेट सेन्टरले बजारमा ल्याएको उक्त गीतिसंग्रहको पहिलो म्युजिक भिडियो आकर्षक बनेको गायक गुरुङले साप्ताहिकलाई बताए । ह्वाइट प्लस प्रोडक्सनका लागि सुरज श्रेष्ठले निर्देशन गरेको उक्त भिडियोमा श्याम अर्याल र रुबीले अभिनय गरेका छन् ।

**एउटै** गीतले पनि कलाकारलाई पर्याप्त चर्चा दिलाउन सक्छ भन्ने उदाहरण गायिका आगन्तुक खरेलमा लागू भयो । 'वनमा फुल्यो फूल' लाई रिमिक्स भर्सनमा गाएर पहिलो गीतिसंग्रह सार्वजनिक गरेकी आगन्तुकले त्यही गीतको लोकप्रियताका कारण दर्जनौं स्टेज सोमा पर्फमेन्स गर्न तथा पुरस्कार पाउन सफल भइन् । सांगीतिक फाँटमा त्यही एउटै गीतबाटै स्थापित भएकी आगन्तुक यतिखेर दोस्रो गीतिसंग्रह सार्वजनिक गर्ने तयारीमा जुटेकी छिन् । आगामी वैशाखसम्ममा गीतिसंग्रह सार्वजनिक भैसक्ने कुरा आगन्तुकले बताइन् ।

**सांगीतिक** क्षेत्रमा दस वर्षदेखि सक्रिय प्रकाश हमालले आफ्नो पहिलो गीतिसंग्रह 'भिजोन'मा लोकप्रिय गीत 'सुन सुन सनम....' लाई रिमिक्स गरेका छन् । यो गीतको म्युजिक भिडियो पनि सार्वजनिक भैसकेको छ । गायक हमाल यो गीतलाई आफूले छुट्टै शैलीमा गाएको बताउँछन् । यो गीतको म्युजिक भिडियोको निर्देशन पनि संगीता श्रेष्ठले गरेकी हुन् ।

**संगीतकार** आलोकश्रीले चलचित्र हिम्मत-२ का लागि इन्डियन आइडल प्रशान्त तामाङबाट गीत रेकर्ड गराएका छन् । उनको अनुभवमा एकदमै गाह्रो अनुभूति भएको यो कामको जस पनि राम्रै आउन सक्छ । त्यस्तै आलोकश्री यतिखेर आफ्नो एकल संगीत र साहित्यकार एसपी कोइरालाको शब्दमा उपहार भाग-२ गीतिसंग्रह बजारमा ल्याउने तयारीमा व्यस्त छन् । यो गीतिसंग्रहमा उदितनारायण झा, शान, साधना सरगम, सञ्जीवनी, रामकृष्ण ढकाल, राजेशपायल राई, मल्लिका कार्की, दीपक लिम्बू तथा मनोज मिश्रको स्वर समेटिनेछ । संगीतकार आलोकश्रीले चैतको पहिलो सातामा यो गीतिसंग्रह सार्वजनिक हुने बताए । यतिखेर उनी दीपक श्रेष्ठको चलचित्र हीरा र गोपीकृष्ण ब्यानरको चलचित्र जीवनमृत्युको एकल संगीतमा व्यस्त छन् ।

**गायक** भरत सिटौलालाई अहिलेको नयाँ गेटअपमा केही गरौं भन्ने लागेछ । गायक सिटौलाका अनुसार स्ट्रेट गरेको लामो केशको सदुपयोग गर्दै उनी आफ्नो नयाँ म्युजिक भिडियोमा नयाँ शैलीमा प्रस्तुत भएका छन् । गीतिसंग्रह 'म अनि तिमी' को तेस्रो म्युजिक भिडियोमा भरतका साथमा मोडल जेनिशा मोक्तानले अभिनय गरेकी छिन् । विभोर पोखरेलद्वारा निर्देशित यो भिडियो अहिले टेलिभिजन च्यानलहरूमा बज्न थालिसकेको छ । स्ट्रेट गरेको कपाललाई अब डेडलक गर्ने योजना सुनाइरहेका भरतका अनुसार यो भिडियो हेरेपछि दर्शकले भरतमा अवश्य नयाँपन पाउनेछन् ।

**पहिलो** पुस्ताका डिजे तेन्जिङ यतिखेर रिमिक्स गीतिसंग्रह बजारमा ल्याउने तयारीमा जुटेका छन् । डिजेहरूले रिमिक्स गीतिसंग्रह सार्वजनिक गर्ने ट्रेन्ड विकास भैरहेको समयमा डिजे तेन्जिङलाई पनि उनका निकटस्थहरूले एल्बम निकाल्न उकासे । २०६५ सालको प्रारम्भमा संग्रह बजारमा आइसक्ने तेन्जिङले बताए ।

**"नयाँ** गायक हुँदा प्रचारमा पनि त्यत्तिकै कुद्नुपर्ने रहेछ', गीतिसंग्रह 'यु फिल्स' सार्वजनिक गरेका युवराज चौलागाईंले साप्ताहिकसँग भने- 'पहिले गीतिसंग्रह निकाल्न सबैभन्दा गाह्रो लागेको थियो, तर अहिले प्रोमोसनमा पनि त्यत्तिकै गाह्रो रहेछ भन्ने थाहा भयो ।' श्रोताको मन जित्न सक्ने गीत समावेश भएको यु फिल्सले उनको सांगीतिक क्यारियरलाई साथ दिने विश्वास चौलागाईंको छ । नौवटा गीत समावेश गरिएको यो संग्रहलाई रियाज म्युजिकले बजारमा ल्याएको हो ।

**कोमल** वली नयाँ प्रयोगका लागि माहिर छिन् । पछिल्ला वर्षहरूमा विवाहका प्रसङ्गलाई गीतमा ढालेर गीतिसंग्रह सार्वजनिक गर्दै आएकी वली त्यही कारणले बेलाबेला विवादमा समेत तानिन्छिन् । के सिरिजको पहिलो प्रस्तुतिका रूपमा कोमल वलीको पछिल्लो गीतिसंग्रह 'कान्छी बूढी नल्याऊन् मेरा बूढाले' का सबै गीतका म्युजिक भिडियोको भिसिडी संग्रह दर्शकमाझ आएको छ । अर्को गीतिसंग्रहको तयारीमा जुटिसकेकी कोमलका अनुसार विवादमा तानिए पनि श्रोताका निम्ति नयाँ स्वादका गीत निरन्तर ल्याउने उनको योजना छ ।

**गायक** सतिश महर्जनको पहिलो गीतिसंग्रह पर्फेक्ट श्रोतामाझ आएको छ । म्युजिक डट कमले बजारमा ल्याएको यो संग्रहले श्रोताको मन जित्न सफल भएको गायकले जिकिर गरे ।

**डिजे** एलएक्सले आफ्नो आगामी गीतिसंग्रहको नाम नै रिंगटोन राखेका छन् । सबै गीत मोबाइलको रिङटोन राख्न मिल्ने भएकाले संग्रहको नाम रिंगटोन राखेको उनले बताए । चलचित्रका गीतहरूलाई रिमिक्स गरिएको यो संग्रहलाई श्रोताले अत्यधिक मन पराउने विश्वास एलएक्सले लिएका छन् । संग्रहमा रामजाने, तिमी हुन्छ भन, नागबेली, परेलीमा लुकाउँछु, कालो चोली, चिठी आएन, सम्झना-बिर्सना, लौ लौ आयोजस्ता लोकप्रिय चलचित्र गीतलाई रिमिक्स गरिएको छ ।

**गायक** प्रकाश पौडेलले अर्को नयाँ प्रयोग गरेका छन् । कुखुराको आवाजलाई संगीतमा ढालेर बनाएको उनको गीतले फेरि उनलाई चर्चामा ल्याउने देखिएको छ । गीतमा कुखुराको आवाजसँगै उनले गीत गाएका छन् । हास्यरसको उक्त गीतको म्युजिक भिडियो पनि तयार गरिएको छ, जसमा भाले कुखुरा र गायक पौडेलले अभिनय गरेका छन् ।

**पोखरेली** कान्छा धर्मेन्द्र सेवानको स्वरमा सजिएको तिम्रो त्यो रूपले गीतको म्युजिक भिडियो तयार भएको छ । अस्ट्रेलियामा छायांकन गरिएको उक्त म्युजिक भिडियोको निर्देशन फुर्सद डटकमले गरेको हो । आलोकश्रीको रचना र संगीत रहेको गीतमा रमिला र बन्नाराजाले मोडलिङ गरेका छन् । यसअघि गायक धर्मेन्द्रको 'रंग-रंग थपी तिमीले' गीतको म्युजिक भिडियो बनेको थियो ।

**गायक** सबु थापाले चलचित्र 'विजेता' का लागि गीत गाउने भएका छन् । केही समयअघि मात्र गीतिसंग्रह 'साइनो' सार्वजनिक गरेका सबुका अनुसार गीतिसंग्रहको सफलताका कारण यो अवसर जुरेको हो । उक्त संग्रहको रिमिक्स गीत हाई हाई वनकाली माइकबाट उनले पर्याप्त चर्चा पाएका थिए । वसन्त सापकोटाको संगीत रहेको चलचित्र विजेताका लागि केही दिनमै गीत रेकर्ड गरिने सबुले बताए ।

## अफबिट



गायक सीताराम पोखरेलको 'स्पार्क' एल्बममा समाविष्ट 'हरदिन किन तिम्रो याद आउँछ...' गीतको म्युजिक भिडियो सुटिङस्थलमा नायिका अरुणिमा लम्सालका साथ गायक । यो म्युजिक भिडियोका निर्देशक अनिल तण्डुकार हुन् ।

## लाइभ शो

**महाशिवरात्रिका** अवसरमा आयोजना गरिने कार्यक्रमहरूको शुभारम्भ यही साताबाट हुन थालेको छ । भोलि शनिबार राजधानीको भृकुटीमण्डपमा यही अवसरमा 'ब्राउन महाशिवरात्रि रक कन्सर्ट'को आयोजना गरिँदैछ । उक्त कन्सर्टमा चर्चित रक समूह रविन एन्ड द न्यु रिभुलेसन, कर्मा, रक्तिका, माउन्ट ८८४८, सर्कस आदिका साथै फ्रान्सका गितारबादक मास्ट्रो डेनियन गिभानी र नेपालका गीतारवादक हरि महर्जनले विभिन्न रकगीत तथा संगीत घन्काउँदै छन् । दिउँसो एक बजेदेखि साँझ छ बजेसम्म सञ्चालन हुने उक्त रक कन्सर्टमा प्रवेश शुल्क रु. २ सय ५० राखिएको छ ।

**रमणीय** नगरी पोखराको चिप्लेढुंगास्थित दीपशिखा रेस्टुराँ केही समयअघि हरेक साँझ गजल प्रस्तुतिका लागि लोकप्रिय थियो । हाल केही समययतादेखि उक्त रेस्टुराँ लोकदोहोरीका पारखीहरूका लागि गतिलो गन्तव्य बनेको छ । उक्त रेस्टुराँमा हरेक साँझ सात बजेदेखि राति दस बजेसम्म चर्चित लोकदोहोरी गायक-गायिकाहरूले विभिन्न भाकाका लोकदोहोरी सुनाउँछन् ।

## नजिकबाट
### मेदिना जोशी



| | | |
|---|---|---|
| जन्ममिति | : | १४ सेप्टेम्बर |
| घरमा बोलाउने नाम | : | मेदी |
| नामको अर्थ | : | पृथ्वी |
| परिचय | : | गायिका |
| जन्मस्थान | : | काठमाडौं |
| रुचि | : | किताब पढ्ने तथा खाना पकाउने |
| प्रकाशित एल्बम | : | योङ्ग हार्ट |
| सांगीतिक गुरु | : | गुरुदेव कामत, राहुल प्रधान |
| नजिकका साथी | : | अञ्जु, आमा |
| मनपर्ने परिकार | : | मम, आलु-तामा |
| पकाउन जानेको परिकार | : | नेवारी परिकार सबै |
| मनपर्ने रंग | : | कालो, सेतो |
| मनपर्ने पहिरन | : | पाइन्ट, कुर्ता, साडी |
| मनपर्ने मौसम | : | जाडो, वसन्त |
| मनपर्ने खेल | : | बास्केटबल, |
| फुर्सदमा | : | खाना बनाउने, सफाइ गर्ने |
| मनपर्ने गीत | : | मेरो एउटा साथी छ |
| रिस उठेको बेला | : | चुप लागेर बस्छु |
| मनपर्ने आफ्नै बानी | : | खुलेर बोल्ने तथा सहयोगी |
| पहिलो गीत | : | दुनियाँलाई |
| पहिलो एल्बम | : | योङ्ग हार्ट |
| पहिलो चर्चित गीत | : | सँगै गाँसेका ती नाता |
| सबैभन्दा बढी माया | : | आमाबाबुलाई |
| पहिलो पटक बजाएको बाजा | : | गीतार |
| पहिलो प्रेम | : | आमा |
| पहिलो फोटोसेसन | : | अरमन खान |
| राम्रो बानी | : | सहयोगी |
| नराम्रो बानी | : | छिटै रिसाउने |
| गोप्य कुरा | : | किन भन्ने ? |

तस्बिर : नवराज बाले

## पलैँटीमा शान्तनुकुमार



फेब्रुअरी महिनाको पलैँटीमा भारतको पूर्वोत्तरका नेपालीभाषी कलाकार शान्तनुकुमार लिम्बूको गायन प्रस्तुत हुने भएको छ । जीवनकै पहिलो एकल गायन लिएर नेपाल भित्रिएका शान्तनु पलैँटीका वाद्यवादकसित अन्तिम अभ्यासमा जुटेका छन् ।

मणिपुर राज्यको काङलातुम्बीमा सन् १९५२ मा जन्मिएका शान्तनुले बाल्यकालदेखि नै संगीतमा चासो देखाएका हुन् । उतिबेला आफ्नो जन्मथलो काङलातुम्बीमा आयोजना हुने भजन कीर्तनमा उनी ठूलो अभिरुचि थियो । पछि सैनिक पेसामा संलग्न भएपछि पनि संगीतप्रतिको उनको मोह निरन्तर नै रह्यो । शान्तनुलाई संगीतको औपचारिक अध्ययनको अवसर नपाए पनि उनले गुरु एमएन चोपेलासित गुरुकुल परम्परामा संगीत शिक्षा प्राप्त गरेका छन् ।

स्थानीय नेपाली मिलेर पूर्वोत्तरमा नेपालीभाषा र संस्कृति जोगाउनुपर्ने आवाज उठाउँदै आएका शान्तानुले विगतमा मणिपुरभित्र 'मञ्जरी' नामको सांस्कृतिक कार्यक्रम सञ्चालन गरेका थिए । मञ्जरीमार्फत आफ्नो प्रतिभा प्रस्तुत गर्ने गायक-गायिकाहरू अहिले पनि आफ्नो कलाकर्ममा चर्चित छन् । आफ्ना निकटका गीतकार मित्रहरू पदमबहादुर राई र जितेन्द्र बर्देवा (मणिपुर) को अवशानपछि चुपचाप बसेका शान्तानुलाई पलैँटीका श्रोताले पहिलोपल्ट सुन्ने अवसर पाउने भएका छन् ।

उनका गीतमा नेपाली लोकलय र आधुनिक संगीतको प्रभाव भएका कारण पहिलो पटक तिनलाई सुन्ने श्रोतालाई पनि ती नौला लाग्दैनन् । यही नै उनको गायनको विशेषता हो । पलैँटीमा नेपाली भाषाका साथसाथै मणिपुरी र अखमिया गीतसमेत गाउने तयारी गरिरहेका शान्तानु नेपालयको 'आर'शालामा भित्रिँदै भन्छन्- 'उहीँ, उतै नेपाली भाषा र संस्कृतिका निम्ति लड्दा-लड्दै थाकेको थिएँ । मलाई त यहाँ आफ्नै परिवारको माझमा भएजस्तै लागिरहेको छ । पलैँटीमा त्यो क्षेत्रबाट पहिलो पटक प्रतिनिधित्व गर्ने अवसर पाएकोमा म खुसी छु । साथै यो साँझलाई अविस्मरणीय बनाउन म हरसम्भव प्रयास गर्नेछु ।'

सुमधुर रोमान्टिक गीतका साथै गजल र जागरण गीतहरू सुनाउन उनी हौसिएका छन् । विगत तीन वर्षदेखि निरन्तर सञ्चालन हुँदै आएको पलैँटी शृंखलामा नेपाल र नेपालबाहिरका प्रतिष्ठित गायक-गायिकाहरूको सहभागिताको क्रम निरन्तर छ ।



## ठट्यौली प्रकाशसँग

युवती म्याडमसँग घुम्दै थिई। बाटोमा एउटा जनावर चरिरहेको देखियो। युवतीले भनी- 'कस्तो राम्रो गाई तर...यो गाईको सिङचाहिँ किन नभएको होला ?

'हेर, गाईका सिङ नहुने विभिन्न कारण हुन्छन्। कुनै गाईको जन्मैदेखि सिङ उम्रदैन, कुनै गाईचाहिँ आफू-आफू जुधेर सिङ भाँच्छन्, कुनै गाई हान्ने खालका हुन्छन् र गाई धनीले आफै गाईका सिङ काटिदिन्छन्। यो चरिरहेको जनावरको सिङ नभएको कारणचाहिँ यो गाई नभएर घोडी हो। जाऊ आँखाको कचेरा धोएर आऊ'- म्याडमले भनिन्।

०००

एउटा वकिल जहिले पनि अफिस जाँदा बाटोमा एउटा कुरा देख्थ्यो। एउटा गोरुले भित्रपट्टि कोलमा तेल पेलिरहेको हुन्थ्यो अनि कोल मालिकचाहिँ बाहिर चौतारीमा हुक्का तानेर बसिरहेको हुन्थ्यो। अफिसबाट फर्कने क्रममा वकिलले एक दिन त्यो व्यक्तिसँग सोध्यो :

'तपाईं बाहिर बसेर हुक्का तान्नुहुन्छ भित्र गोरुले कोल घुमाएको छ-छैन कसरी थाहा पाउनुहुन्छ ?'

'मैले गोरुको घाँटीमा घण्टी झुडयाइदिएको छु, घुमेको बेला घन्टी बज्छ अनि थाहा पाउँछु'- हुक्केले उत्तर दियो।

वकिल गयो... । अर्को दिन आयो र फेरि सोध्यो-

'सम्झनुस् गोरु हिंडेन..., उभिएर घाँटीमात्र हल्लाएर घन्टी बजाउँदै उभिइरह्यो भने ?' मेरो गोरुले वकालत पढको छैन हजुर- उसले उत्तर दियो।

०००

दसतला माथि छतमा बसिरहेका वृद्धलाई तलबाट श्रीप्रसादले बोलायो।

'ए बा, तल आउनुहोस् न काम छ।'

'के काम ?'

'तल आउनुहोस् न अनि भन्छु।'

बूढो गलेर लखतरान हुँदै स्याँ...स्याँ... गर्दै तल पुग्यो।

'खै के काम पऱ्यो ?'

'पाँच सय रुपैयाँ सापट चाहिएको थियो...- श्रीप्रसादले भन्यो।

बूढोले श्रीप्रसादलाई माथि लिएर आयो ? दिनुस् न ५ सय- श्रीप्रसादले स्याँ... स्याँ... गर्दै भन्यो।

'मैले तिमीलाई यहाँ ५ सय दिन ल्याएको होइन। ५ सय रुपैयाँ मसँग छैन भन्न लिएर आएको, जाऊ अब'- वृद्धले बदला लिंदै भन्यो।

०००

नयाँ दुलहीले आफै खाना पकाई, लोग्ने खान बस्यो। तरकारी अति नै पिरो थियो। नयाँ दुलही भएका कारण करले लोग्नेले केही नभनी आँसु झार्दै भए पनि खाना खाइरह्यो।

'खाना मीठो छैन कि...?'- दुलहीले भनी।

'होइन-होइन मीठो छ...'- लोग्ने उत्तर दियो।

'अनि आँखाबाट आँसु झरिरहेको छ नि...?' दुलही भनी।

'यो त हर्षको आँसु हो'- लोग्नेले आँसु पुछ्दै जवाफ दियो।

०००


लोग्नेले खाँना खाँदा धेरै पटक्क ढुंगा चपायो।

'भातमा ढुंगा रहेछ कि क्या हो ?'- स्वास्नीले डराउँदै प्रश्न गरी।

'होइन कहीं-कही भात पनि छ'- लोग्नेले जवाफ दियो।

## कविता


### फेरि घाउ दुख्छ



बिर्सन मैले सकिनँ तिमीलाई सम्झे फेरि घाउ दुख्छ
हाँसु भने आउँछ चोट बल्झी, रोऊँ भने आँसु सुक्छ
संसार बिर्सिजाऊँ भने अझै सजायँ पाउनु छ अरे
वेदना लुकाई नाचूँ भने, विरहका गीत गाउनुछ अरे
फूल सम्झी मुटु चढाऊ, मन्दिर छाडी टाढियो देउता
खुसीको जीवन जीऊँ भने, मरिसकेको लास हुँ म एउटा
वसन्त बनी छाडिदिऊँ भने उजाड छ यो जिन्दगी
नयन सुख्खा राखूँ भने, अनन्त छ गहमा रोदनको पानी।

–क्षितिज सन्तोष

### डुंगामा चढेर रमाएँ



चिठ्ठीमा खबर पढेर रमाएँ
म भाव डुङ्गामा चढेर रमाएँ
कल्पेर संसार सयर गर्दैथिएँ
हर्षको समय बढेर रमाएँ
बहार ल्याएर हातमा थमायौ
हर्ष र उमङ्ग जडेर रमाएँ
हृदय पुजेर लाएको पिरती
मीठो संगीत बजेर रमाएँ
मायाको छानोले छाएको हृदय
आँचलको घुम्टो ओडेर रमाएँ।

–जितेन्द्र श्रेष्ठ

### एक थोपा पानी देऊ

कति बरालिनु असल बाटो छानिदेऊ
हे भगवान् ! मेरो पुकार सुनिदेऊ
दु:खले छाडेन मलाई राखिरह्यो खाडलमा
सक्छौ भने मलाई माथि तानिदेऊ
कति बाँच्नु यो स्वार्थी संसारमा
मर्न चाहन्छु छातीमा तरबार हानिदेऊ
एक्लै छु म माया गर्ने कोही छैनन्
मर्ने बेलामा एक थोपा पानी देऊ।

– हेमहरि श्रेष्ठ

### गुटमुटिन पाऊँ



तिम्रो मायामा गुट्मुटिन पाऊँ
स्नेही हातमा लुट्पुटिन पाऊँ
मेरै नजिक लुकिराख तिमी
नदेखेर म छट्पटिन पाऊँ
आघात पुगे रोइदिनु तिमी
सँगै बसी भुट्भुटिन पाऊँ
जसै धोका दिई गयौ भने तिमी
जस्तै सिसा म टुट्'टिन पाऊँ।

–दर्शन दिनेश

### कति-कति

झरिजाने फूलको कथा कति-कति
भोगाइको गोरेटोमा व्यथा कति-कति
दु:खाइको पीडा पनि हुन्छ बेग्ला-बेग्लै
भीडमाझ मान्छेहरू हिंड्छन् एक्लाएक्लै
संसारको रीत अनि प्रथा कति-कति
भोगाइको गोरेटोमा व्यथा कति-कति
कतैतिर हाँसी-खुसी कतै रुवाबासी
बितिजान्छ संसार पनि, छैन अविनाशी
जिन्दगीको जोड-घटाउमा खाता कति-कति
भोगाइको गोरेटोमा व्यथा कति-कति।

–रेशमकुमार सुनुवार

### जिउँदो छौ कि मऱ्यौ ?

पिरतीमा हुन्छ भन्थे सत्यताको ढोका
मतलव पूरा भएपछि दिंदा रहेछन् धोका
फूल भनी रोज्न खोज्दा काँडा बन्न पुग्यौ
त्यस्तै बन्नु थियो नै त किन साह्रै झुक्यौ ?
मैले पहिले इन्कार गर्दा तिमी मरिमेट्थ्यौ
थाहा भयो तिमी कस्ती ? कस्तो साथी भेट्यौ
भन्थ्यौ तिमी एउटै मुटु त्यो क्षणसम्म
आफ्नो स्वार्थ पुगेपछि पाल्न थाल्यौ दम्भ
म पनि विश्वास गर्थें आफै जस्तो सोची
तर तिमी स्वार्थी बन्यौ हुने खाने रोजी
जसको साथमा रहे पनि स्वार्थीलाई त्याग
दु:ख पाउली भविष्यमा, सुमार्गमा लाग
नौलो मलाई केही भएन प्रयोग मात्र गऱ्यौ
थाहा गर एकपल्ट जीउँदो छौ कि मऱ्यौ ?

–वासुदेव देवकोटा

## लघुकथा

### शोषण

मेरी साथी अनु र म त्यो कार्यक्रममा पुग्यौं। आगन्तुक र साहित्यकारको उपस्थितिले हल भरिएको थियो। अगाडि मञ्चमा विशिष्ट पाहुना र प्रमुख अतिथि थिए। भित्तामा रातो तुलमा सेता ठूलाठूला अक्षरमा 'पुस्तक विमोचन एवं स्रष्टा सम्मान समारोह' लेखिएको थियो।

कार्यक्रम सुरु भयो। प्रमुख अतिथिबाट पुस्तक विमोचन गरियो। त्यस्तो कार्यक्रममा पहिलो पटक उपस्थित भएकाले मलाई सबै क्रियाकलाप नौलो लागिरहे। समालोचकले मञ्चमा पुस्तक र लेखकका बारेमा फूलबुट्टा भरेर बढाई-चढाई गरे, सम्मानित स्रष्टाका बारेमा अर्का व्यक्तिले भए-नभएका अंलकारहरू प्रयोग गरे।



त्यसपछि कृतिका लेखक र सम्मानित स्रष्टा दुवैले साहित्य सिर्जना गर्न घर-परिवारले सहयोग नगरेको कुरा बताए। फलाना, फलाना अग्रज साहित्यकार, समाजसेवी आदिको सहयोग र सद्भाव नभएको भए यहाँसम्म आई नपुग्ने दावी पनि गरे, तर त्यतिखेर उनीहरूमध्ये एककी पत्नी डोकोमा मल बोकेर खेततिर लाग्दै थिइन् भने अर्काकी पत्नी कार्यालयबाट फर्केर घरमा छोराछोरीहरूलाई नुहाई-धुवाई गराउँदै थिइन्। साँझ ती दुवै स्रष्टा विमोचन र सम्मानको खुसीयालीमा युवतीहरूसँग रेस्टुराँतिर लागे। उनीहरूका पत्नी भने खाना कुर्दाकुर्दै भान्सामै निदाए।

–पार्वती पुडासैनी

# कोसीटप्पुमा पनि पर्यटक बढे



कोसीटप्पु (सुनसरी)- कोसीटप्पुस्थित टुरिस्ट क्याम्पमा कार्यरत अनिश तिम्सिनाको विवाहमा विदेशी पर्यटक पनि जन्ती जाँदा गाउँलेहरू छक्क परे। यस वर्षको हिउँद महिनामा नेपाल आएका पर्यटकहरू कोसीटप्पुमा पनि आएका बेला विवाहमा जन्ती गएका हुन्। गएको माघमा भएको परम्परागत नेपाली विवाहमा भाग लिन पाएका पर्यटकहरूले भने- 'नेपालको विवाह संस्कृति हेर्दा फेरि विवाह गर्न मन लाग्यो।' कोसीटप्पुमा आउने पर्यटकहरू स्थानीयवासीको रहनसहन एवं रीतिरिवाजका बारेमा अवलोकन गर्न गाउँ पस्ने गरेका छन्।

सुनसरीको प्रकाशपुरबाट छिमेकी गाविस मधुवनमा जन्ती गएका बेलायती दम्पती जुन र आल्फले विवाहमा नौमती बाजा बजाएको देखाउँदै भने 'यस पटक त हतारमा भइयो अर्को पटक आउँदा हामी पुन: विवाह गर्छौं।' उनीहरूले नेपालको विवाह संस्कार संसारमै उदाहरणीय भएको बताए।

उनीहरूसँगै विवाहमा जन्ती गएका एन्डी यस वर्षसहित चौथो पटक नेपाल आएका हुन्। यस अघि सन् २००३ मा कोसीटप्पु आएका एन्डीले यस क्षेत्रमा धेरै परिवर्तन आएको देखे। मधेस आन्दोलनको बन्दले चरा महोत्सवमा भाग लिन नपाए पनि उनीहरूले अनिशको विवाहमा रमाइलो गरेर धीत मारेका थिए।

नेपालमा पाइने ८ सय ६२ जातिका चरामध्ये कोसीटप्पुमा ४ सय ८६ जातका चरा पाइन्छन्। असोजदेखि वैशाखसम्म पर्यटक आउने कोसीटप्पुमा विगत केही वर्षभन्दा यस वर्ष पर्यटकको संख्या बढेको पर्यटन व्यवसायीहरू बताउँछन्। कोसी क्याम्पका सञ्चालक बद्री चौधरीका अनुसार पर्यटकलाई चरा अवलोकन, कोसीमा डुङ्गा सयर, ड्राइभिङ, पैदल यात्रा, नेपालका कला एवं संस्कृतिको अवलोकन गराइन्छ। कोसीको बसाइमा एक छाक नेपाली खाना दालभात, तरकारी, अचार एवं गुन्द्रुक अनिवार्य रूपमा ख्वाइन्छ।

कोसीटप्पुमा तीनवटा रिसोर्ट छन्। कोसी क्याम्प मधुवन, कोसीटप्पु वाइल्ड लाइफ क्याम्प प्रकाशपुर र अक्वा बर्ड अनलिमिटेड कुशाहा गरी तीनवटा रिसोर्टमा एक सिजनमा कति पर्यटक आए भनेर सञ्चालकहरू आधिकारिक तथ्याङ्क दिन चाहँदैनन्। विभिन्न आपराधिक समूहहरूलाई चन्दा दिनुपर्ने भएकाले पर्यटक कति आए कति आम्दानी भयो भन्ने कुरा उनीहरू सार्वजनिक गर्न चाहँदैनन्। गत वर्ष पर्यटक नआएर कर्मचारीले पारिश्रमिक नपाइरहेका बेला वाइल्ड लाइफ क्याम्पले माओवादीलाई ४० हजार रुपैयाँ चन्दा दिनुपरेको थियो। केही वर्षदेखि पर्यटक कम आएर सुस्ताइरहेका यहाँका व्यवसायी यस वर्ष पर्यटकको संख्या बढेकाले खुसी देखिए।

चराविद् हटन चौधरीका अनुसार कोसीटप्पुमा बंगलादेशबाट चराहरू बच्चा कोरल्न चैतदेखि भदौसम्म आउँछन्। चराका लागि कोसीटप्पु एसियाकै सर्वश्रेष्ठ स्थान भएकाले पर्यटक यहाँ आउन रुचाउँछन्। पर्यटकले स्थानीय बजारमा खर्च नगर्ने भए पनि स्थानीयवासीहरू खुसी छन्। पर्यटकले रिसोर्टमा खर्च गर्छन् भने रिसोर्टले स्थानीय बजारका सामान खरिद गर्नुका साथै पर्यटक आउने सिजनमा स्थानीय व्यक्तिहरूलाई रोजगारसमेत दिने गरेको छ। प्रकाशपुरका स्थानीय युवा विमल तिम्सिना भन्छन्- 'स्थानीयवासीले विदेशी पर्यटकलाई जत्तिकै पर्यटन व्यवसायलाई पनि माया गरेका छन्।'

पर्यटकहरू रात्री बासका लागि जंगलभित्र टेन्ट टाँगिएको हुन्छ। फराकिलो रिसोर्टभित्र लगाइएका बाक्ला बोटबिरुवाको बीचमा टेन्टहरू टाँगिएका छन्। बिजुलीको व्यवस्था भए पनि टेन्टभित्र क्यान्डिल बालिन्छ। प्रकाशपुरस्थित रिसोर्टका म्यानेजर सरोज कार्कीका अनुसार पर्यटकलाई एकान्तको अनुभूति गराउन यसरी जंगल बनाई त्यहाँभित्र खाने, बस्ने र समय कटाउने व्यवस्था मिलाइएको हो।

पर्यटकलाई रिसोर्टभित्र समय कटाउन सजिलो होस् भनेर वाइल्ड लाइफ क्याम्पले सिमसार क्षेत्रको पटेर घारीभित्र चरा अवलोकन गृह बनाइदिएको छ। त्यसबाहेक बाँसबाट निर्मित लामो पुलबाट पर्यटकले पानीमा खेल्ने चराको तस्बिर लिने गरेका छन्। कोसी क्याम्पले भने रिसोर्टभित्रको पोखरीमा माछा पालन गरेर पानीमा रातो कमलको फूल लगाएको छ। अक्वा बर्डसँगै कोसीटप्पु वन्यजन्तु आरक्षको कार्यालय भएकाले पर्यटकहरू त्यहाँका हात्तीमा चढेर रमाउन चाहन्छन्।

–कमल रिमाल

# पर्वत महोत्सवमा लाखौं दर्शक



पर्वत– लोकसंस्कृतिको जगेर्ना एवं पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको पर्वत महोत्सव लाखौं दर्शकले अवलोकन गरे। लघु उद्यम कृषि पर्यटन लोकसंस्कृति हाम्रो सान, सम्पूर्ण पर्वतवासीको पहिचान भन्ने नाराका साथ फागुन ३ गतेदेखि ९ गतेसम्म चलेको पर्वत महोत्सवमा एक लाखभन्दा धेरै दर्शकले अवलोकन गरेका थिए।

पर्वत उद्योग वाणिज्य संघ, जिविस पर्वत, लघु उद्यम विकास कार्यक्रमसमेतले आयोजना गरेको महोत्सवमा पर्वतको धार्मिक, सामाजिक र सांस्कृतिक क्षेत्रको पहिचानका लागि गुप्तेश्वर गुफा, शालिग्राम, मोदीवेनी आदि स्थानको अवलोकन गराइएको थियो, साथै हरेक दिन राष्ट्रिय कलाकारहरूद्वारा लोकगीत तथा लोकदोहोरी प्रस्तुत भएको थियो। बमबहादुर कार्की, शिवा आले, कोमल वली, मिलन लामा, विमलराज क्षेत्री, धनकुमारी पुन, पार्वती जिसी, मञ्जु महत आदि कलाकारले आफ्ना प्रतिभा प्रस्तुत गरेका थिए। हरेक दिन राष्ट्रिय कलाकारको प्रतिभाको साथमा लोकदोहोरी प्रतियोगिता आयोजना गरिएकाले पर्वत मात्र नभएर बाग्लुङ, म्याग्दी तथा स्याङ्जा र कास्कीदेखि दर्शक ओइरिएका थिए।

महोत्सवमा पर्वतको शाजिलाका महिलाहरूले उत्पादन गरेको अल्लोको कपडा, बाँसखर्कमा उत्पादित सुन्तला र सुन्तलाको जुस, पातीचौरमा उत्पादित ढाकाको कपडा, मल्लाजमा उत्पादित उनी कपडा प्रर्दशनीमा राखिएका थिए भने स्थानीय किसानहरूले उत्पादन गरेको लप्सीको केन्डी अचारसमेत प्रर्दशनीमा राखिएको थियो। महोत्सवमा १ सय व्यापारिक स्टलसहित २ करोडको व्यापार भएको थियो। जिल्लाका पर्यटकीय स्थलहरूमा आन्तरिक र बाहिरी पर्यटक भित्र्याउने उद्देश्यले आयोजना गरिएको महोत्सवपछि पर्यटक बढ्ने आशा गरिएको छ। महोत्सवले पर्वतका हस्तकला, कृषि उत्पादन, लघु उद्यमीहरूको सीप एवं क्षमताको प्रदर्शनी आदिमा सहयोग पुग्ने आशा गरिएको छ।

पर्वतमा पर्यटकीय क्षेत्रमा गुप्तेश्वर गुफा, मोदीवेनी, सेतीवेनी, पञ्चासे, डहरे, अलपेश्वर गुफा, हम्पालको लेक, महाशिला, सहश्रधारा र दुर्लङकोटजस्ता स्थान छन्। पर्वतमा धौलागिरि अञ्चलकै पहिचान गराउने सालैज्यो भाखाका गीत तथा मगर संस्कृतिसमेत पाइन्छ। महोत्सवपछि सबै स्थानको पहिचान बढेकाले निकै फाइदा भएको आयोजक समितिका अध्यक्ष मीनप्रसाद श्रेष्ठले बताए।

# के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ?

स्वर्ग पत्ता लगाइदिए नर्क छोड्ने विचार छ कि क्या हो, सम्पादकज्यू ?

**हरिन्द्र कार्की** (२४), **धनकुटा**

हजुरबाउ पनि फर्किएका छैनन्, अझै ८४ वर्षपछि पुनः सोध्नुहोला है ।

**टीकाराम अर्याल, काठमाडौं**

यो स्वर्ग र नर्क भन्ने कुराचाहिँ म पुगे तपाईंको सम्पर्क नम्बर दिनुस् म त्यही बेला फोन गरेर भन्नेछु ।

**राम त्रिपाठी, नयाँरोड**

स्वर्ग छ नि किन छैन ? जसले माया, ममता एवं प्रेम गर्छ, त्यस क्षेत्रमा नै स्वर्ग छ ।

**समरगणेश वियोगी, फूलबारी**

बिल्कुल हुँदैन, यो एउटा अन्धविश्वास अनि मान्छेको शोषण गर्ने उपाय हो, मरेपछि अर्को कुनै विकल्प रहँदैन ।

**जितेन्द्र रसिक** (२५), **सिन्धुपाल्चोक**

मेरो विचारमा हुँदैन । यदि स्वर्ग-नर्क भन्ने कुरा हुन्थ्यो भने द्वन्द्व, हिंसा, हत्या, लुटपाट, चोरी आदि गर्नेले नर्कतिर गइन्छ भनेर त्यस्तो कार्य नै गर्दैनथे । सबैतिर शान्ति, सुशासन तथा झिलिमिली हुन्थ्यो ।

**विनोद खतिवडा, इनरुवा**

एक जनाले मलाई भनेका थिए स्वर्ग-नर्क हुन्छ, तर मलाई पत्यार लागेन । तपाईं नै एक पटक गएर हेर्नुहोस् र मलाई खबर गर्नुहोस् ।

**दिनेश न्यौपाने**

हुँदैन, किनभने जति जना स्वर्ग गएका छन्, तिनले अहिलेसम्म कुनै खबर गरेका छैनन् ।

**कान्छा मगर पाल्पा**

यो सब बकबास हो, अहिलेसम्म कसैलाई थाहा छैन– स्वर्ग-नर्क भन्ने कुरा । अहिलेसम्म कसैले स्वर्ग-नर्क देखेकै छैन ।

**अन्दीप उप्रेती, नयाँरोड**

भगवान् भएझैं स्वर्ग-नर्क पनि हुन्छ तर विश्वास गर्दा मात्रै ।

**शान्ता गौतम** (२५), **झापा**

के हो सम्पादकज्यू भनिदिएदेखि नर्क छोडी स्वर्ग जाने विचार छ कि क्या हो ?

**सुमित** (१७)

स्वर्ग र नर्क हुँदैन । स्वर्ग र नर्क भए पनि त्यसको कुनै औचित्य छैन । बाँच्नका लागि यो संसार नै काफी छ ।

**किरण राना** (१६), **लामाचौर, पोखरा**

खै राम्रो कर्म गरे मरेपछि स्वर्ग पुगिन्छ, नराम्रो कर्म गरे नर्क पुगिन्छ भन्छन् । तपाईंले कस्तो कर्म गर्नुभएको छ ? आफै विचार गर्नुहोस् है सम्पादकज्यू ।

**नवीन दाहाल** (१४), **दोलखा**

यो त आफ्नो भावना हो, भावना स्वस्थ्य र शुद्ध बनाउनुपर्छ । असल काम गर्नुपर्छ, कसैसँग वैमनस्य गर्नुहुँदैन, ठूलो-सानो, यो, ऊ केही नभनौं, बस यही हो स्वर्ग र नर्क ।

**ठाकुरमान श्रेष्ठ** (४०), **धादिङ**

२१ औं शताब्दीमा भएर पनि अझै टोलाईरहनुभएको छ सम्पादकज्यू ?

**दिव्या भट्टराई, गाईघाट**

आफू नमरी स्वर्ग देखिँदैन भन्ने कुरा थाहा छैन कि कसो सम्पादकज्यू ?

**नारायण भट्टराई, उदयपुर**

सम्पादकज्यू, तपाईं एकचोटि मर्नुहोस् अनि हुन्छ कि हुँदैन हेरेर खुसुक्क मेरो कानमा भन्नुस् अनि म सत्यतथ्य बताउँला हुन्न ?

**समर्पण भट्टराई, जनकपुर**

स्वर्ग-नर्क भन्ने कुरा त एउटा कोरा कल्पना हो । यति नै हो कि यदि राम्रो काम गरेको छ भने मरेपछि पनि शान्तिको सास फेर्न पाइन्छ, नत्र भने...।

**कमल जिसी** (२४), **खोटाङ**

खै अहिलेसम्म पुगिएको छैन, यदि रहेछ भने पुगेपछि उतैबाट कल गरौंला है सम्पादक ज्यू ।

**कविर कुलुङ** (१९), **सोलु**

जहिले मरिएला तहिले नै थाहा होला स्वर्ग र नर्क हुन्छ-हुँदैन भन्ने कुरा ।

**रक्षा पौडेल** (१६), **भीमान**

मलाई त विश्वास लाग्दैन किनकि मैले देखेको छैन ।

**सरस्वती दनुवार, काभ्रे**

स्वर्ग अवश्य पनि छ, सायद इन्द्र र अप्सरा अहिले डेटिङमा होलान् अनि नर्कमा गन्धकले दुष्टहरूलाई डढाउँदै होलान् ।

**सुनिल मंग्राती**

स्वर्ग र नर्क भन्ने कुरा हुँदैन किनभने त्यहाँबाट कोही फर्केर आएका छैनन् ।

**दुर्गाबहादुर माझी**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
२. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
३. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
४. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
५. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
६. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
७. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
८. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
९. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
१०. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म २५ वर्षीय अविवाहित पुरुष हुँ । पेसागत हिसाबले म ट्रेकिङ गाइड हुँ । मेरो सम्पर्क विभिन्न व्यक्तिसँग हुन्छ । यस क्रममा कतिपयसँग यौन सम्बन्ध हुन्छ । ती व्यक्तिहरू यौनसम्बन्धभन्दा पनि बढी हस्तमैथुन र मुखमैथुनमा रुचि राख्छन् । एड्सबाट सुरक्षित हुन कन्डम प्रयोग गर्छु । मुखमैथुन गर्दा एड्स सर्ने कत्तिको सम्भावना हुन्छ, के एड्स भएको व्यक्तिसँग मुखमैथुन गर्दा रोग सर्छ ?**

**– आर. के.**

**उत्तर : व्यवसाय र यौन स्वास्थ्य**

कतिपय व्यवसायको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध हुन्छ । एच.आई.भी. वा यौनरोगको सन्दर्भमा पनि यस्तो चर्चा नगरिने होइन । प्रत्यक्ष यौनपेसामा भएकादेखि बाहेक अन्य व्यक्तिले यौनसम्पर्क राख्नुपर्ने बाध्यात्मक परिस्थिति आउँदैन । यो कुरा भने पक्कै हो कि घर परिवारबाट लामो समयसम्म टाढा बस्नुपर्ने स्थितिमा यौनसम्पर्क राख्ने अवसर प्राप्त हुन सजिलो हुन्छ, तर आफूले त्यस्ता अवसर नखोजिएको स्थितिमा जबरजस्ती यौनसम्पर्क राख्ने स्थिति नै हुन्छ भन्ने कुराचाहिँ होइन । त्यसैले विशेष सजग हुनु आवश्यक हुन्छ ।

पत्रमा तपाईंले यौनसम्पर्क राख्नुभएका व्यक्तिका बारेमा खासै बताउनुभएको छैन । पदयात्रामा आउने पर्यटकको कुरा गर्नुभएको हो कि बासस्थानमा ग्राहक कुर्ने व्यक्तिको । लिङ्ग-योनिमैथुनबाहेकको रुचिको कुरा गर्नुभएकाले पर्यटकको कुरा गर्नुभएको होला भनेर अनुमान गर्न सकिन्छ । आपसी हस्तमैथुन गर्दा वीर्य वा योनिरसको सम्पर्क भएको छैन भने एच.आई.भी. (एड्स गराउने भाइरस) सर्ने कुरै हुँदैन ।

**मुख मैथुन के हो ?**

एक व्यक्तिको यौन अङ्ग अर्को व्यक्तिको मुखको सम्पर्कमा ल्याई गरिने यौन क्रियाकलापलाई नै मुखमैथुन भनिन्छ । कतिपय व्यक्तिका लागि यो निकै सुखदायी तथा आकर्षक हुन्छ भने कतिका लागि विकर्षक । परापूर्वकालमा वात्स्यायनले पनि मुखमैथुनका बारेमा वर्णन गरेको पाइन्छ । उनले मुखमैथुनलाई विभिन्न आठ नाम दिई वर्गीकृत गरेका छन् : वास्तवमा मुख मैथुनभन्दा १.लिंग-मुख मैथुन, २. योनि-मुख मैथुन ३. गुद्द्वार-मुख मैथुन सबै मुखमैथुनको प्रकारलाई बुझ्नुपर्छ ।

नेपालमा राम्रोसँग अध्ययन हुन अझै बाँकी रहे पनि मुखमैथुनबाट यौन आनन्द पाउन रुचाउने व्यक्ति वा जोडीहरू यथेष्ठ मात्रामा भएका उदाहरण हाम्रो सम्पर्कमा आउँछन् ।

**के यसले हानि गर्छ ?**

यसरी गरिने मुखमैथुनजस्ता यौन क्रियाकलाप स्वस्थकर हुन् कि होइनन् भन्ने कुरा धेरैमा शंका रहेको पाइन्छ । स्वस्थ व्यक्तिका माझ मुखमैथुन गर्नु सुरक्षित हुन्छ । यसले स्वास्थ्यमा कुनै किसिमको हानि गर्दैन । यदि यौनरोगहरू छन् भने सर्न सक्छन्, जुन कुरा लिंग-योनि वा अन्य किसिमको यौनसम्पर्कमा पनि लागू हुन्छ । यदि यौन रोग छ भने राम्रोसँग उपचार गराएपछि वा भनौं निको भएपछि मात्र यस्तो क्रियाकलापमा सरिक हुनु बेस हुन्छ ।

तपाईं कस्तो किसिमको मुखमैथुनमा संलग्न हुनुभएको हो, पत्रमा स्पष्ट छैन । अरूको लिङ्ग तपाईंले ग्रहण गर्नुभएको वा तपाईंको लिङ्ग अरूले ग्रहण गरेको हो त्यसैमा जोखिम कमबेसी हुन्छ । जहाँसम्म एच.आई.भी. सर्ला वा नसर्ला भन्ने प्रश्न छ, त्यो मुखमैथुन हुँदाको परिस्थितिमा भर पर्छ । सैद्धान्तिक रूपमा एच.आई.भी सर्ने सम्भावना भए पनि वास्तविक रूपमा एच.आई.भी. सरेको कुनै घटना नभए त्यसलाई सैद्धान्तिक जोखिम भनिन्छ । थूकको सम्पर्क हुने गरी गरिने चुम्बन, कन्डम लगाएर गरिएको मुखमैथुन, औंला यौन अंगमा पसाउनु, यौनअंगबाट आएको रसको सम्पर्कमा आउने गरी साथीबाट गरिएको हस्तमैथुन यसका उदाहरण हुन् । रगत, वीर्य वा योनिरसको सम्पर्कमा आइने भए पनि थोरैलाई मात्र यसरी सर्ने गरेको देखिएको यौन क्रियाकलापलाई कम जोखिमपूर्ण भनिन्छ । कन्डम नलगाई गरिएका मुखमैथुन वा कण्डम लगाई गरिएका योनि तथा गुदा मैथुन यसका उदाहरण हुन् ।

**सर्नेसम्भावना कसरी कम गर्ने?**

यौनसम्बन्धलाई सुरक्षित बनाउन मुखमैथुन गर्दा कन्डमको प्रयोग आवश्यक हुन्छ । अहिले यही प्रयोजनका लागि भनेर सुगन्धित कन्डमहरू पनि बजारमा उपलब्ध छन् । योनि-मुख मैथुनका लागि डेन्टल ड्याम (रबरको पातलो चारपाटे टुक्रा) को प्रयोगबाट यसलाई सुरक्षित बनाउन सकिन्छ । डेन्टल ड्याम छैन भने कन्डमलाई काटेर चारपाटे टुक्रा बनाउन सकिन्छ । मुखमा चोटपटक छ भने र वीर्य स्खलन मुखमा भएको स्थितिमा जोखिम बढ्ने कुरा याद राख्नुपर्छ ।

मुखमैथुनका लागि अर्को महत्त्वपूर्ण याद गर्नुपर्ने कुराचाहिँ यौनअंगहरूको सरसफाइ हो । हामी सायद विभिन्न कारणले यौन अंगहरूको सरसफाइ राम्रोसँग गर्दैनौं र यसलाई जहिले पनि फोहर अंग मान्छौं । यद्यपि वास्तविकता त्यसो होइन । यौन अंगवरिपरिका ग्रन्थिहरूबाट निस्किएका रसमा विशेष गन्ध हुन्छ र दिनहुँ सफा नगरिए यसको गन्ध कडा रुपमा आउँछ, जसले यस किसिमको यौन क्रियाकलापाई असजिलो पार्न सक्छ । यौनअङ्गहरूलाई सादा साबुन-पानीले धुनु नै पर्याप्त हुन्छ । पानी मन तातो भए अझ बेस हुन्छ ।

**अन्तमा,**

एड्स गराउने एच.आई.भी. नभएको व्यक्तिसँगको यस्ता सम्पर्कले एच.आई.भी. सर्ने भएन तर एच.आई.भी. कसमा छ वा कसमा छैन यकिनका साथ भन्न गाह्रो छ । त्यसैले सऱ्यो वा सरेन भन्ने कुरा पक्का हुन रगतको परीक्षण गर्नुपर्ने हुन्छ । यसका लागि स्वेच्छिक परामर्श तथा परीक्षणकेन्द्रमा गएर सहयोग लिनु बेस हुन्छ ।

## पारिवारिक स्वास्थ्य

**डा. सी.पी सेढाईं**

**गतांकको बाँकी**

**छारे रोग** : अचानक शरीर कडा हुने, काम्ने, र बेहोस हुने, आँखा हल्लिने, जिब्रोमा चोट लाग्ने आदि समस्या लिई धेरै बिरामी अस्पताल आउँछन् । कतिपय शिशुमा देखा पर्ने एकदेखि दुई मिनेट टोलाइमात्र रहने समस्या पनि एक प्रकारको छारे रोग हो । यो रोग उपचार गरे निको हुन्छ । यो रोगमा ४ वर्षसम्म औषधी सेवन गर्नुपर्छ ।

**अब्जेसिभ कम्पल्सिभ डिसअर्डर** : यो यस्तो रोग हो, जहाँ मन अत्यन्त कमजोर हुन्छ । मनमा विभिन्न सोचाइ र दृश्यहरू आइरहन्छन् । मनमा लिन्न भने पनि त्यस्ता सोचाइ आउनाले बिरामी आत्तिन्छ । उसलाई ती सोचाइ आउनाले उसमा छटपटी भैरहन्छ । साथै चुकुल लगाइसकेपछि पटक-पटक हेर्नुपर्ने, हात बारम्बार धोइरहनुपर्ने आदि समस्या देखिन्छ ।

**सुस्त मनस्थिति** : यस्ता बिरामीमा बौद्धिक क्षमता कम हुन्छ । दैनिक जीवनमा यस्ता बिरामी सिक्ने, काम गर्ने, पढ्ने कुरामा निकै पछि पर्छन् । यसलाई बुद्धि कम भएको पनि भनिन्छ । उपचार गरे बिरामी राम्रो हुन्छन् तर उनीहरूलाई सीप सिकाई बुद्धि अनुसारको काम लगाउनुपर्छ ।

**ख) कडा मानसिक रोग :**

**मेनिया** : यो रोग डिप्रेसनको उल्टो खालको रोग हो । बिरामी म ठूलो मानिस बन्छु, म प्रसिद्ध व्यक्ति हुँ भन्छ र घमन्ड गर्छ । बिरामीले भनेको नमाने पिट्छ । राम्रो लुगा लगाउनुपर्ने, मीठो खाना तथा पैसा माग्छ र झगडा गर्छ ।

**बाइपोलर एफेक्टिभ डिसअर्डर** : माथि वर्णन गरेजस्तै कहिले मेनिया हुने र कहिले डिप्रेसन देखिने रोगलाई बाइपोलर एफेक्टिभ डिसअर्डर भनिन्छ । मेनिया फेरि दोहोरिए पनि त्यसलाई बाइपोलर एफेक्टिभ डिसअर्डर भनिन्छ । यो रोग चारदेखि पाँच महिना बढ्ने र त्यसपछि निको हुने, फेरि एकदेखि दुई वर्षमा अर्को पटक उही समस्या देखिने हुन्छ ।

**सिजोफेर्निया** : यो यस्तो रोग हो जसमा बिरामीलाई आफू बिरामी भएको थाहा हुँदैन । बिरामी एक्लै बस्दा कानमा आवाज आउँछ । बिरामी अरूसँग शंका गर्ने, सरसंगत छाड्ने र एक्लै बस्ने, दैनिक काममा ध्यान नदिने, सफा सुग्घर गर्न छाड्ने, घरबाट भाग्ने हुन्छ ।

**मानसिक रोग लागेको कसरी चिन्ने ?**

- मानिसमा धेरै अंगका जटिल लक्षण एकैचोटि देखिए ।
- अनौठो व्यवहार देखापरे ।
- एक्लै बोल्ने, एक्लै हाँस्ने गरेको देखे ।
- अरूप्रति शंका गर्ने ।
- आत्तिने, डराउने, चिन्ता गर्ने, घरबाट भागे ।

**जान्नैपर्ने कुरा**

- सामान्य खालका मानसिक रोगलाई नसाको समस्या भनिन्छ ।
- मानसिक रोग अति सामान्य देखि कडा खालका सम्मका हुन्छन् । सामान्य खालको मानसिक समस्या हुँदा आत्तिनु हुँदैन र उपचार गर्न पनि हिच्किचाउनु हुँदैन । कडा मानसिक रोगका बिरामीलाई परिवारका सदस्यको सहयोग आवश्यक हुन्छ ।
- मानसिक रोग पापको फल होइन ।
- उपचार गरे मानसिक रोग निको हुन्छ ।
- मानसिक रोगका बिरामीलाई सबैले सहयोग गर्नुपर्छ ।
- उपचार गरिरहेका मानसिक रोगका बिरामीले डाक्टरको सल्लाह बिना आफै औषधी छाड्नु हुँदैन ।
- उपचारका क्रममा विभिन्न परीक्षण गर्दा कुनै रोग नदेखिएमा त्यो मानसिक रोग हुने सम्भावना धेरै रहन्छ ।
- मानसिक रोगको उपचारमा काउन्सिलिङ (साइकोथेरापी) तथा इ.सि.टि. (विद्युतीय उपचार) को ठूलो भूमिका रहन्छ ।
- मानसिक रोगका बिरामीहरू घरपरिवार, समाज तथा द्वन्द्वको कारण शोषणमा पर्न सक्छन् । उनीहरूको मानव अधिकारको संरक्षण गर्नु हाम्रो कर्तव्य हो ।
- सामइकोसिस तथा सिजोफेनिया कडा खालका मानसिक रोग हुन् ।
- मानिस काम्ने र बक्ने वनको भूतले होइन मनको आन्तरिक पीडाले गर्दा हुन्छ ।


**मानसिक रोगको उपचार विधि :**

१) साइकोथेरापी
२) औषधी प्रयोग
३) विद्युतीय उपचार

धेरैजसो बिरामी साइकोथेरापी तथा औषधीको प्रयोगबाट निको हुन्छन् तर कसै-कसैमा अन्य विधि अपनाउनुपर्ने हुनसक्छ ।

**(डा. सेढाई भरतपुर मेडिकल कलेजमा नशा तथा मानसिक रोग विशेषज्ञ हुनुहुन्छ ।)**

## तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ



# चिसो ग्रह तातो ठाउँ

सौर्यमण्डलको सबैभन्दा चिसो ग्रह नेप्चुनको दक्षिणी ध्रुव तातो रहेको वैज्ञानिकहरूले पत्ता लगाएका छन् । दक्षिणी ध्रुवको तापक्रम नेप्चुन ग्रहको औसत तापक्रमभन्दा १८ डिग्री तातो छ । नेप्चुन ग्रहको औसत तापक्रम माइनस ३ सय २० डिग्री छ । दक्षिणी ध्रुव तातो हुनुको कारण त्यहाँ बढी घाम लाग्नु हो । नेप्चुन ग्रह सूर्यबाट २ खर्ब ८० करोड वर्ष टाढा छ । नेप्चुनलाई एक वर्ष पूरा गर्नका लागि १सय ६५ पृथ्वी वर्ग समय लाग्छ ।


## जन्मदिनको शुभकामना



सौगात गुरुङ
२०६० फागुन २०

आरजू पौडेल
२०६० फागुन २१

प्राञ्जली दाहाल
२०६१ फागुन २२



सम्यक पोखरेल
२०६२ फागुन २२

सुयोग बोगटी
२०६३ फागुन २३

रिया लामिछाने
२०५७ फागुन १८

एञ्जिला केसी
२०६२ फागुन १८


आयुष श्रेष्ठ
२०६० फागुन २०

मेलिसा पन्थी
२०५८ फागुन २१

यसिस्मा जी.सी.
२०५७ फागुन १८


फोटो

## जन्मदिनको शुभकामना

नाम :....................................................
जन्म मिति :....................................................
स्कुल :....................................................
ठेगाना : ....................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

# धूम्रपानमा प्रतिबन्धपछि

गत वर्ष मार्चमा सार्वजनिक स्थलहरूमा धूम्रपान गर्न प्रतिबन्ध लगाइएपछि स्कटल्यान्टमा हृदयाघात भै अस्पताल भर्ना हुने बिरामीको संख्या १७ प्रतिशतले घटेको छ । ग्लास्गो युनिभर्सिटीले गरेको अनुसन्धानले प्रतिबन्ध लाग्नुअघिको १० महिनामा ३ हजार २ सय ३५ हृदयाघातका विरामी अस्पताल भर्ना भएका थिए ।

त्यसपछिको १० महिनामा जम्मा २ हजार ६ सय ८४ जना अस्पतालमा भर्ना भए । स्कटल्यान्डका अस्पतालहरूमा हृदयघातका कारण भर्ना हुने बिरामीले दुईतिहाइ हिस्सा ओगट्छन् । धूम्रपानमा लगाइएको प्रतिबन्धले जनस्वास्थ्यमा सकारात्मक प्रभाव पारेको यो राम्रो उदाहरण हो ।

यो घटनाले जनस्वास्थ्यमा सुधार ल्याउन कानुनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ, एक जना सरकारी अधिकारीले भने– 'महत्त्वपूर्ण निष्कर्ष के हो भने हृदयाघातका घटनामा कमी आएको छ । धूम्रपानमा लगाइएको बन्देजले यसमा ठूलो भूमिका खेलेको छ ।' स्कटल्यान्ड सार्वजनिक स्थलमा धूमपान गर्न बन्देज लगाउने पहिलो बेलायती राज्य हो । बेल्स, उत्तरी आयरल्यान्ड र इङ्ल्यान्डले पनि उसको बाटो पछ्याउँदै सार्वजनिक स्थलमा धूमपान गर्न प्रतिबन्ध लगाएका छन् ।

## संघर्ष र सफलता

### डी.पी. दोभाल

डी.पी. दोभाल भारतीय अनुसन्धानकर्ता हुन् । उनले अनुसन्धानको एउटा नयाँ क्षेत्रमा हात हालेका छन् । हिउँ पहिरोबाट पनि पृथ्वीका बारेमा विभिन्न तथ्य पत्ता लगाउन सकिन्छ भन्ने निष्कर्ष उनको छ । हिउँ र हिउँसँग सम्बन्धित अन्य वस्तुका बारेमा अनुसन्धान गर्ने लाखौं अनुसन्धानकर्ता यो संसारमा छन् । दोभाल भने हिउँको प्रभावका बारेमा अध्ययन गर्छन् ।

उनको अनुसन्धान गर्ने पद्धति पनि फरक छ । उनले सामान्य बाँसको छडी प्रयोग गरेर ती हिउँका टुक्राको नाप लिन्छन् । यस कार्यका लागि उनी ४ हजार मिटरको उचाइसम्म पुगेका छन् । यी नाप र अन्य अनुसन्धानबाट उक्त हिउँ कति पुरानो भयो, यसले मौसम परिवर्तनमा कति प्रभाव पारेको छ र अहिले के भैरहेको छ भन्ने विषयमा समेत धेरै कुरा थाहा पाउन सकिन्छ ।




दोभाल भारतीय सरकारको वादिया इन्स्टिच्युट अफ हिमालयन जियोलोजीमा काम गर्छन् । उनी भारतीय सरकारका लागि काम गर्छन् । यद्यपि उनको खोजले भारतिय सरकारलाई मात्र नभएर पूरै संसारलाई नै सहयोग पुगेको छ । यो क्षेत्रमा पहिलेदेखि नै खोज हुनुपर्थ्यो, तर ढिलो भए पनि उनको खोजका कारण भएका उपलब्धिले सारा संसारलाई फाइदा पुगेको छ

# आत्महत्या गर्नेहरूको संख्यामा वृद्धि

विश्वमा हरेक दिन लगभग ३ हजार मानिसले आत्महत्या गर्ने गरेको विश्व स्वास्थ्य संगठनले जनाएको छ । संगठनका अनुसार हरेक ३० सेकेन्डमा औसत एक जनाले आत्महत्या गर्छन् । विश्व स्वास्थ्य संगठनद्वारा प्रकाशित एक प्रतिवेदनमा हरेक २० जना आत्महत्या गर्न खोज्ने व्यक्तिहरूमध्ये एक जनाले सफलता पाउँछ ।

'वर्तमान युगमा सबै उमेर र समूहका व्यक्तिले विनाकारण आफ्नो जीवनलाई समाप्त गरेको पाइएको छ', संगठनद्वारा प्रकाशित उक्त प्रतिवेदनमा भनिएको छ- 'धेरै वर्षदेखि आत्महत्या गर्ने आवेशको प्रभाव पर्नु तथा परिवार अथवा साथीभाइबाट परेको प्रभावका कारण पनि आत्महत्या गर्नेहरूको संख्यामा वृद्धि भएको हो । विगत ५० वर्षमा विश्वमा आत्महत्या गर्नेहरूको संख्या ६० प्रतिशतले बढेको छ । विशेष गरी विकसित राष्ट्रमा आत्महत्या गर्नेहरूको संख्या उल्लेखनीय रूपमा बढेको छ । विश्वमा १५ देखि ३४ वर्षको उमेर समूहका मानिसमा आत्महत्या गर्नेहरूको संख्या सबैभन्दा बढी छ ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता - ११



प्रतियोगीको नाम :

ठेगाना :

**ठाडो**

१ केवल एक प्रश्नमा निर्माता (२,३,२)
२ चलचित्र विजेताका निर्देशक (३,४)
३ एक गायिका (३,३)
४ हङकडमा तस्बिर खिँच्दै (३,३)
५ डिस्कोमा गायक (३,२)
६ युरोपको एक मुलुक (४)
७ सेवान थरका गायक (३)
८ वायने थरका फुटब खेलाडी (२)

**तेर्सो**

१ रहस्यमय छन् (३,३)
२ मिसटिन पोखराका कोरियोग्राफर (३,४)
३ वलिउडमा स्थापित (३,४)
४ १० किमि दौड विजेता छात्र (३,३)
५ मिसटिन काठमाडौंकी प्रशिक्षक (३,२)
६ खाना महोत्सव भएको शहर (४)
७ बुढासुब्बाको शहर (३)
८ भ्लादिमिर पुटिनको देश (२)


**नियमहरू :**

१. यो प्रतियोगिता सबैका लागि खुला छ ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ ।
४. पुरस्कृत हुनेलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ ।


## साप्ताहिक शब्दजाल प्रतियोगिता नं. ३ को विजेता

युवराज न्यौपाने, श्रीकृष्ण गण्डकी-३, स्याङ्जा

**तल दिइएको चित्रमा कुन-कुन सामानहरू लुकेका छन् ?**



**तल दिइएको चित्रमा बालकलाई धारासम्म पुऱ्याई देऊ?**



# सुटुक्क गरिने विवाह



कीर्तिपुरकी शिला महर्जन र पाँगाका सुरेश महर्जनले हालै सुटुक्क विवाह गरेका छन्। उनीहरूको बीचमा प्रेमविवाह नभए पनि कसैले थाहा नपाउने गरी सुटुक्क विवाह भयो, शिलाको घरमा डेरा गरी बस्ने शिवप्रसाद बताउँछन्। काठमाडौं उपत्यकाको नेवार समुदायमा भोज र बाजा नराखी र जन्ती नबोलाई चुपचाप तबरले गरिने विवाहलाई सुटुक्क विवाह भनिन्छ। कतिपय समुदायमा विवाहमा हुने अत्यधिक खर्चलाई कम गर्न सुटुक्क विवाह गर्ने चलन छ। केटा र केटीले एक अर्कालाई मन पराएपछि र विवाह गर्न राजी भएपछि मात्र होइन, मागी विवाह पनि सुटुक्क गरिदिने चलन पुरानै हो, कीर्तिपुरका मदन महर्जन बताउँछन्। महर्जनका अनुसार यस्तो विवाह गर्दा साँझ केटापक्षका दुईदेखि पाँच दस जनासम्म केटीको घरमा आउने अनि केटीपक्षका परिवारले केटा र केटीबीच स्वयंवर गरिदिने र उनीहरूलाई खाना ख्वाई केटीलाई केटाको साथ लाई पठाउने चलन छ।

विवाहमा हुने अनावश्यक खर्च कम गर्न हिजोआज मन्दिर तथा गुम्बामा विवाह गर्ने चलन बढेर गएको छ। काभ्रे घर भै बालाजु डेरा गरी बस्ने गजेन्द्र थापा र पोखरा घर भै सोही स्थान बस्ने ज्योति गुरुङले पनि खर्च कम गर्न गुह्येश्वरी मन्दिरमा विवाह गरे। उनीहरूबीच अन्तर्जातीय विवाह भए पनि प्रेमविवाह भने होइन। गजेन्द्र भन्छन्- पुरानो चिनजान भएकी एक जना दिदीले ज्योतिसँग विवाहको कुराकानी मिलाइदिनुभएको हो। हातमा पैसा नभएपछि खर्च कम गर्न मन्दिरमा आएर विवाह गरियो। पशुपतिस्थित गुह्येश्वरी मन्दिरमा वर्षौंदेखि पूजा र विवाह गराउँदै आएका ७५ वर्षीय रघुनाथ सुवेदीका अनुसार केटा र केटीको मन मिलेपछि अर्थात् विवाह गर्न राजी भएपछि जसरी विवाह गर्दा पनि हुन्छ। सुवेदी भन्छन्- नहुनेले ठूलो भोजभतेर र जग्गे गरेर विवाह गर्नुपर्छ भन्ने छैन। अन्तरजातीय प्रेम विवाह होस् वा मागी विवाह होस्, मन्दिरमा गरिएको होस् वा मञ्चमा गरिएको होस् अथवा सुटुक्क गरिएको होस् मुख्य कुरा विवाह गरिसकेपछि केटा र केटीको आपसी सम्झौता, सहकार्य, आत्मीय सम्बन्धका साथ सुखी, सफल र आनन्ददायक वैवाहिक जीवन बितेको हुनुपर्छ।

आफ्नो भविष्य र क्यारियरका बारेमा आफैंले निर्णय गर्न रुचाउने आजभोलिका युवायुवतीहरू आफ्नो जीवनसाथीको छनौट पनि आफैं गर्न चाहन्छन्। कतिपय युवायुवतीहरू अध्ययन सिध्याएर क्यारियर स्थापित भएपछि आफ्नो विवाह आफैंले गर्छन्। प्रायशः यस्तो विवाह गर्दा खर्च कम गर्न उनीहरू अनेक उपाय अपनाउँछन्। कोही मन्दिरमा, कोही मञ्चमा त कोही जिल्ला प्रशासन कार्यालयमा गएर दर्ता विवाह गर्छन् तर मन्दिरमा सुटुक्क गरिने अधिकांश विवाह राजीखुसी नै हुने गरेको पाइन्छ। समयसँगै अन्तरजातीय राजीखुसी विवाह गर्नेहरूको संख्या नेपाली समाजमा बढ्दै गएको छ। ठूलो भोजभतेर गर्ने, जग्गे गरेर विवाह गर्ने र दाइजोको तडकभडक गरेर विवाह गर्ने परम्परमा पनि परिवर्तन आएको छ।

अहिले के स्वदेशी के विदेशी, के पहाडी के मधेसी, के उपल्लो जात, के कथित तल्लो जात सबैसँग सबैको विवाह हुने गरेको छ। पहिले गाउँघरमा अन्तर्जातीय प्रेमविवाह गर्दा केटाले केटी भगाएर विवाह गर्थ्यो। यसलाई सभ्य भाषामा गन्धर्व विवाह र तीतो शब्दमा पोइल जाने प्रथा भनिन्छ, तर अहिले भने मागेरै विजातीय विवाह हुन थालेको छ। कार्ड छापेर र बाजा बजाएर विजातीय विवाह गर्ने चलन पनि सहरी क्षेत्रमा सुरु भएको छ। आधुनिक विचारधारा बोकेका युवायुवतीहरूले पुरानो रुढीग्रस्त परम्परा तोड्दै विवाहमा धेरै खर्च गर्ने र जातपातको भेदभाव गर्ने प्रथामा परिवर्तन ल्याएका छन्।

आधुनिक समाजिक रूपान्तरणले गर्दा अब विवाहमा जातभात र ठूलो भोज चाहिन्छ भने बाध्यता छैन। अहिलेका युवायुवतीहरू रोजगार, शिक्षित, आत्मीय, माया गर्ने, सहयोग र साथ दिने व्यक्तिलाई आफ्नो जीवनसाथी रोज्न थालेकाले परिवार र आफन्तले नै सके मागेर वा टीकाटालो एवं स्वयंवर गरेर विवाह गरिदिन थालेका छन्। कोही भने वरवधूलाई देउताको थानमा लगेर विवाह गरिदिन्छन्। यसले गर्दा विवाहमा धेरै खर्च गर्ने, दाइजोको माग गर्ने, चिना खुट्याउने, जातभात छुट्याउने, धर्मसंस्कृति बार्ने चलन घट्दो छ। यसले गर्दा नै जातपातको भेदभाव, दाइजोको लोभ, धेरै खर्च गरेर विवाह गर्नेजस्ता कुरामा पनि परिवर्तन आउन थालेको अनुभव गर्न सकिन्छ।

यद्यपि गाउँघरमा अहिले पनि अन्तरजातीय आफुखुसी विवाहलाई नरुचाउने समस्या एकातिर छ भने अर्कातिर तराईका गाउँघरमा विवाहमा धेरै ठूलो आर्थिक खर्च गर्नुपर्ने, नगद, गरगहना, जग्गाजमिनलगायत जिन्सी इलेक्ट्रोनिक सरसामानहरू दाइजो दिनुपर्ने, गाउँ-समाज, आफन्त र जन्तीलाई दुई दिनसम्म भोज ख्वाउनुपर्ने जस्ता कुराका अतिरिक्त नाता, आफन्तजनलाई लत्ताकपडा उपहार दिनुपर्ने चलन कायमै छ। तराईका महिला समुदायमा परनिर्भरता र शिक्षाको कमीका कारण छोरीचेलीको विवाहमा धेरै ठूलो खर्च गर्नुपर्ने बाध्यता रहेको कीर्तिपुर क्याम्पसमा अध्ययनरत वीरेन्द्रकुमार मण्डल बताउँछन्। तराईका महिला समुदायमा जनचेतना, शिक्षा एवं आत्मनिर्भरताको विकास भए दाइजोलगायत ठूलो भोजभतेर खर्च गरेर विवाह गर्नुपर्ने गलत प्रथा क्रमशः हटेर जाने मण्डलले बताए।

**–भोला महतो**



# प्रशंसा श्रीमतीको

प्रशंसा जो कोही चाहन्छ। प्रशंसा पति-पत्नीबीच भए त्यसले दाम्पत्य जीवनको धरातल अरू बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ। किनकि प्रशंसाले भरिएका दुई शब्दले कुनै पनि महिलामा सञ्जीवनी बुटी समान प्रभाव देखाउँछ। यदि त्यो प्रशंसा श्रीमान्‌बाट प्राप्त भए, त्यसले सुनमा सुगन्ध नै थप्छ। प्रायः अधिकांश महिलामा यही गुनासो पाइन्छ कि तिनका श्रीमान्‌ले ज्यान गए पनि उनको प्रशंसा गर्दैनन्। जुन धेरै हदसम्म सत्य नै हुन्छ।

धेरैजसो पुरुष प्रशंसा गर्नुमा कृपणता अँगाल्छन्, त्यो पनि आफ्नी पत्नीका सम्बन्धमा, यसको कारण यो होइन कि तिनीहरू आफ्ना पत्नीलाई प्रेम गर्दैनन् वा तिनको भावना बुझ्दैनन्। कुरा यति मात्रै हो– उनीहरू आफ्नी श्रीमतीलाई आफ्नो जीवनको अभिन्न पक्ष मान्छन्, फलस्वरूप तिनमा यो आभास विद्यमान हुन्छ कि उनी मेरो जीवनको सबैभन्दा प्रिय पक्ष हो भने उनको प्रशंसा मैले किन गरिरहनुपर्छ?

जसलाई तपाईं धेरै चाहनुहुन्छ उसको बारम्बार प्रशंसा गर्नु देखावटी जस्तो लाग्नसक्छ। यद्यपि यसैबाट आपसी सम्बन्धमा सुमधुरता एवं प्रगाढता सञ्चार हुन्छ। त्यसैले प्रशंसा गर्न कञ्जुस्याइँ गर्नु हुँदैन, किनकि प्रसंशाले भरिएका शब्दहरूले निःसन्देह उनको उदास मुहारमा मुस्कानको उज्यालो छर्ने कायम गर्छ। प्रशंसाले श्रीमतीको तनाव, थकान तथा उदासीनतालाई मात्र हटाउँदैन त्यसले उनमा चञ्चलता एवं उत्साह थपिदिन्छ।

विवाहका विषयमा विभिन्न कुरा लेखिएका छन्, भनिएका छन्। एक दार्शनिकका अनुसार विवाह मित्रताको सबैभन्दा दृढ बन्धन हो। विश्वास मित्रताको आधार हो। आपसी मेलबाटै विश्वास जन्मिन्छ। विवाहमा जसले सुन्दरता, धन एवं देखावटीपनलाई बढी महत्त्व दिन्छ उसले वास्तविक सुखको अनुभूति कहिल्यै गर्न पाउँदैन। यो कथनलाई गहिराइमा गएर बुझ्ने हो भने विवाह नामको संस्था चलाउन पति-पत्नी दुवैले मित्रवत् व्यवहार अँगाल्नुपर्ने हुन्छ। यो मित्रवत् व्यवहारको पहिलो खुड्किलो भनेकै प्रशंसा हो। जब आफ्नी श्रीमती तथा उनका कार्यको खुलेर प्रशंसा गरिन्छ तब उनले पनि आफ्नो भावनालाई स्पष्ट रूपमा अभिव्यक्त गर्न सक्छिन्। त्यसपश्चात् दाम्पत्य जीवनलाई सुखद रूपमा अघि बढाउन सहज हुन्छ।

श्रीमान्‌बाट हुने प्रशंसाले श्रीमतीको मनबाट उदासीपन एवं तनाव भगाउँछ। उनको मुहारमा नयाँ उत्साह एवं आत्मविश्वासको लहर उत्पन्न हुन्छ। सम्पूर्ण तनाव भुलेर उनी नयाँ तरिकाबाट पूर्ण जोस जाँगरका साथ अघि बढ्छन्। स्त्री धर्तीसित प्रेम गर्छिन्, उनी आकाशका बारेमा सोच्दिनन्। उनी परिवारको सुख-दुःखमा जीवित रहन्छिन्। परिवार उनका लागि पहिलो कर्मक्षेत्र हो जसका लागि दिन-रात उनी आफ्नो तर्फबाट सक्दो प्रयास गर्छिन्। यो कर्मक्षेत्रमा सफलताका लागि पतिको प्रशंसाले इन्धनको काम गर्छ। त्यसैले यदि श्रीमतीले केही राम्रो काम गर्छिन् केही उपलब्धि हासिल गर्छिन् चाहे त्यो कम महत्त्वको नै किन नहोस्, उनको मन खोलेर प्रशंसा गर्नुपर्छ। किनकि सानो उपलब्धिका लागि प्राप्त प्रशंसाले नै ठूलठूला उपलब्धिका लागि जोस-जाँगर सिर्जना गर्छ तथा महत्त्वपूर्ण उपलब्धिका लागि प्रेरित गर्छ।

# दाम्पत्य जीवनमा पारदर्शिता



प्रेम आदर्श अथवा कल्पना हुन सक्छ तर विवाह यथार्थवादी संस्था हो। जब दुई अलग-अलग व्यक्तित्व समान उद्देश्यका लागि एकसाथ रहन्छन् तब एउटा सन्तुलित सामाजिक व्यवस्थाको सिर्जना हुन्छ र जीवन अघि बढ्छ। अग्निलाई साक्षी राखेर वर-वधूले एक-अर्कालाई हरेक सुख-दुःखमा साथ दिने र हरेक स्थितिमा एक-अर्काको साझेदारी निर्वाह गर्ने कसम खान्छन्। यो साझेदारी तब मात्र सम्भव हुन्छ जब एक-अर्काप्रति पारदर्शिता र अटुट विश्वास हुन्छ। दाम्पत्य जीवन बराबरीमा आधारित सम्बन्ध हो जुन परस्पर समझदारी, साझेदारी, निष्ठा, विश्वास एवं समर्पणको धरातलमा उभिएको हुन्छ।

कुनै पनि सम्बन्धको सुमधुरता तथा दीर्घायुका लागि त्यसप्रति सन्तुलित दृष्टिकोण अनिवार्य छ। वैवाहिक सम्बन्धको सफलताका लागि एक-अर्कालाई पूर्णरूपले बुझ्नु अनिवार्य मानिन्छ तर कसैलाई पूर्णरूपले बुझ्न सक्ने कुरा यकिनसाथ भन्न सकिँदैन किनकि हामी स्वयं आफैलाई नै पूर्णरूपले बुझ्न सकेका हुँदैनौं। पति-पत्नीबीच पारदर्शिताको अर्थ हुन्छ दुवैबीचको मित्रवत् भाव जसमा कुनै किसिमको छलकपटका लागि स्थान नहोस्। केवल मित्रवत् सम्बन्ध नै जीवनभर निसंकोच चलिरहन सक्छ। एक-अर्कामा हावी हुने, अर्कालाई आफूभन्दा निम्नस्तर मान्ने जस्तो प्रवृत्ति कुनै पनि सम्बन्धका लागि खतरनाक सावित हुन सक्छ। पति-पत्नीको सम्बन्ध बराबरको हुन्छ भन्ने कुरालाई मनन गर्नु अनिवार्य छ। त्यसैले यसको आधारशिला सत्यतामाथि निर्भर हुनुपर्छ।

'पारदर्शिता' शब्दलाई राम्रोसँग बुझ्नु पनि उत्तिकै आवश्यक छ। विवाहपश्चात् मौ नभएर विवाह तय गर्दा पनि पारदर्शिता आवश्यक छ ताकि एक बलियो सम्बन्धको आधारशिला सत्यमाथि आधारित होस्। यदि आफ्नो जीवनसाथीको अँगालोमा, आफ्नो भावनाको उडानमा, आफ्नो सपनालाई स्वतन्त्रतापूर्वक महसुस गर्न सकिंदैन भने, यदि साथीसित खुलेर कुरा गर्न, हाँस्न, रुन र मनका हरेक अनुभूतिलाई व्यक्त गर्न सकिंदैन, सुन्न सकिंदैन भने यस्तो प्रेम वा विवाहको कुनै अर्थ रहँदैन। आपसी सम्बन्धमा सहजता त्यतिबेला मात्र सम्भव छ जब दुवैबीच पारदर्शिता रहन्छ। आपसी विश्वासमा एक-अर्काको गुण र दोषलाई स्वीकार गर्दै अगाडि बढ्ने अनुकुलता रहन्छ।

हरेक दम्पतीले आफ्नो वैचारिकताका आधारमा आपसी पारदर्शिताको सीमा तय गर्छ। दुई भिन्न व्यक्तिको मानसिक-वैचारिक सोंच एक समान हुनु आवश्यक छैन न त आदर्शवादी कुरा तथा व्यवहार पनि उस्तै सुन्दर हुनुपर्छ भन्ने नै छ। त्यसैले आफ्नो अतीत वा वर्तमानका नचाहिने अर्थात् अनावश्यक कुराहरूका बारेमा पनि आफ्नो जीवनसाथीलाई जानकारी गराउनुपर्छ भन्ने पनि आवश्यक छैन। अनावश्यक कुरालाई उजागर गर्नु आवश्यक छैन न त तिनका बारेमा बुझ्न दबाब दिनु नै उचित हुन्छ।

प्रेम र आपसी सम्बन्धभन्दा माथि हरेक व्यक्तिको आफ्नो निजी परिस्थिति र व्यक्तिगत स्वतन्त्रता हुन्छ, जसलाई कुनै पनि अवस्थामा चोट पुऱ्याउने काम गर्नुहुँदैन। यस्तो स्थितिमा परिपक्व समझदारी विकसित गर्नु आवश्यक हुन्छ, एक-अर्काप्रति अटुट विश्वास राख्नुपर्ने हुन्छ। महान् चिन्तक-विचारक, कवि एवं चित्रकार खलिल जिब्रान भन्छन्– आपसी निकटताबीच कहिलेकाहीँ अन्तराललाई पनि छुट दिनु आवश्यक हुन्छ। एक-अर्कासित प्रेम त गर्नुपर्छ नै तर प्रेमलाई बन्धन बनाउनुहुँदैन। मिलेर नाच्नु, गाउनु, रमाउनुपर्छ तर आ-आफ्नो स्थानमा स्वतन्त्र रहनुपर्छ। त्यसरी नै जसरी विणाको प्रत्येक तार एक्लै रहेर पनि सुमधुर संगीतलाई जन्म दिन्छन्। एकसाथ उभिनुपर्छ तर धेरै नजिक भएर होइन, किनकि मन्दिरको स्तम्भ जहिले पनि एक-अर्काबाट केही दूरीमै हुन्छन्।

**– रोजिन शाक्य**

# भारतमा क्रिकेटरको लिलाम बढाबढ

भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) ले 'इन्डियन प्रिमियर लिग' क्रिकेटको थालनी गर्न निजी क्षेत्रका विभिन्न कम्पनीलाई क्लबहरूको बिक्री गरेपछि भारतले आफूलाई क्रिकेटको व्यापारीकरण गर्ने विश्वको अग्रणी राष्ट्रका रूपमा प्रस्तुत गरेको छ। अमेरिकी शैलीको यो लिलामीमा भारतका ठूला व्यापारिक घरानादेखि चर्चित अनुहारहरू समेतले विभिन्न क्रिकेट क्लब किनेका थिए।

क्लबको बिक्रीपश्चात् अहिले बीसीसीआईले आईपीएल खेल्ने क्लबमा खेलाडीको व्यवस्था गर्न भारतलगायत विभिन्न राष्ट्रका खेलाडीहरूको लिलाम बढाबढ प्रस्ताव अघि सारेको छ। प्रस्तावअनुसार गत साता आईपीएल क्लबका मालिकहरूले विभिन्न राष्ट्रका खेलाडीहरूलाई ठूलो रकम पारिश्रमिकस्वरूप दिने प्रस्ताव अघि सारेका छन्, जसमा उनीहरूले सर्वाधिक मूल्य दिने प्रस्ताव भारतका क्रिकेटर महेन्द्रसिंह धोनीलाई दिए। आईपीएलका लागि चेन्नईबाट खेल्नका लागि उनलाई १५ लाख डलरको प्रस्ताव राखिएको थियो। यसैगरी अस्ट्रेलियाका एन्ड्र्यु साइमन्डलाई हैदरावाद क्लबले १३ लाख ५० हजार डलर दिने प्रस्ताव राखेको थियो भने श्रीलंकाका सनथ जयसूर्यालाई हैदरावाद क्लबले ९ लाख ७५ हजार डलर तिर्ने प्रस्ताव राखेको थियो।

पहिलो चरणको क्रिकेट खेलाडी लिलाम बढाबढमा आईपीएलले विभिन्न राष्ट्रका ७७ खेलाडीको नाम सूचीकृत गरेको थियो, जसमा २५ जना भारतका, १३ जना अस्ट्रेलियाका, ११-११ जना श्रीलंका र दक्षिण अफ्रिकाका, ८ जना पाकिस्तानका, ५ जना न्यूजिल्यान्डका, ३ जना वेस्ट इन्डिजका एवं १ जना जिम्बाबेका छन्। यो लिलाम बढाबढमा खेलाडी किन्न बीसीसीआईले खेलाडीहरूलाई उनीहरूको क्षमताअनुसार विभिन्न समूहमा विभाजन गरेको थियो। जसमा 'ए' देखि 'डी' सम्मको विभाजनमा खेलाडीको क्षमता र उनीहरूको वर्तमान प्रदर्शनलाई आधार बनाइएको थियो। समूह 'ई' मा विकेटकिपरलाई समावेश गरिएको थियो भने समूह 'एफ' मा अलराउन्डर, समूह 'जी' मा ब्याट्सम्यान तथा समूह 'एच' मा बलरहरूलाई समावेश गरिएको थियो।

यो लिलाम बढाबढमा भारतका ५ जना खेलाडीलाई भने समावेश गरिएन। उनीहरूलाई अनुबन्ध गर्ने क्लबले सोही क्लबबाट सर्वाधिक पारिश्रमिक पाउने खेलाडीले भन्दा १५ प्रतिशत बढी दिने व्यवस्था गरिएको छ, जसमा मुम्बईबाट खेल्ने सचिन तेन्दुलकर, कोलकाताबाट खेल्ने सौरभ गांगुली, हैदरावादबाट खेल्ने युवराज सिंह, बैंगलोरबाट खेल्ने राहुल द्रबिड तथा दिल्लीबाट खेल्ने वीरेन्द्र सहवाग छन्।

यो लिलाम बढाबढमा केही खेलाडीले प्रतियोगिता अवधिभर र केही खेलाडीले निश्चित मितिमा मात्र खेल्ने व्यवस्था गरिए पनि यो विषयमा खेलाडीहरूले अहिलेसम्म कुनै किसिमको प्रतिक्रिया दिएका छैनन् तर पनि केही खेलाडीले आफ्नो मूल्य कम राखिएको गुनासो गरेका छन् भने केही खेलाडीले उक्त प्रस्तावलाई नकारेर प्रतियोगितामा सहभागी नहुने घोषणासमेत गरेका छन्।

बीसीसीआईले आईपीएलमार्फत अघि सारेको यो योजना महत्त्वकांक्षी भएको क्रिकेट विश्लेषकहरूले बताएका छन्। क्रिकेटका दर्शक सर्वाधिक भएका कारणले अहिले विभिन्न उद्योग प्रतिष्ठान र व्यापारीहरूले गरेको लगानी उठाएर फाइदा पनि गर्न सक्छन् तर यसले अन्तर्राष्ट्रिय क्षेत्रमा भारत क्रिकेट खेलका लागि भन्दा बढी क्रिकेटको व्यापार हुने थलोका रूपमा परिचित हुने अनुमान गरिँदैछ।




सर्वाधिक महँगो
महेन्द्रसिंह धोनी
भारत चेन्नई
१५ लाख डलर



एन्ड्र्यु साइमन्ड
अस्ट्रेलिया हैदरावाद
१३ लाख ५० हजार डलर



सनथ जयसूर्या
श्रीलंका मुम्बई
९ लाख ७५ हजार डलर



ब्रेट् ली
अस्ट्रेलिया मोहाली
९ लाख डलर



हरभजन सिंह
भारत मुम्बई
८ लाख ५० हजार डलर



एडम गिलक्रिस्ट
अस्ट्रेलिया हैदरावाद
७ लाख डलर



ब्रानडेन म्याकुलम
न्युजिल्यान्ड कोलकता
७ लाख डलर



कुमार संगाकरा
श्रीलंका मोहाली
७ लाख डलर



ज्याकोब ओराम
न्यूजिल्यान्ड चेन्नई
६ लाख ५० हजार डलर



रिक्कि पोन्टिङ
अस्ट्रेलिया कोलकता
४ लाख डलर

**कुन क्लब कतिमा बिक्री भयो ?**

| | |
|---|---|
| मुम्बई | ११ करोड १९ लाख डलर |
| बैंगलोर | ११ करोड १६ लाख डलर |
| हैदरावाद | १० करोड ७० लाख डलर |
| चेन्नई | ९ करोड १० लाख डलर |
| दिल्ली | ८ करोड ४० लाख डलर |
| मोहाली | ७ करोड ६० लाख डलर |
| कोलकाता | ७ करोड ५१ लाख डलर |
| जयपुर | ६ करोड ७० लाख डलर |

### आईपीएल के हो ?

आईपीएल अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) को प्राविधिक सहयोगमा बीसीसीआईले भारतमा सञ्चालन गर्न लागेको इन्डियन प्रिमियर लिग हो। आईपीएलअन्तर्गत विभिन्न क्लबलाई समावेश गरेर ट्वान्टी-२० क्रिकेट प्रतियोगिता सञ्चालन गरिनेछ।

आईपीएलले अमेरिकामा लोकप्रिय भएको फ्रान्चिस सिस्टम लागू गरेको छ। यो नियमअनुसार कुनै पनि क्लब वा देशका खेलाडीलाई निश्चित समय आफ्नो क्लबबाट खेलाउन पाउने वा ट्रान्सफर गर्न सकिनेछ। जसअन्तर्गत बीसीसीआईले जनवरी महिनामा भारतका केही क्लबलाई लिलाम बढाबढको शैलीमा बिक्री गरेको थियो। बीसीसीआईले यसमा करिब ४० करोड डलर बराबरको कारोबार हुने आशा राखेको थियो तर लिलाम बढाबढमा जाँदा ७२ करोड ३५ लाख ९० हजार डलरमा बिक्री भयो, जसमा मुकेश अम्बानीको रिलायन्स इन्डस्ट्रिजले मुम्बई क्लब, विजय माल्याको युनाइटेड ब्रेभरिजले बैंगलोर, डेकोन क्रोनिकलले हैदरावाद, इन्डिया सिमेन्टले चेन्नई, शाहरूख खान र जुही चावलाको रेड चिल्ली इन्टरप्राइजले कोलकाता, प्रीति जिन्टा र नेस वादियाले मोहाली क्लबलाई लाखौं डलरमा किनेका थिए। यसरी विभिन्न व्यापारिक गृह तथा व्यक्तिहरूलाई ८ वटा क्लबहरू बिक्री गरिएको थियो।

### सर्वाधिकारको व्यवस्था

भारतको गुडगाउँस्थित डिएलएफ रियल स्टेटले आईपीएल प्रतियोगिताको उपाधि आफ्नो नाममा किनेको छ। यो रियल स्टेटले ५ वर्षका लागि बीसीसीआईलाई ५ करोड डलर तिर्नेछ। आईपीएलअन्तर्गत सञ्चालन हुने ट्वान्टी-२० क्रिकेट प्रतियोगिताको टेलिभिजन प्रसारणको सर्वाधिकार सोनी इन्टरटेनमेन्ट टेलिभिजन नेटवर्क तथा सिंगापुरस्थित वर्ल्ड स्पोर्ट्स ग्रुपले लिएको छ। १० वर्षका लागि भएको यो करार अनुसार ९१ करोड ८० लाख डलर प्रसारणबापत तिर्नुपर्नेछ भने १० करोड ८० लाख डलर प्रतियोगिताको प्रचारप्रसार बापत तिर्नुपर्नेछ।

## स्तरभन्दा विज्ञापन बढी

इन्डियन प्रिमियर लिग (आईपीएल) को बजारमा भारतीय क्रिकेटरहरू छाएपछि यसले खेललाई भन्दा बढी दर्शकको समर्थनलाई प्राथमिकता दिएको प्रस्ट भएको छ। क्रिकेट खेलको लोकप्रियतामा विश्वमै पहिलो स्थानमा रहेको भारतले क्रिकेट खेलाडीको स्तरभन्दा पनि लोकप्रियताको आधारमा मूल्य तोकेको छ। ६ करोड भारतीय रुपैयाँमा बिक्री गरिएका भारतीय कप्तान महेन्द्र सिंह धोनी क्रिकेट इतिहासकै महँगा खेलाडी बने। भारतलाई ट्वान्टी-२० विश्वकपको उपाधि दिलाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका धोनीको खेल भन्दा पनि लोकप्रियताको आधारमा यो मूल्य तोकिएको कुरामा कुनै विवाद छैन। उनले यो सत्र चेन्नईका लागि खेल्ने भएका छन्।

विस्फोटक अस्ट्रेलियाली ब्याट्सम्यान एन्ड्र्यु साइमन्ड्सले दोस्रो स्थानमा रहँदै ५ करोड ४० लाख भारतीय रुपैयाँमा आफूलाई बिक्री गर्ने अवसर पाए। अस्ट्रेलियामा भर्खरै सम्पन्न टेस्ट श्रृंखलाको क्रममा भारतीय स्पिनर हरभजन सिंहसँग भएको विवादले आईपीएलमा कुनै नकारात्मक प्रभाव नपारेपछि उनी दोस्रो महँगा खेलाडी बने।

३८ वर्षको पाको उमेरका सनथ जयसूर्यालाई मुकेस अम्बानीको लगानी रहेको मुम्बईले ३ करोड ९० लाख भारतीय रुपैयाँ तिर्‍यो भने अस्ट्रेलियाका स्पिडस्टार ब्रेटलीको मूल्य ३ करोड ६० लाख भारतीय रुपैयाँ रह्यो। दक्षिण अफ्रिकी अलरान्डर ज्याक्स कालिसको मूल्य ३ करोड ६० लाख भारतीय रुपैयाँ नै रह्यो भने वेस्टइन्डिजका विस्फोटक प्रारम्भिक ब्याट्सम्यान क्रिस गेलको मूल्य ३ करोड २० लाख भारतीय रुपैयाँ कायम रह्यो। अन्तर्राष्ट्रिय क्रिकेटबाट संन्यास लिइसकेका अस्ट्रेलियाका विकेटकिपर ब्याट्सम्यान एडम गिलक्रिस्टको मूल्य २ करोड ८० लाख भारतीय रुपैयाँ रह्यो।

विश्व क्रिकेटमा नाम चलेका केही खेलाडीको मूल्य भने अस्वाभाविक रूपमा एकदमै कम रह्यो। यसरी कम मूल्य हुनेमा पाकिस्तानी मध्यक्रमका ब्याट्सम्यान मोहम्मद युसुफ रहे। त्यसैगरी वर्तमान क्रिकेट जगत्मा उत्कृष्ट ब्याट्सम्यान रिक्की पोन्टिङको मूल्य आश्चर्यजनक रूपमा १ करोड ६० लाख भारतीय रुपैयाँ मात्र रह्यो।

त्यसो त महँगा १० खेलाडीमध्ये ६ जना भारतीय रहनुमा सिंगो क्रिकेट संसारले आश्चर्य मानेको छ। अन्तर्राष्ट्रिय क्रिकेटमा नाम नचलेका मनोज तिवारी २ करोड ७० लाख भारतीय रुपैयाँमा दिल्लीमा अनुबन्ध भए भने मध्यक्रमका भारतीय ब्याट्सम्यान रोविन उथप्पा मुम्बईमा ३ करोड २० लाख भारतीय रुपैयाँमा अनुबन्ध भए। दिल्लीले गौतम गम्भीरका लागि २ करोड ९० लाख भारतीय रुपैयाँ तिरेर अस्ट्रलियाका पोन्टिङ र म्याथ्यु हेडनलाई पछि पार्‍यो।

त्यस्तै आश्चर्य बलरको हकमा पनि देखिएको छ। विश्व क्रिकेटकै उत्कृष्ट बलरको कोटीमा रहेका श्रीलंकाका चामिन्डा भासलाई भर्खरै अन्तर्राष्ट्रिय क्रिकेट खेल्न थालेका तीव्र गतिका भारतीय बलर इसान्त शर्माले धेरै नै पछि पारे। भासलाई हैदरावादले ८० लाख भारतीय रुपैयाँ तिर्‍यो भने दिल्लीले शर्मालाई ३ करोड ७० लाख भारतीय रुपैयाँ तिर्‍यो। त्यसैगरी जोगिन्दर शर्माले ९० लाख भारतीय रुपैयाँ पाएका छन्।

खेलाडीहरूको लिलाम बढाबढमा खेलबाहेक अन्य के कारणले यस्तो प्रभाव पार्‍यो भन्ने बहस अहिले विश्व क्रिकेटमा चलिरहेको छ। महेन्द्रसिंह धोनी भारतकै एक ब्रान्ड आइकन भएका कारण उनको मूल्य बढी भएको बताइन्छ। अहिले भारतीय विज्ञापन बजारमा धोनी, ऋत्तिक रोसन र अक्षयकुमारले समान मूल्य प्राप्त गरिरहेको विज्ञापन बजारसँग सम्बन्धित व्यक्तिहरूले जनाएका छन्।

यो लिगमा भारतीय खेलाडीको औसत मूल्य २ करोड १० लाख भारतीय रुपैयाँ छ भने विदेशी खेलाडीको औसत मूल्य १ करोड ४० लाख भारतीय रुपैयाँ छ। चेन्नईको इन्डिया सिमेन्ट, कोलकाता टिम मालिक साहरूख खान, हैदरावादका डेकोन क्रोनिकल, मुम्बईका रिलाइन्सले बारम्बार यस खालको गल्ती भने गर्नेछैनन् भन्ने कुरामा विदेशी खेलाडीहरू आशावादी छन्।



# धरान र मेघालयको आधिपत्य

धरान- पब्लिक उच्च मा.वि.को मैदानमा शनिबार सम्पन्न तीनदिने अन्तर्राष्ट्रिय आमन्त्रण दोस्रो बीपी कोइराला मेमोरियल सितोरियो कराँते च्याम्पियनसिपमा आयोजक टिम धरान तथा भारतको मेघालयले आधिपत्य कायम गरेको छ। पुरुषतर्फका खेलमा वर्चस्व कायम गर्दै धरान ५ स्वर्ण, ४ रजत र ४ कांस्यसहित कुल सर्वाधिक १३ पदकसहित पदक तालिकामा शीर्ष स्थानमा रह्यो। महिलातर्फ पकड कायम गरेको मेघालय ५ स्वर्ण र २ रजत पदकसहित दोस्रो स्थानमा रह्यो। सेमिफाइनलमा निकै शक्तिशाली देखिएको नेपाली सेना २ स्वर्ण, ५ रजत र ४ कांस्य पदकसहित तेस्रो स्थानमा धकेलियो। पूर्वाञ्चलले २-२ स्वर्ण, रजत र कांस्य पदक जित्यो। सिक्किमले १ स्वर्ण, २ रजत र ४ कांस्य पदक हात पार्‍यो।

कमजोर खेल प्रदर्शन गरेका विदेशी टिमहरू बंगलादेश, भुटान, श्रीलंका तथा भारतको आसामका कुनै पनि खेलाडी फाइनलमा पुग्न सकेनन्। सेमिफाइनलसम्मको यात्रा तय गरेका बंगलादेशी खेलाडीले ६ कांस्य, भुटानले ४ कांस्य, आसामले ३ कांस्य र श्रीलंकाले २ कांस्य पदक प्राप्त गरे। प्रतियोगिताको अंक तालिकामा पहिलो, दोस्रो र तेस्रो भएका क्रमशः धरानलाई १५ हजार, मेघालयलाई १० हजार र नेपाली सेनाले ५ हजार रुपैयाँ नगद पुरस्कार तथा ट्रफी प्रदान गरिएको थियो। सर्वोत्कृष्ट खेलाडी घोषित महिलातर्फकी अनिदहुन मेरी वर्जरी मेघालय र पुरुषतर्फका निर्मल श्रेष्ठ धरानले नगद ५-५ हजार रुपैयाँ तथा ट्रफी प्राप्त गरे।

महिलातर्फको कुमुते तथा कातामा ३ एकल र एक समूहगतसहित कुल ४ स्वर्ण जितेकी मेघालयकी लिन्जा फेन्नी सेइम प्रतियोगिताकै प्रमुख आकर्षण बनिन्। सोतोकान कराँतेकी वर्ल्ड जुनियर च्याम्पियन तथा सागमा कांस्य पदक जितिसकेकी लिन्जाले कुमुतेतर्फ ५३ किलोग्राम र खुला तौल समूहमा तथा एकल काता र महिला टिम कातामा स्वर्ण जितेकी हुन्। मेघालयलाई अनिदहुन मेरी वर्जरीले महिला ४८ किलोग्राम तौल समूहमा स्वर्ण दिलाइन्। महिलातर्फको ६ मध्ये ५ स्वर्ण मेघालयले कब्जा गर्‍यो। मेघालयकी बासुक्लिन रीनालाई रोमाञ्चक खेलमा पराजित गर्दै डिना राईले ४३ किलोग्राम तौल समूहमा सिक्किमका निम्ति एकमात्र स्वर्ण जितिन्।

**-राजु घिसिङ**

## युवा विश्वकप क्रिकेट

# प्लेट च्याम्पियनको बाटोमा नेपाल



१९ वर्षमुनिको विश्वकप क्रिकेट प्रतियोगिताको प्लेट च्याम्पियन नेपालसामु आफ्नो उपाधि रक्षा गर्नुपर्ने चुनौती आएको छ। मलेसियामा भैरहेको १९ वर्षमुनिको विश्वकप क्रिकेट प्रतियोगितामा नेपालले नामिबियालाई प्लेट च्याम्पियनसिपको सेमिफाइनलमा ४ रनले पराजित गर्दै आफ्लाई फाइनलमा पुर्‍याएको हो। अब शनिबार नेपालले वेस्ट इन्डिजसँग प्लेट च्याम्पियन उपाधिको लागि प्रतिस्पर्धा गर्नेछ।

पछिल्लो पटक सम्पन्न १९ वर्षमुनिको विश्वकप क्रिकेट प्रतियोगिताको प्लेट च्याम्पियन रहेको नेपालले यसपटक आफ्नो स्तरमा सुधार गर्ने आशा राखेको थियो। छनौट समितिदेखि नेपालले गरेको तयारीलाई विश्लेषण गर्दै आएका खेल पण्डितहरूले समेत प्लेट च्याम्पियनको समूहबाट नेपाल माथि उठ्ने आशा गरेका थिए, तर नेपालले आफ्नो सुरुका प्रतिस्पर्धाहरूमा निकै फितलो प्रदर्शन गर्‍यो, जसका कारण नेपालले आफूलाई पुनः प्लेट च्याम्पियनसिपको पुलमा खेल्नुपर्ने बनायो।

समूह 'सी' मा परेको नेपालले आफ्नो पहिलो दुई खेलमा लज्जाजनक पराजयको सामना गर्नुपरेको थियो। ब्याटिङ पक्ष कमजोर रहेको नेपाली टिम अस्ट्रेलियासँग ९६ रनले, श्रीलंकासँग ६१ रनले पराजित भएको थियो। आफ्नो समूहको अन्तिम खेलमा नेपालले नामिबियालाई ३ रनको झिनो अन्तरले पराजित गरेर प्लेट च्याम्पियनको यात्रा तय गरेको थियो।

लिग चरणका खेलमा आफूलाई खासै बलियो प्रतिस्पर्धीका रूपमा प्रस्तुत गर्न नसकेको नेपालले प्लेट च्याम्पियनसिपको खेलमा जिम्बाबेलाई पराजित गरेर एक पटक सनसनी भने मच्चायो। पछिल्लो संस्करणको प्रतियोगितामा सिनियर टिमको विश्वकप क्रिकेट प्रतियोगिता खेल्ने दक्षिण अफ्रिकालाई पराजित गरेको नेपालले यसपटक यस्तै किसिमको सफलता जिम्बाबेविरुद्ध पायो। प्लेट च्याम्पियनसिपको पहिलो खेलमा नेपालका युवा खेलाडीहरूले जिम्बाबेलाई ९९ रनको विशाल अन्तरले पराजित गर्न सफल भएका थिए। सफलता नेपालको पोल्टामा आए पनि उक्त खेलमा पनि नेपाली ब्याट्सम्यानहरूले शतक त के अर्धशतकसमेत बनाउन सकेनन्। उक्त खेलमा नेपालको तर्फबाट सर्वाधिक ४० रन पुष्प थापाले आफूलाई नटआउट राखेर बनाएका थिए, तर बलिङ पक्ष बलियो भएका कारण नेपाल सिनियर विश्वकप खेल्ने राष्ट्का समकक्षीहरूलाई ५९ रनमै अल आउट गर्न सफल भयो।

प्लेट च्याम्पियनको फाइनलको यात्रा गर्ने क्रममा नेपालले पहिलो चरणको लिग प्रतियोगितामा पराजित गरेको नामिबिया पुन उपस्थित भएको थियो। पहिलो चरणको खेलमा नेपाललाई चुनौती दिएको नामिबियाले यसपटक पनि सम्मानजनक पराजयको सामना गर्‍यो। गत मंगलबार भएको खेलमा टस जितेर पहिले ब्याटिङ गर्न उत्रिएको नेपालले निर्धारित ३४ ओभरको खेलमा ८ विकेट गुमाउँदै १ सय ४३ रनको योगफल खडा गर्‍यो, जसमा नेपाली टिमका कप्तान पारस खड्काले अविजित ४४ रनको योगदान गरेका थिए। १ सय ४५ रनको विजय लक्ष्य लिएर प्रतिउत्तरमा उत्रिएको नामिबियाले ९ विकेट गुमाउँदै १ सय ३९ रन मात्र बनाउन सकेको थियो।

प्लेट च्याम्पियनसिपमा नेपालले पाएको यो सफलताले नेपाली यु-१९ टिमको स्तरमा स्थायित्व देखाउने प्रयास गरेको छ। यदि नेपालले प्लेट च्याम्पियनको उपाधि नै हात पार्‍यो भने पनि यसलाई न त उन्नति भन्न सकिन्छ, न त अवनति नै। यो विश्वकपमार्फत नेपालको आफ्नो हैसियत नवौंदेखि एघारौं स्थानमा राख्ने पक्का देखिएको छ। अत्यन्त खराब सुरुवात गर्दै मलेसियाको पिचमा उत्रिएका नेपाली युवाहरूले दुई साताको बीचमा नै आफ्ना निराश समर्थकहरूलाई खुसी फिर्ता गर्न सफल भएका छन्।


गत विश्वकपका हरेक प्रतियोगितामा टेस्ट मान्यताप्राप्त राष्ट्लाई पराजित गर्दै सनसनी फैलाएको नेपाल यसपटक यस कुरामा असफल रह्यो। प्लेट च्याम्पियनसिपको फाइनलमा सफलता पाए नेपालका लागि यो प्रतियोगिताको सर्वोतम उपलब्धि हुनेछ।

यस पटकको प्रतियोगितामा नेपालका खेलाडीहरूको ब्याटिङ पक्षभन्दा बलिङ बलियो देखियो। प्रारम्भिक ब्याट्सम्यान महेश क्षेत्री फाटफुट सफल देखिए भने अनपेक्षित रूपमा तल्लो क्रमका ब्याटसम्यान राहुल विश्वकर्मा र पुष्प थापाले पनि आफूलाई अन्य नेपाली ब्याट्सम्यानको तुलनामा कमजोर सावित हुन दिएनन्।

बलिङ पक्षमा अस्ट्रेलिया र श्रीलंकाबाहेक अन्य कुनै पनि टिमले नेपाल विरुद्धमा १ सय ७० रनको आँकडा पार गर्न नसक्नु पक्कै पनि ठूलो सफलता हो। अस्ट्रेलियाजस्तो बलियो टोलीलाई ५० ओभर मैदानमा टिक्न नदिनु पनि नेपालको सफलता नै मान्नुपर्छ।

## प्रसंग कतिपय





विक्रम राई

उहिले चलाख खालका पिताहरू आफ्ना दुई छोरामध्ये एक राणाका अनुयायी र अर्को शाहहरूको चाकडीबाज बनाउन लागिपर्थे। पछि गएर उनीहरू एक छोरा राजावादी र अर्को प्रजातन्त्रवादी बनाउन हौसिए। त्यसपश्चात् एक छोरा प्रजातन्त्रवादी र अर्को साम्यवादी हुँदै लोकतन्त्रवादी र गणतन्त्रवादीसम्म आई किताकाट भैरहेको बेलामा अहिले आएर एक छोरो पेट्रोल वा डिजेलवादी र अर्को मट्टीतेल वा ग्याँसवादी बनाउनुपर्ने भएको छ। अहिले अभावको चरम यातनाले पिल्सिएका उपभोक्ताहरूलाई दैनिकी चलाउन गाह्रै भएको छ। जोर र बिजोर नम्बरको पालो सिस्टममा पनि सोर्स-फोर्सवालाहरूले मात्र गाडी र चुलो सहज रूपमा चलाउन सकेका छन्। केही दिनको पैदलयात्राले स्वास्थ्यलाई टेवा नै देला, तर चुलो जलेन भने ब्याकअपका रूपमा शरीरको बोसोलाई इन्भर्टर बनाउन मिल्दैन। मट्टीतेल र ग्याँसको सट्टा दाउरा बाले सहरका घरपट्टीको किचकिच त छँदैछ, त्यसमा पनि मुर्दा जलाउन बल्ल-बल्ल मात्र दाउराको जोगाड गर्न सक्ने वातावरणमा भुँडीपुजन एक विचारणीय समस्या बनेको छ।

पदीय वृद्धि भएको देशमा आयलबिनाको आयल निगमका कर्मचारीहरूले भनेझैं पल्लो खोलाको पानी ल्याएर सहज वितरण गर्न नसक्ने सरकारले अर्काको देशबाट आयात गरी त्यो पनि सस्तोमा कसरी तेल बाँड्न सक्ला भनी प्रश्न तेर्स्याउनु उपभोक्ताहरूलाई तर्साउनु हो। त्यसो त राजधानीको ठूला-ठूला नर्सिङ होम र हस्पिटलमा अक्सिजनको अभाव हुने अवस्थामै हल्ला-खल्ला हुन्छ, जबकि हाम्रा गाउँघरमा सिटामोल र जीवनजल नपाई मृत्युको मुखमा पुग्नुपर्ने बाध्यता छ। कहिले कर्णाली त कहिले विकट पहाडी तथा हिमाली जिल्लाहरूमा खाद्यान्नको अभाव हुँदा रत्तिभर नदुख्ने हाम्रो मन यस पटकको ग्याँस, पेट्रोल, मट्टीतेल र डिजेलको अभावमा दुखेको छ, किनभने दैनिकी यसमा निर्भर छ। लोडसेडिङको चर्को विरोध गर्नेहरूले अहिले एक्काइसौं शताब्दीमा पनि हाम्रा गाउँघरहरू विद्युतविहीन भएको अवस्थामा गोहीको दुई थोपा आँसु खसालिदिए पनि त्यो समावेशी आँसु हुने थियो। यही अभावका कारणले पठनपाठन अवरुद्ध भएकोमा चिन्ता गर्नेहरूले हाम्रा हजारौं बालबालिका गरिबी र भोकमरिका कारणले पढ्नबाट वञ्चित भएकोमा चिन्तित देखिएको कमै पाइएको छ।

भन्ने नै हो भने छयालीसको प्रजातन्त्रअघि भारतले नाकाबन्दी गर्दा हवाईजहाजबाट तेल ओसार्न पछि नपर्ने पञ्चायती शासकहरूले (जो अहिले नेपालमा नचल्ने पाँच सय रुपियाँको भारु नोटसरह भएका छन्) दाउपेचका पाठशाला खोलिदिए नेपाली जनताले अहिलेका सात दलीय नेताहरूलाई त्यहाँ निःशुल्क भर्ना गरिदिनुपर्ने हो। नुनको अभाव हुँदा नुन नखाई कोही मर्दैनन्। नेपाल रहे नै हामी सबै नेपाली रहन पाउँछौं, तसर्थ अहिलेको अभाव हट्दैमा हामीले यो समस्यालाई भुलिहाल्नु हुँदैन। यसको समाधानका लागि दूरगामी योजना बनाई त्यसको सफल कार्यान्वयन आवश्यक छ। यसका निम्ति पहाडैपहाडबाट सुरुङ वा सडक निर्माण गर्ने वा पूर्वी-उत्तरी हिमालदेखि पश्चिम-उत्तर हिमालसम्म रोपवे निर्माण गरेर होस् वा चीनसितका थुप्रै नाका खोलेर होस्– समस्याको दीर्घकालीन निकास खोज्नैपर्छ। हुनत शरीरको मुटुमा रोग लागेपछि अत्तालिनु र डराउनु स्वाभाविक हो, तर मात्र मुटुको हेरचाह गर्ने ध्याउन्नमा शरीरको अन्य भागमा ध्यान नपुग्दा त्यसले पनि क्यान्सरको रूप पनि लिन सक्छ। शरीरको यो विज्ञान र दर्शन मुलुकका लागि विचारणीय हुन सक्छ।

prasangakatipaya@hotmail.com

# काठमाडौंकी मिस टिन

**रोजिन शाक्य**

वर्तमान परिस्थितिमा नेपालका राजनीतिकर्मीहरूलाई तपाईं के-कस्तो सुझाव दिनुहुन्छ भन्ने निर्णायक प्रश्नको उत्तरमा कुनै पनि निर्णय हाम्रो देशलाई आफ्नो घर र यहाँका जनतालाई आफ्नो परिवार सम्झेर गर्नुपर्छ र ती निर्णयले देशलाई विकासको बाटोमा अग्रसर गराई सम्पूर्ण विश्वसामु समुन्नत नेपालको परिचय दिन मद्दत मिलोस् सुझाव दिन चाहन्छु' भन्ने जवाफ दिएर सिनामंगल निवासी १८ वर्षीया प्रवीणा केसीले गत शनिबार अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा सम्पन्न प्वाइन्ट लाइन मिस टिन काठमाडौं २०६४ को ताज पहिरिन्। प्रविनाले शीर्ष उपाधिका अतिरिक्त नगद पुरस्कार रु. ५ हजारसहित मिस फ्रेन्ड्लीको उपाधि पनि हात पारिन। यसैगरी प्राशना राईले फस्ट रनरअप र प्रीतिका केसीले सेकेन्ड रनरअपको उपाधिमा कब्जा जमाए।



मुभी हाउसको आयोजनामा सम्पन्न मिस टिन काठमाडौं प्रतियोगितामा २३ जना टिनएजरको सहभागिता थियो। अनिला श्रेष्ठको कोरियोग्राफीमा सञ्चालित प्रतिस्पर्धामा रातो र कालो रंगको सम्मिश्रणमा तयार पारिएको आधुनिक बेहुलीको पहिरनमा प्रस्तुत भएकी रोना तण्डुकारले बेस्ट ड्रेसको उपाधि हात पारिन्। परिचयात्मक बेस्ट ड्रेस, उत्कृष्ट १५ र उत्कृष्ट ६ गरी चरणबद्ध रूपमा अघि बढेको यो प्रतिस्पर्धालाई मनोरञ्जनपूर्ण बनाउन द ड्रिम्स ब्यान्डको लाइभ प्रस्तुतिका साथमा जितु नेपाल, गोपाल नेपाल 'फिस्टे' तथा महादेव त्रिपाठीका हास्यप्रस्तुतिका अतिरिक्त प्रमोद खरेल, रवीन्द्र श्रेष्ठका गीतका साथमा केही आकर्षक नृत्य पनि समेटिएका थिए।

# अनु भइन् मिस टिन पोखरा



तस्बिर : सञ्जय शाक्य

पोखरा- आयुष श्रेष्ठ र प्रीति गुरुङको उद्घोषणसँगै कार्यक्रमको पर्दा उघारियो। कलकलाउँदा टिन सुन्दरीहरू लस्करै डोनाज बुटिकले तयार पारेको साडीको पहिरनमा स्टेजमा प्रकट भए। पालैपालो सुन्दरीहरूले आफ्नो परिचय दिए। सुरुदेखि नै एक नम्बरकी प्रतिस्पर्धीको पक्षमा हुटिङ गर्नेहरूको झुन्ड बाक्लै थियो। गोरी, मिलेको जीउडालकी ती प्रतिस्पर्धी थिइन्– अनु ढकाल। परिचय राउन्डदेखि नै आफ्नो खुबी तथा आत्मविश्वासको परिचय दिइसकेकी अनुले यो वर्षको मिस टिन पोखरा-२००८ को उपाधि चुम्न त्यति ठूलो कसरत गर्नुपरेन।

टप फाइभ चरणमा पुगेका अनुसँगै रेखा पुरी, सविता गुरुङ, शर्मिला थापा एवं लजिना गुरुङलाई निर्णायक दीपेन्द्र श्रेष्ठले एउटै लिखित प्रश्न सोधेका थिए। मुलुकमा शान्ति कसरी कायम गराउन सकिन्छ ? भन्ने निर्णायकको प्रश्नमा अनुले फुटेर होइन जुटेर सबैले एक-आपसमा सद्भाव कायम गर्न सके मुलुकमा दिगो शान्ति कायम हुन सक्ने उत्तर अनुले दिएकी थिइन्। दर्शकको अनुमान र निर्णायकका प्रश्नहरूको सही जवाफ दिँदै अनुले आफ्ना १२ जना प्रतिस्पर्धीलाई पछाडि पार्दै १० हजार राशिसहित मिस टिन पोखराको क्राउन पहिरिइन्।

रवीन्द्र बज्राचार्यको कोरियोग्राफी रहेको प्रतियोगितामा आत्मविश्वासी र अब्बल क्षमताकी १८ वर्षीया शर्मिला थापा फस्ट रनर अप बनिन्। लिटिल स्टेप स्कुलमा प्लस टुकी छात्रा शर्मिलाको पक्षमा हुटिङ गर्नेहरूको हूल पनि बाक्लै देखिन्थ्यो। शर्मिलाले मोस्ट चार्मिङको टाइटल पनि जितिन्। प्रतियोगितामा वाक कलामा निपुण १९ वर्षीया सविता गुरुङ सेकेन्ड रनर अप बनिन्।

द राइट आर्म इन्टरनेसनल प्रा.लि.ले गरेको प्रतियोगितामा दर्शक रोजाइको क्राउन भारती गुरुङले जितिन्। प्रतियोगितामा रीता गुरुङले बेस्ट पर्फमेन्स र बेस्ट स्माइल, रेखा पुरी बेस्ट युनिक, अनिता पुन क्याटवाक, शान्ति आचार्य डिसिप्लिन, उपमा प्रधान फ्रेन्डली, लक्ष्मी गुरुङ पर्सानालिटी तथा अस्मिता गुरुङले बेस्ट डान्सरको टाइटल पाएका थिए।

**–शिव शर्मा**

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ८०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया,** निर्देशक : **विनोदराज ज्ञवाली, स्वस्तिका सिरोहिया,** सम्पादक : **सुवास ढकाल।**